साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

वेबसाइट: www.sanghunews.com

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १७२औं दिन

वर्ष ४३, अंक ३९, २०८२, फागुन १८ गते, सोमबार (MAR. 02, 2026) मूल्य रू. १०।-


## ओली-बालेन निर्णायक टक्कर !
## तीन उम्मेदवारमा ध्यान केन्द्रित निर्वाचन

**दमक । अहिलेको निर्वाचन मुख्यतः केपी शर्मा ओली, बालेन शाह र गगन थापाको हार–जितमा केन्द्रित देखिन्छ । यीमध्ये दुई प्रभावशाली पात्र झापा क्षेत्र नं. ५ मा आमनेसामने भएकाले त्यहाँको प्रतिस्पर्धाले राष्ट्रिय राजनीतिक दिशा निर्धारण गर्ने संकेत दिएको छ ।**

राजनीतिक गणितअनुसार, यदि सर्लाहीमा गगन थापा र झापामा केपी ओली विजयी भए भने पुरानो राजनीतिक समीकरण पुनः स्थापित हुने सम्भावना बलियो रहनेछ, जसलाई गणतन्त्रवादी शक्तिको निरन्तरताका रूपमा हेरिनेछ ।

**नयाँ समीकरणको सम्भावना**

यसको विपरीत, यदि झापा-५ मा बालेन शाह र सर्लाही-४ मा अमरेश कुमार सिंह विजयी भए भने देशमा पूर्णतः नयाँ राजनीतिक समीकरण उदय हुन सक्छ ।

त्यस्तै, झापामा बालेन र सर्लाहीमा गगन विजयी भएको अवस्थामा मिश्रित समीकरण बन्नेछ, जसले सरकार गठन प्रक्रिया जटिल बनाउन सक्छ । यस्तो संवेदनशील घडीमा राज्यका स्थायी अङ्गहरूको भूमिका झन् चुनौतीपूर्ण बन्ने आकलन गरिएको छ ।

**झापा–५: रणनीति र घरदैलो अभियान**

झापा-५ मा बालेन शाहले आक्रामक



चुनावी अभियान सुरु गरेका छन् । उनले आफ्नी श्रीमतीसहितको ससुराली टोलीलाई निरन्तर घरदैलोमा परिचालन गर्दै जनताका समस्या सुन्ने र समाधानको प्रतिबद्धता व्यक्त गरिरहेका छन् ।

अर्कोतर्फ, केपी ओलीले आफूले गरेका विकास निर्माणका कामको फेहरिस्त प्रस्तुत गर्दै 'मर्दा-पर्दाको स्थानीय साथी' का रूपमा आफूलाई स्थापित गर्न खोजेका छन् । विगतमा अन्य क्षेत्रलाई बढी समय दिने ओली यसपटक झापामै केन्द्रित हुनु प्रतिस्पर्धा कडा भएको संकेत मानिएको छ ।

**ओलीका सम्भावित रणनीतिक चाल**

यदि नतिजा प्रतिकूल देखिएमा ओलीले निम्न रणनीतिहरू प्रयोग गर्न सक्ने आकलन गरिएको छः राप्रपा र स्वतन्त्रसँग तालमेलः राजेन्द्र लिङ्गदेनसँग सहकार्यलाई निरन्तरता दिँदै स्वतन्त्र उम्मेदवारहरूसँग भित्री समझदारी गर्ने प्रयास ।

कांग्रेसभित्रको असन्तुष्टि प्रयोगः शेरबहादुर देउवा पक्ष र गगन थापासँग असन्तुष्ट कार्यकर्तालाई आफ्नो पक्षमा तान्ने प्रयास । वामपन्थी मत जोगाउने रणनीतिः राष्ट्रिय स्वतन्त्र पार्टीतर्फ सर्ने मत रोक्ने र वाम मत विभाजन हुन नदिने प्रयास ।

दुर्गा प्रसाईंको सहयोगः दुर्गा प्रसाईंको प्रभाव आवश्यक परेमा उपयोग गर्ने सम्भावना । (बाँकी पृष्ठ ८ मा)

## नेपालको निर्वाचन र भूराजनीतिक चक्रव्यूह
## विदेशी 'इलेक्सन इन्जिनियरिङ'को संकेत ?

**काठमाडौं । नेपालको राजनीति आसन्न निर्वाचन नजिकिँदै गर्दा झन् पेचिलो बन्दै गएको छ । हरेक दिन सम्भावित नतिजाका प्रक्षेपणहरू फेरिइरहेका छन् । यसैबीच बीबीसीद्वारा तयार पारिएको एक डकुमेन्ट्री सार्वजनिक भएपछि त्यसले निर्वाचनमा असर पार्न सक्ने भन्दै निर्वाचन आयोगले यसको प्रसारण तथा प्रकाशनमा रोक लगाएको छ । यस घटनाले कम्तीमा दुईवटा सम्भाव्यताको संकेत गरेको देखिन्छ ।**

**१. नयाँ शक्तिलाई उभार्ने रणनीति ?**

पहिलो सम्भावना, उक्त डकुमेन्ट्रीमार्फत पुरानो सत्ताको कमजोरी उजागर गरी नयाँ दलहरूको वर्चस्व स्थापित गर्ने प्रयास हुन सक्छ । २०८२ भदौ २३ र २४ (सेप्टेम्बर २०२५) का घटनाहरू–टिकटक र फेसबुकजस्ता सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धपछि 'डिजिटल पुस्ता' सडकमा उत्रिएको विद्रोह-अझै जनमानसमा ताजा छन् ।

ती डिजिटल प्लेटफर्मसँग जोडिएका वैदेशिक स्वार्थ समूहहरूले नयाँ पुस्तालाई प्रयोग गर्दै चुनावी माहोल प्रभावित पार्न खोजेको आशंका पनि उठेको छ । निर्वाचनको पूर्वसन्ध्यामा डकुमेन्ट्री सार्वजनिक हुनु संयोग मात्र नभई योजनाबद्ध रणनीति हुनसक्ने विश्लेषण भइरहेको छ ।

**२. त्रास सिर्जना गरेर मत प्रभावित गर्ने प्रयास ?**

दोस्रो सम्भावना, नयाँ शक्तिको प्रभाव पर्याप्त नदेखिएपछि २०८२ भदौ २३-२४ का हिंसात्मक घटनाहरू पुनः स्मरण गराएर मतदातामा मनोवैज्ञानिक दबाब सिर्जना गर्ने रणनीति हुन सक्छ ।

निर्वाचनको मुखमा यस्तो सामग्री प्रसारण हुनु देश विदेशी प्रभावमा सञ्चालित छ भन्ने सन्देश दिन खोजिएको प्रयास पनि हुन सक्छ । तर, यसको उल्टो असर पनि सम्भव छ–मतदाताले पुराना दललाई पुनः अवसर दिने मनोविज्ञान पनि बलियो बन्न सक्छ ।

**'निर्वाचन षड्यन्त्र' र सूचना युद्ध**

राजनीतिमा 'झभिअतष्यल ऋयलकउष्चबअथ' भन्नाले बाह्य वा आन्तरिक शक्तिले सूचना युद्ध (Information Warfare), मनोवैज्ञानिक अपरेसन (Psy-ops) र डिजिटल मेनिपुलेसनमार्फत जनमतलाई प्रभावित पार्ने रणनीतिलाई जनाउँछ ।

यसको उद्देश्य स्थापित सत्ताको वैधता कमजोर बनाउँदै आफ्ना स्वार्थअनुकूल सरकार निर्माण गर्नु हो । साना राष्ट्रहरूमा यो रणनीति 'Soft Power' को आवरणमा डकुमेन्ट्री, सामाजिक सञ्जाल ट्रेन्ड र युवा आक्रोशमार्फत प्रयोग गरिन्छ ।

**विश्वव्यापी उदाहरण**


अमेरिकाको २०१६ र २०२० को निर्वाचनमा रुस र चीनले 'बोट' एकाउन्टमार्फत मतदाता विभाजन गरेको आरोप लागेको थियो । बीबीसीले चुनावको मुखमा "Trump: A Second Chance ?" जस्ता वृत्तचित्र प्रसारण गर्नु पनि कतिपयले चुनावी मनोविज्ञान प्रभावित पार्ने रणनीतिका रूपमा व्याख्या गरेका छन् । त्यस्तै बङ्गलादेश र केन्यामा २०२४ मा देखिएको युवा (Gen-Z) विद्रोह र नेपालको भदौ २४ को आगजनी घटनाबीच समानता देख्ने विश्लेषण पनि भइरहेका छन् ।

**शान्ति प्रक्रियादेखि 'सूक्ष्म व्यवस्थापन'**

नेपालमा विदेशी 'Micro–management' को जरो शान्ति प्रक्रियादेखि नै बलियो भएको तर्क गरिन्छ । United Nations Mission in Nepal -UNMIN को आवरणमा भित्रिएका विदेशी सल्लाहकारहरूले सुरक्षा र प्रशासनिक संरचनाको गहिरो अध्ययन गरेको दाबी गरिन्छ ।

आजको युवा असन्तोष-आर्थिक निराशा, बेरोजगारी र पलायनलाई समेत रणनीतिक ' Economic Tool' का (बाँकी पृष्ठ ८ मा)

### प्रचण्डको चाल : ओली हारेपछिको सपना...!



*काठमाडौं । नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई चुनावी रूपमा कमजोर बनाउने रणनीतिमा सक्रिय देखिएको चर्चा छ । ओली हारुन् भन्ने चाहना मात्र होइन, जिते पनि एमाले कमजोर होस् भन्ने सोचमा प्रचण्ड रहेको एमाले स्रोतको दाबी छ ।*

*यही कारणले प्रचण्डले एमालेलाई प्रत्यक्ष रूपमा साथ नदिने लाइन लिएको बताइन्छ । यद्यपि, माओवादीभित्र सबै एकमत छैनन् । कृष्णबहादुर महरालगायत केही नेताहरू एमालेलाई सहयोग गरेर जानुपर्ने धारमा रहेको चर्चा छ । तर प्रचण्ड र माधव नेपाल भने कडा रूपमा दूरी कायम गर्ने पक्षमा देखिएको स्रोतको भनाइ छ ।*

***'भारतीय लाइन'को आशंका ?***

*एमाले वृत्तमा प्रचण्डले बाह्य दबाबअनुसार एमालेमाथि राजनीतिक दबाब बढाएको हुन सक्ने आशंका पनि व्यक्त गरिएको छ । राष्ट्रियसभा चुनावमा भइसकेको सहमति अन्तिम समयमा प्रचण्डले उल्ट्याएको घटनालाई एमाले नेताहरू उदाहरणका* (बाँकी पृष्ठ ८ मा)

## लालकिल्लामा यस पटक बेग्लै भिडन्त

काठमाडौं । आसन्न प्रतिनिधिसभा निर्वाचनमा एमाले अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह झापा क्षेत्र नं. ५ बाट आमनेसामने छन् । कसले बाजी मार्ला भन्ने बहस देशभित्र मात्र होइन, देश बाहिरसम्म चासो र चर्चाको विषय बनेको छ ।

यस क्षेत्रमा नेपाली कांग्रेसकी मन्धरा चिमोरिया पौडेल, नेकपाका रन्जित तामाङलगायत दुई दर्जनभन्दा बढी उम्मेदवार मैदानमा छन् । तर, चुनावी प्रतिस्पर्धा मुख्यतः ओली र बालेनबीच सीमित देखिन्छ । काठमाडौं महानगरपालिकाको मेयर रहेका शाहले आफ्नो आधार क्षेत्र छाडेर एमाले अध्यक्ष ओलीको 'लालकिल्ला' मानिने झापाबाट उम्मेदवारी दिनु चासोको विषय बनेको छ । यसको भित्री कारण भू-राजनीतिक हुन सक्ने विश्लेषण हुँदै आएको छ ।

तेस्रोपटक प्रधानमन्त्री भएपछि ओलीमाथि भारत र अमेरिकालाई चिढाउँदै चीन र रुसतिर ढल्किएको आरोप लाग्दै आएको छ । त्यसैकारण उनलाई आफ्नै पकड क्षेत्रमा पराजित गराएर राष्ट्रिय राजनीतिमा कमजोर बनाउन अन्तर्राष्ट्रिय चासोसमेत रहेको चर्चा चल्ने गरेको छ ।

एमालेको गढमै पुगेर रास्वपाले उम्मेदवारी दिनु शक्ति-प्रदर्शन र वैकल्पिक नेतृत्वको सन्देश दिनु रहेको विश्लेषण छ । ठूला दलविरुद्धको असन्तुष्ट मत तान्ने रणनीतिका रूपमा पनि यसलाई हेरिएको छ । झापा एमालेको परम्परागत प्रभाव क्षेत्र भएकाले त्यहाँबाट उम्मेदवारी दिएर रास्वपाले राष्ट्रिय नेतालाई बढारेर आफूलाई स्थापित (बाँकी पृष्ठ ८ मा)

## रौतहट-१ मा माधवको 'कठिन परीक्षा'
### संगठन कमजोर, समीकरण अनिश्चित



काठमाडौं । नेकपा एकीकृत समाजवादीलाई माओवादी केन्द्रसँग एकीकरण गरेपछि सह-संयोजकको भूमिकामा पुगेका माधवकुमार नेपाल अहिले चुनावी मैदानमा छन् । तर, यसपटकको प्रतिस्पर्धा उनका लागि सहज देखिँदैन । पार्टीभित्रको असन्तुष्टि, नेताहरूको पलायन, संगठन विस्तारमा सुस्तता र पतञ्जली जग्गा प्रकरणमा परेको मुद्दाले नेपालको राजनीतिक छवि र मनोबल दुवै प्रभावित भएको चर्चा छ । आधाभन्दा बढी नेता-कार्यकर्ता माओवादी केन्द्रतर्फ गइसकेपछि संगठनात्मक आधार कमजोर भएको विश्लेषण गरिएको छ ।

**रौतहट–१ मा कडा प्रतिस्पर्धा**

विभिन्न स्रोतका अनुसार, रौतहट-१ मा नेपाललाई जित निकाल्न निकै कठिन देखिएको छ । अघिल्लो निर्वाचनमा जित हात पारेका कारण यसपटक पनि सहज हुने अनुमान थियो । त, परिस्थिति बदलिएको छ । लोसपा छाडेर कांग्रेस प्रवेश गरेका अनिल झाले नेपाललाई सशक्त चुनौती दिएका छन् । स्थानीय प्रभाव, जातीय समीकरण र कांग्रेसको संरचनागत सहयोगले झाको पकड बलियो बन्दै गएको देखिन्छ । एमालेका उम्मेदवार पनि कम चुनौतीपूर्ण छैनन् ।

विश्लेषकहरूका अनुसार मधेशी बाहुन र पहाडी बाहुन (बाँकी पृष्ठ ८ मा)

## पार्टीभित्र प्रचण्डको अस्थिरता हंगामा ?

काठमाडौं । एकसय पैसठ्ठी निर्वाचन क्षेत्र नै नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डका लागि शंकामा रहेको महसुस पार्टी कार्यकर्ताहरुले गर्ने गरेको चर्चा सुनिन्छ । प्रचण्डले २०६४ सालपछिका निर्वाचनमा पटक-पटक आफ्नो निर्वाचन क्षेत्र परिवर्तन गर्दै आएका छन् । उनले आफूलाई राष्ट्रिय नेता देखाउन र निर्वाचन हार्ने डर त्रासका कारण सुरक्षित क्षेत्र खोज्दै हिंड्ने गरेको चर्चा पनि सुनिन्छ । दुई संविधान सभा निर्वाचन र तीनपटक प्रतिनिधि सभा निर्वाचनमा उनी सुरक्षित क्षेत्र खोज्दै हिड्नु परेको तथ्य घाम जत्तिकै छर्लङ्ग छ । उनले २०६४ को पहिलो पटकको संविधान सभा निर्वाचनमा काठमाडौं-१० रोल्पा २ बाट उम्मेदवार बनेर विजय हासिल गरेका थिए ।

२०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा उनी सिरहा-५ र काठमाडौं-१० बाट उम्मेदवारी दिएका थिए । तर, सिरहाबाट मात्र उनी अनेक जोडबल गरेर निर्वाचित भएको घोषणा गरेको बताइन्छ । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा प्रचण्ड चितवन क्षेत्र नं-३ बाट निर्वाचित हुन सफल भएका थिए । २०७९ को प्रतिनिधि सभा निर्वाचनमा भने गोरखा क्षेत्र नं-२ बाट निर्वाचित भए । २०८२ फागुन २१ अर्थात् बिहीवार हुन (बाँकी पृष्ठ ८ मा)

## विवादस्पदको घेरामा मन्त्री !

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको नेतृत्व यतिखेर पूर्व न्यायाधीशसमेत रहेका मन्त्री अनिल कुमार सिन्हाले संहाल्दै आएका छन् । यी तीनवटा मन्त्रालय सम्हाल्दै आएका मन्त्री सिन्हाले मन्त्रालयतर्फको निजी सचिवमा भने उद्योगअन्तर्गतका कर्मचारीहरूलाई राखेका छन् । अझ त्यसमा पनि विगतमा उद्योग विभागमा कार्यरत रहँदा मालदार शाखा प्रमुख भएर काम गरेका विवादस्पदहरुलाई जिम्मेवारी दिएको भन्दै केही कर्मचारीहरुले असन्तुष्टि जनाएको बुझिएको छ ।

सेवाग्राहीलाई कानूनअनुसार छिटोछरितो सेवा नदिई दुःख दिने कर्मचारीहरूलाई उनले प्राथमिकता दिएकोप्रति मन्त्रालयमा कार्यरत कतिपय कर्मचारीहरुले गुनासो पोख्दै आएका छन् । मन्त्री (बाँकी पृष्ठ ८ मा)


## नयाँ मन्त्रीहरुलाई खै बासस्थान ?

काठमाडौं । २०८२ फागुन २१ गते बिहीवार प्रतिनिधि सभाको निर्वाचन हुन गइरहेको छ । तत्पश्चात परिणाम सार्वजनिक भएसँगै नयाँ सरकार गठन हुनेछ । तर, गठित नयाँ सरकारका मन्त्रीहरूलाई निवास कहाँ उपलव्ध गराउने भन्ने चिन्ताको विषय अहिलेदेखि नै सुरु भइसकेको जानकारी हुन आएको छ । यसअघि ०८२ भदौ २४ गतेको जेन-जी आन्दोलनकाक्रममा प्रदर्शनकारीले भैंसेपाटीस्थित मन्त्री निवास आगो लगाएर सबै खरानी पारेका थिए । तत्कालीन मन्त्रीहरूलाई आन्दोलनकारीहरुले घेराबन्दी गरेपछि नेपाली सेनाले हेलिकप्टरमार्फत उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याएर (बाँकी पृष्ठ ८ मा)

## गृहमा कर्मचारीको अभाव अझै कायम
## कसरी भयो कामुको रजगजको अन्त्य !

**काठमाडौं । मुख्यसचिव सुमनराज अर्यालले निर्वाचन आयोगसँग सहमति लिएर प्रतिनिधि सभा निर्वाचनको मुखमा सहसचिवमा बढुवा भएका २३ जना कर्मचारीहरूलाई पदस्थापन गरेका छन् । ०८२ फागुन १२ गते बसेको मन्त्रिपरिषद बैठकले उनीहरूको पदस्थापनको निर्णय गरेको हो । उपसचिवबाट सहसचिवमा बढुवा भएका उनीहरूको समयमै पदस्थापना नभएको गुनासोहरु सुनिने गरेका थिए ।**

जसका कारण सहसचिवहरु लामो समयदेखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा थन्किएर बस्न बाध्य थिए ।



मुख्यसचिव सुमनराज अर्याल

पदस्थापन गरिएका सहसचिवहरुलाई प्राय स्थानीय तहमा खटाइएको छ । सहसचिवको दरबन्दी रहेको वीरगञ्ज महानगरपालिकामा लामो समयदेखि उपसचिव अरविन्द लाल कर्णले रजगज गर्दै आएका थिए । हाल उक्त महानगरपालिकामा सहसचिव रेशमलाल कँडेललाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीा खटाएसँगै का.मु. हाकिमको रजगज समाप्त हुन पुगेको छ । यस्तै, उपसचिवले रजगज गर्दै आएका धरान, इटहरी, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाले पनि दरबन्दी अनुसारकै कर्मचारी अर्थात प्रमुख प्रशासकीय अधिकृत पाएका छन् ।

यसअघि धरान उपमहानगरपालिकामा उपसचिव तीर्थराज राई, इटहरीमा महेश पराजुली, नेपालगञ्जमा मानबहादुर बम र धनगढी उपमहानगरपालिकामा जनकराज भट्ट प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा रहेका थिए । यी उपमहानगरपालिका लामो समयदेखि उपसचिवलाई कामु प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा खटाएकोप्रति सामान्य प्रशासन मन्त्रालयको नेतृत्वको आलोचना हुँदै आएको थियो । सरकारले सहसचिवमा बढुवा भएकाहरुलाई रिक्त यी उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाएकोप्रति निजामती प्रशासनमा सकारात्मक संन्देश प्रवाह भएको बताइन्छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले सहसचिव एकनारायण शर्मालाई राष्ट्रपतिको कार्यालयमा पदास्थापन गरेको छ । सहसचिव झनककुमार खत्रीलाई राष्ट्रिय दलित आयोगमा खटाएको छ । हिरालाल चौधरीलाई कर्णाली प्रदेशको सचिवको जिम्मेवारीमा पदास्थापन गरेको (बाँकी पृष्ठ ८ मा)

### 'चार डीआईजी'को पदावधि संकटमा
### आईजीपीको जोडबल सफल होला ?

*काठमाडौं । सशस्त्र प्रहरी बलका चार डीआईजीको पदावधि थप हुने अपेक्षा क्रमशः टर्दै गएको छ । पदावधि थप नभएमा डीआईजीहरु लक्ष्मणबहादुर सिंह, प्रदीप पाल, डा. रुपक महर्जन र सन्दीप थापा २०८२ चैत ५ गते चारवर्षे पदावधि पूरा गरी अवकाश हुनेछन् ।*

*सरकारले चाहेमा उनीहरूको कार्यकाल एक वर्ष थप गर्न सक्ने कानूनी व्यवस्था छ । सशस्त्र प्रहरी नियमावली, २०७२ को दफा ६५ (ग) (२) अनुसार पदावधि थप गर्न सकिने प्रावधानअनुसार सशस्त्र मुख्यालयले २०८२ फागुन ५ गते नै गृहमन्त्रालयमा सिफारिस गरिसकेको स्रोत बताउछ । तर, फागुन ४ र ११ गते बसेको मन्त्रिपरिषद् बैठकले यसबारे कुनै निर्णय नगरेको स्रोत बताउछ । २०८२ फागुन २१ गते निर्वाचन हुँदैछ । निर्वाचनपछि सरकार गठन प्रक्रियामा समय लाग्न सक्ने भएकाले २०८२ चैत ५ गतेभित्रै निर्णय नआए चारै डीआईजी स्वतः अवकाशमा जाने छन् ।* (बाँकी पृष्ठ ८ मा)

## सेनाको खरिदमा फेरि 'सेटिङ'को शंका
## शम्भु भारतीले ३५ करोडको ठेक्का हात पार्दै

काठमाडौं । नेपाली सेनाको सम्भाररथी विभागले झण्डै ३५ करोड रुपैयाँ बराबरका 5.56 mm बुलेट निर्माणमा प्रयोग हुने कच्चा सामग्री खरिद प्रक्रिया अगाडि बढाएको छ । तर, उक्त खरिद प्रक्रिया पारदर्शी नभएको र सेनाको सप्लाईमा एकलौटी अवसर हात पार्दै आएका सीमित सप्लायर्ससँग मात्रै कोटेशन मागिएको आरोप छ ।

| S.No. | Name of Items |
|---|---|
| 1 | 5.56 mm Case Cup |
| 2 | 5.56 mm Boxer Primer |
| 3 | Double Base Propellent (NATO Standard) |
| 4 | 5.56 mm Bullet Cup |

स्रोतका अनुसार 5.56 mm Case Cup, 5.56 mm Boxer Primer, Double Base Propellant (NATO Standard) तथा 5.56 mm Bullet Cup जस्ता सामग्री खरिदका लागि आन्तरिक रूपमा सूचीकृत दुई वटा कम्पनीसँग मात्रै कोटेशन मागिएको बताइएको छ ।

नेपाली सेनामा दीर्घकालदेखि हातहतियार आपूर्तिमा संलग्न रहेर मोजमस्ती गर्दै अर्बपति बनेका बद्नाम सप्लायर्स शम्भु भारती समूह र महेश शर्मा तथा उमेश श्रेष्ठ निकट कम्पनीहरू फेरि सक्रिय भएको चर्चा छ । यी चारवटा आइटमका लागि सेनामा सूचीकृत कम्पनीहरूसँग किन कोटेशनका लागि आमन्त्रण गरिएन भन्ने गम्भीर प्रश्न उठेको छ ।

उक्त सामग्रीको प्राविधिक प्रस्ताव सैनिक सामग्री उत्पादन तथा (बाँकी पृष्ठ ८ मा)

## गतिशील लोकतान्त्रिक पार्टीको दुर्गति
### साहुजी वीरेन्द्रका लागि फलामको चिउरा

● सुशील बुढाथोकी



काठमाडौं । बुद्ध एयरका मालिक वीरेन्द्रबहादुर बस्नेतको पहलमा गठन भएको गतिशील लोकतान्त्रिक पार्टी प्रतिनिधि सभा निर्वाचन २०८२ मा उल्लेखनीय उपस्थिति जनाउन असफल भएको छ । प्रारम्भमै ठूलो चर्चा बटुलेको यो दल निर्वाचनको मैदानमा भने कमजोर देखिएको छ ।

बस्नेतले ६० वर्ष नाघेपछि आफू संस्थापक रहेर साहुजीहरूको बाहुल्यतामा दल निर्माण गरेका थिए । पार्टीको अध्यक्षमा डा. दिनेश प्रसाईं रहेका छन् । पाँच जना महासचिवको जिम्मेवारी प्रस्ताव गरिएको थियो-धनबहादुर तामाङ (राजनीति), पियुष कायस्थ (संगठन), गौरव परियार (सुशासन), अनामिका चौधरी (उद्यमशीलता) र शान्ति गुरुङ (समता) । निर्वाचन अघि तामझामका साथ साहुजीहरुको नयाँ दल गतिशील लोकतान्त्रिक पार्टी घोषणा गरिएको थियो । 'गतिलो' गतिशील लोकतान्त्रिक भनिएको दल २०८२ को निर्वाचनमा चाहिं गतिहीन अवस्थामा पुगेको कुरा यो दल जन्मिदा नजन्मिदै अलप भएबाट पुष्टि हुन्छ ।

निर्वाचन आयोगबाट 'दीपज्योति' चुनाव चिन्ह प्राप्त गरेको उक्त दलले १६५ प्रत्यक्ष निर्वाचन क्षेत्रमध्ये एक स्थानमा पनि उम्मेदवार उठाउन सकेन । प्रत्यक्ष प्रतिस्पर्धाबाट पूर्ण रूपमा बाहिरिएको पार्टीले समानुपातिकतर्फ भने ११ जनाको नाम दर्ता गराएको थियो । समानुपातिक सूचीको पहिलो नम्बरमा विश्वास प्रजा, दोस्रोमा करुणा (बाँकी पृष्ठ ८ मा)

## सचिवको नियुक्तिमा अलमल
## सहसचिवको बढुवा अवरुद्ध ?

काठमाडौं । अन्तिम सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वाणिज्यतर्फको रिक्त सचिव पदमा नयाँलाई खटाउन अलमल गरिरहेको आरोप लागेको छ । ०८२ फागुन ९ गते मन्त्रालयमा कार्यरत सचिव डा. रामप्रसाद घिमिरे ५८ वर्षे उमेदहदका कारण अनिवार्य अवकास गएका हुन् । लगत्तै राष्ट्रपतिको कार्यालयमा कार्यरत सचिव डा. हरिप्रसाद लम्साल पनि ५८ वर्षे उमेरहदका कारण निजामती प्रशासन सेवाबाट अवकास भइसकेका छन् । त्यसयता पटक-पटक मन्त्रिपरिषद बैठक बसेको भएपनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले नयाँ सचिव खटाउन भने सकिरहेको छैन ।

घिमिरेको अवकाससँगै वाणिज्य सचिवमा सरूवा हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा जगेडामा रहेका सचिव महादेव पन्थ, उपराष्ट्रपति कार्यालयमा थन्क्याइएका खेलाडी सचिव डा. कृष्णहरि पुष्कर कर्णले रुची देखाएको चर्चा छ । यसैगरी सुदूर पश्चिम प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले पनि संघीय मन्त्रालयमा (बाँकी पृष्ठ ८ मा)

## परराष्ट्रको प्रश्नमा को स्पष्ट, को अमूर्त ?
### बालेनको विदेश नीति के, झुकाव कता ?

**प्रतिनिधि सभाको निर्वाचन(२०८२) प्रचारप्रसारका क्रममा बालेनले अघि सारेको निर्वाचन वाचापत्रमा नेपाल–चीन मैत्री औद्योगिक पार्कले स्थान नपाएको विषय अहिले अन्तर्राष्ट्रिय तहसम्म चर्चा भएको छ । भारतीय मिडिया र विश्लेषकहरूले यसलाई भारतका लागि 'खुसीको सन्देश' भनेका छन् ।**

**यो बेला**



**युवराज पाण्डे(पीएचडी)**

**चुनाव प्रचारका क्रममा बालेन र रवि लामिछाने सँगसँगै विभिन्न स्थानमा पुगेका छन् । तर, छिमेकी मुलुकहरू र अन्य राष्ट्रसँगको सम्बन्धबारे उनीहरूको स्पष्ट र ठोस दृष्टिकोण सार्वजनिक रूपमा देखिएको छैन भन्ने टिप्पणी पनि सुनिन्छ ।**

उक्त औद्योगिक पार्कको प्रस्ताव तत्कालीन प्रधानमन्त्री के.पी. ओलीको कार्यकालमा अघि बढाइएको थियो । अहिले पनि ओलीले त्यसको निर्माणलाई प्राथमिकतामा राखेको देखिन्छ ।

बालेनको वाचापत्रमा सो परियोजना समावेश नभएको विषयमा भारतीय पक्षले सकारात्मक प्रतिक्रिया दिएको सन्दर्भले एउटा प्रश्न उब्जाएको छ-के उक्त परियोजना भारतलाई मन परेको थिएन ? र, यदि त्यसो हो भने, भारतलाई मन नपरेको परियोजना बालेनको प्राथमिकतामा पनि नपर्नु के संयोग मात्र हो ?

कतिपय विश्लेषकहरूले आशंका गरेका छन् कि यदि बालेनले परराष्ट्र नीतिको तर्जुमा गर्ने अवसर पाए भने नेपाललाई दक्षिणी छिमेकी भारतसँग अझ नजिक र उत्तरी छिमेकी चीनसँग अपेक्षाकृत टाढा लैजाने सोच राख्छन् कि भन्ने प्रश्न उठ्न सक्छ ।

**झापा–५ रोजाइ : राजनीतिक सन्देश ?**

काठमाडौं महानगरका प्रमुख तथा काठमाडौँका बासिन्दा रहेका बालेन काठमाडौँकै कुनै निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभामा उम्मेदवार बन्न सक्थे । त्यसो गरेको भए त्यो बढी स्वाभाविक देखिन्थ्यो । तर, बालेनले झापा क्षेत्र नं. ५ ग्राण्ड डिजाइन अन्तरगत नै रोजे-जहाँबाट के.पी. ओली उम्मेदवार बन्ने कुरा पहिल्यै स्पष्ट थियो ।

यसबाट बालेन ओलीकै क्षेत्रमा प्रतिस्पर्धा गर्न इच्छुक रहेको सन्देश गएको देखिन्छ । महानगर प्रमुख हुँदा पनि बालेन ओलीप्रति अपेक्षाकृत आक्रामक देखिन्थें । कतिपयलाई त्यो व्यवहार एक बहालवाला नगर प्रमुखले बहालवाला प्रधानमन्त्रीप्रति गर्ने व्यवहारभन्दा बढी कठोर वा शत्रुतापूर्णजस्तो लागेको थियो । ओली प्रधानमन्त्री रहेका बेला लिपुलेक-कालापानी समेटिएको नक्सा संसदबाट पारित (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### रिसमाथि नियन्त्रण !?

एउटी महिला जहिले पनि सानोतिनो कुरामा पनि झनक्क रिसाउँथिन् । उनको यो असाध्य रिसाउने स्वभावबाट सबै आफन्त हैरान थिए । एकदिनको कुरा हो– उनको घरमा एकजना साधु आए । ती महिलाले साधुलाई भनिन् 'महाराज ! मलाई अनावश्यक रुपमा पनि असाध्यै रिस उठ्छ, नियन्त्रण गर्नै सक्दिन ।' ती महिलाको कुरा सुनेर साधुले एक सिसी दिंदै भने–यो सिसीबाट एक–एक थोपा औषधि निस्कन्छ । जब तिमीलाई रिस उठ्छ, यो सिसीको औषधि खाइरहनु, जवसम्म रिस शान्त हुँदैन । सात दिनपछि जब ती साधु महाराज ती महिला भएको ठाउँमा के पुगेका थिए, महिला साधुको चरणमा घोप्टो पर्न पुगिन् र भन्न थालिन्–'महाराज ! आखिर कुन त्यस्तो औषधि दिनुभयो– एक हप्तामै ममा यति धेरै परिवर्तन हुन गयो । जवाफमा साधुले भने–'छोरी त्यो सिसीमा कुनै औषधि थिएन–त्यसमा त मात्र शुद्ध पानी थियो । रिसलाई नियन्त्रण गर्ने सबभन्दा अचुक औषधि हो, मुख बन्द राख्नु । रिस उठेको बेला मानिस जति धेरै बकबक गर्छ, त्यति धेरै नोक्सान हुन्छ । साधुका यी अमृत बचन सुनेर ती महिलाले भनिन्, महाराज ! तपाईंले सत्य कुरा भन्नुभयो, यदि हामीले रिसको झोंलाई नियन्त्रण गर्न सक्यौ र चुप बस्यौं भने व्यर्थको आपत्ति विपत्तिबाट पनि बच्न सक्छौं ।

तुच्छ वस्तुबाट पनि स्वर्ण निस्कन्छ भने निकाल्नुपर्छ । – **मनुस्मृति**

## सम्पादकीय

### *राजश्व सुरक्षालाई राष्ट्र सुरक्षाकै दर्जा देउ*

*२०८२ फागुन ११ गते सोमबार नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको उच्चस्तरीय बैठक सामान्य प्रशासनिक कार्यक्रम मात्र थिएन, यो राज्यको वित्तीय अनुशासन, सुरक्षा संवेदनशीलता र राजनीतिक इच्छाशक्तिको संयुक्त परीक्षण थियो । अर्थमन्त्री रामेश्वरप्रसाद खनालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवदेखि लिएर सशस्त्र प्रहरी बलका महानिरीक्षक, नेपालका महानिरीक्षक, भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लगायतका उच्च अधिकारीहरूको उपस्थिति रहनु आफैंमा सन्देशमूलक छ-राजश्व सुरक्षालाई अब गौण मान्न नसकिने चरणमा देश प्रवेश गरिसकेको छ ।*

***निर्वाचनको छायाँ र तस्करीको सञ्जाल***

*२०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायहरू शान्ति-सुरक्षामा बढी केन्द्रित छन् । यस्तै समयलाई छोपेर दक्षिणी र उत्तरी सीमाक्षेत्रका भन्सार नाकाबाट तस्करी कार्यको सक्रियता बढी हुने विगतको अनुभव छ । आयातमा मात्रै होइन, नेपालबाट हुने चोरी निकासी पनि उत्तिकै गम्भीर छ । खाद्यान्न, औषधि, सुन-चाँदी, लत्ताकपडा, विद्युतीय सामग्रीदेखि दुर्लभ जडीबुटीसम्म अवैध मार्गबाट ओसार-पसार भइरहेका समाचार नयाँ होइनन् ।*

*सीमा नाकामा खटिएका कर्मचारीहरू-भन्सार, राजश्व अनुसन्धान, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, जिल्ला प्रशासन-सबैको संयुक्त जिम्मेवारी हो कि निर्वाचनको व्यस्ततालाई बहाना नबनाइ राजश्व सुरक्षालाई पहिलो प्राथमिकतामा राखून् । राज्यको ध्यान अन्यत्र मोडिएको क्षणमा तस्करहरूको 'सुनौलो समय' सुरु हुन्छ ।*

***इमानदारीको प्रश्न :***
***संस्थागत कि व्यक्तिगत ?***

*राजश्व चुहावट केवल कानूनी कमजोरीको परिणाम होइन, यो नैतिक शिथिलताको द्योतक पनि हो । यदि सीमा नाकामा खटिएका सुरक्षा निकायका कर्मचारीहरू भन्सारका कर्मचारीहरु व्यक्तिगत स्वार्थमा नलागेर भावी पुस्ताको भविष्य सम्झेर इमानदारीपूर्वक दायित्व निर्वाह गर्ने हो भने तस्करी मार्ग ठप्पै रोकिन सक्छ । तर, प्रश्न उठ्छ-के हाम्रो प्रणाली इमानदारलाई संरक्षण र बेइमानलाई दण्डित गर्न सक्षम छ ?*

*राज्य संयन्त्रभित्रै संरक्षण पाएका तस्करी सञ्जाल र सेटिङ्गहरू तोड्न राजनीतिक नेतृत्वको स्पष्ट सन्देश आवश्यक छ । 'शून्य सहनशीलता' केवल भाषणमा सीमित रहेसम्म परिणाम नआउने कुरा विगतले देखाइसकेको छ ।*

***खर्बौंको सम्भावना, अनुदानको विकल्प***

*नेपालको वार्षिक राजश्व क्षति अर्बौंमा सीमित छैन, विज्ञहरूको आंकलन अनुसार तस्करी, अण्डर-इनभ्वाइसिङ, कर छली र गैरकानूनी वित्तीय प्रवाहका कारण खर्बौं रुपैयाँ नेपाल राज्यले गुमाइरहेको छ । यदि सीमा र भन्सार व्यवस्थापनलाई पारदर्शी, डिजिटल र उत्तरदायी बनाइयो भने राजश्व उल्लेख्य रूपमा बढ्न सक्छ । त्यस अवस्थामा वैदेशिक अनुदानप्रति निर्भरता घट्दै जान्छ, र राष्ट्रिय स्वाभिमान सुदृढ हुन्छ ।*

*राजश्व वृद्धि भनेको केवल कोष भर्नु मात्र होइन, त्यो शिक्षा, स्वास्थ्य, पूर्वाधार र सामाजिक सुरक्षामा लगानी गर्ने क्षमता विस्तार गर्नु हो । राजश्वको स्वच्छ स्रोतले विकासलाई दिगो बनाउँछ ।*

***अबको बाटो : संयन्त्रको समन्वय***

***१. डिजिटल अनुगमन प्रणाली–सबै भन्सार नाकामा रियल–टाइम ट्रयाकिङ र डेटा साझेदारी ।***

***२. संयुक्त अपरेसन मोडेल–प्रहरी, सशस्त्र, राजश्व अनुसन्धान र भन्सारबीच नियमित समन्वय ।***

***३. आन्तरिक अनुशासन कडाइ–शंका लाग्ने कर्मचारीमाथि त्वरित छानबिन र कारबाही ।***

***४. जन–सहभागिता र सूचना संरक्षण–तस्करीबारे सूचना दिने नागरिकलाई कानूनी सुरक्षा ।***

***निष्कर्ष : राष्ट्रको अर्थ–रक्षा***

*चुनाव लोकतन्त्रको उत्सव हो, तर त्यही समय राष्ट्रको अर्थ-रक्षा कमजोर पार्ने अवसर बन्नु हुँदैन । केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकले दिशा दिएको छ, अब कार्यान्वयनको पालो हो ।*

*यदि राज्यका निकायहरू संवेदनशील र दृढ भएर लागे भने तस्करी मार्ग रोकिन सक्छ, राजश्व खर्बौंले बढ्न सक्छ, र नेपालले आत्मनिर्भर अर्थतन्त्रको आधार तयार गर्न सक्छ । प्रश्न केवल नीति होइन– इमानदारी, इच्छाशक्ति र राष्ट्रिय दायित्वको हो ।*

***साँघु साप्ताहिकको यो स्पष्ट मत छ : राजश्व सुरक्षालाई राष्ट्र सुरक्षाकै दर्जा दिनुपर्छ । त्यसैमा नेपालको आर्थिक स्वाधीनताको बीज निहित छ ।***

# नेपालको चुनावमा भ्रमको खेती
# आश्वासनको पोकोमै अल्झन् !

**आफ्ना क्षेत्रमा आफैंले स्थानीय श्रम, सीप, स्रोत र सामग्रीको बहुउपयोग गरेर सम्पन्न गर्न सकिने सानातिना कुलो, पानी, मर्मत, बाटो जस्ता विकास निर्माणमा समेत 'नेता'को 'मुख ताक्ने' सोच चुनावका क्रममा बढी देखियो । यसले एक निर्वाचनदेखि अर्को निर्वाचनसम्म पनि काम चाहिँ पूरा नहुने र फेरि अर्को नेताको आश गर्ने अवस्थाको सिर्जना गर्दैछ । 'सानातिना' विकासका कार्यमा पनि अर्का (नेता) को मुख ताक्ने प्रवृत्तिले नागरिकमा परनिर्भरता बढाएकाले 'नेता फटाहा हुन्' भन्ने भावनाको वृद्धि भई लोकतन्त्र बद्नाम मात्र भयो ।**

राजनीतिक दलका नेताहरूले विकासको सपना र भ्रम मात्र छर्ने र संविधान बनेको दस वर्षसम्म पनि कानून नबन्दा व्यवस्थामाथि नै प्रश्न खडा भएको छ । यही अवधिमा गाउँबाट मानिसहरू शहर आउने र विदेश जाने संस्कृतिमा वृद्धि भएको छ । सही कानून र नीति निर्माणमा होइन कि आफ्नै समाजको बलमा गर्न सकिने सामान्य कुलो, पुल, पुलेसा, खानेपानी, स्वास्थ्य चौकी, स्कुलमा जस्तापाता फेर्ने जस्ता कुरामा पनि निर्वाचनका क्रममा आउने प्रतिनिधिको मुख ताक्ने सोचले विकासको 'मृगतृष्णा' मात्र बढाएको छ । मानिस र नागरिकलाई यस्ता सोचले थप परनिर्भर बनाएको देखिन्छ । विकासका आश्वासनले नागरिकहरूलाई ज्यादा आशे र परनिर्भर मात्र बनाउँदै लगेको छैन समाजलाई विभाजित, भ्रष्ट, स्वार्थी तथा दिग्भ्रमित पार्दैछ ।

विकाससम्बन्धी दृष्टिकोण प्रष्ट नहुँदा नेपालमा परनिर्भरता अत्याधिक बढेको पाइन्छ । विकास निर्माण र आयोजना निर्माणमा सांसदको निर्णायक भूमिकाको अपेक्षा गर्नु नेपालमा पञ्चायती मानसिकता हटन नसक्नु हो । निर्वाचित प्रतिनिधिहरूको कार्य कानूनको निर्माण गर्ने र नागरिकको सार्थक प्रतिनिधित्व गर्ने हुनुपर्ने कुरालाई नै छायाँमा पार्नेगरी 'भोटपछिको विकासका कुरा' 'डायरीमा टिप्ने' संस्कृति बढी देखिन्छ । ग्रामीण सडक, पक्की पुल, अग्ला भवन, खानेपानीका पाइप, जस्तापातालगायतका वस्तु, सुविधा र सेवा आदि उपलब्ध गराउने प्रतिनिधिको रूपमा 'पञ्चायती व्यवस्थाले बनाएको भाष्य' लोकतान्त्रिक गणतन्त्रमा पनि हट्न सकेन । जसले गर्दा चुनावहरूमा ती कुराहरूको सपना र भ्रम छर्ने क्रम घटनुको सट्टा बढ्यो । डायरीमा टिप्ने, विकास निर्माण गरिदिने र आफू विजयी भएमा क्षेत्रको परिवर्तन हुने भन्ने भ्रम छर्न निर्वाचनमा उठेका प्रतिनिधि बाध्य छन् ।

**विकासको अर्थ**

विकास हरेक मानिस, व्यक्ति र समाजको लागि आवश्यक कुरा हो । तथापि मुलुक, समाज र देशको इतिहास, भूगोल, अवस्था, आवश्यकता, स्थानीय सीप एवम् नागरिक छनोटको आधारमा हुनुपर्दछ । वास्तवमा विकास मानिसको आर्थिक उन्नत्ति, जीवन र स्वास्थ्य, आधुनिकता, मानवीय मूल्य, सामाजिक दर्शन, सभ्यता, संस्कृति, शिक्षा र ज्ञान, विज्ञता, विज्ञान, समृद्धि, उन्नत्ति, प्रगति, स्तर, पहिचान, पूर्वाधार र सामर्थ्य, प्रणाली, विधि, व्यवस्थापन, तरिका, सूचना, प्रयोग, सम्पन्नता, सोच्ने क्षमता, तुलनात्मक दक्षता, भ्रमण तथा खर्च गर्ने हैसियत, विश्व दृष्टिकोण र बुझाई आदि जस्ता कुराहरू सन्तुलित ढंगले झल्केको स्थितिलाई बुझ्नु पर्ने हुन्छ ।

'चुनावी विकासका सपना' बाँड्नेहरूले बाटो, पुल, कुलो आदिलाई मात्र विकास भन्ने भ्रम छर्ने गरेको देखिन्छ । यसले विकासको बुझाइ नै भ्रमित पार्दैलग्यो । नोबेल पुरस्कारद्वारा पुरस्कृत अमेरिकी विधिशास्त्री अर्मत्य सेन (सन् १९३३) ले प्रसिद्ध पुस्तक 'डेभलपमेन्ट एज फ्रिडम' (सन् १९९९) मा 'विकासको लागि प्रत्येक नागरिकको आफ्नो स्वतन्त्र छनोट गर्न पाउने अधिकारको सम्मान गर्नुपर्ने र कतैबाट पनि हस्तक्षेप हुन नहुने' अवस्था हुनुपर्ने भनेका छन् । उनले विकासलाई 'वैकल्पिक छनोट गर्न सक्ने स्वतन्त्रता'को रूपमा व्याख्या गरे । विकाससम्बन्धी विषय आफैंमा व्यापक, विवादित र जटिल अवधारणा हो । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली शब्दकोषमा विकास भन्नाले 'क्रमशः बढ्दै वा सुधिँदै गएको स्थिति, उन्नति, उत्तरोत्तर प्रगति, क्रमिक परिवर्तन, हुर्केको वा सप्रेको अवस्था, वृद्धि, विस्तार र फैलावट' उल्लेख छ । विकास सर्वाधिक प्रचलित र भूराजनीतिको लोकप्रिय अवधारणा पनि हो ।

**वास्तविक विकास**

पश्चिमा युरोपेली र अमेरिकी मुलुकहरू केवल धनी भएकाले मात्र विकसित एवम् सम्पन्न छैनन् । अफ्रिकाका विभिन्न मुलुकहरू तथा दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, बंगलादेश जस्ता देश तथा समाज आर्थिक दृष्टिकोणले धनी नभएर मात्र अविकसित भएका पनि होइनन् । मूल कुरा सोचाइ, कार्यशैली, चिन्तन, प्रणाली, सपना, बुझाइ र व्यवस्थापन समेत हो । युरोपका स्विट्जरल्यान्ड, नेदरल्यान्ड, फिनल्यान्ड, बेलायत, जर्मन, फ्रान्स जस्ता मुलुकहरूमा उल्लिखित कुराहरूको सन्तुलित, सार्थक तथा अर्थपूर्ण संयोजन भएकोले यिनीहरू सम्पन्न छन् । दक्षिण एसिया, अफ्रिका, ल्याटिन अमेरिका र एसियाका धेरैजसो मुलुकहरूमा गरिबी भएर भन्दा पनि 'गरीब तथा परनिर्भर मानसिकता' बढी भएर समस्या भएको हो । नेपालमा निर्वाचनका क्रममा बाँडिने विकासका मृगतृष्णा र सपनाले नागरिकलाई बढी परनिर्भर पार्दै लगेको छ ।

चीन, क्युवा जस्ता समाजवादी मुलुकहरूमा साधनस्रोतको बहुउपयोगले उनीहरू बढी आत्मनिर्भर र सक्षम बने । अमेरिका, जापान, अष्ट्रेलिया, युरोपको स्विट्जरल्यान्ड, नर्वे, न्युजिल्यान्ड जस्ता विकसित र सम्पन्न मुलुकहरूले राजनीतिक, कानूनी र सामाजिक प्रणालीलाई समृद्ध बनाएकाले तिनीहरू बढी समृद्ध रहे । विकाससम्बन्धी पश्चिमा नीति, योजना, कार्यक्रम र खासमा स्वार्थ थोपर्दा गरीब मुलुकहरू थप परनिर्भर बन्दै आएका हुन् । २०२५ देखि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युएसएड लगायतका अमेरिकी सहयोग रोक्ने निर्णय गरेबाट विदेशी सहयोगमा बढी भर परेका विश्वका धेरै मुलुक प्रभावित हुँदैछन् । पश्चिमाले गर्दै आएका सहयोग र आश्वासनले 'हामी सक्छौं' भन्ने भावना मार्ने काम गरे जस्तो नेपालमा चुनावी नेताका आश्वासनले परनिर्भरता मात्र बढाएको छ ।

**नेताको मुख ताक्ने प्रवृत्ति**

'चुनावी नेता'ले बाँडेका विकासका भ्रम र सपनाले विकासको भाष्य नै भ्रमित पारेको देखिन्छ । यसले विकाससम्बन्धी धारणा नै भ्रमित मात्र पारेको छैन हरेक साना कार्यमा पनि नेताको मुख ताक्ने प्रवृत्तिलाई ह्वात्तै बढाएको छ । ठूला भवन, सडक, भौतिक सुविधा र खर्चको असीमित हैसियत जस्ता पक्ष मात्र विकास र समृद्धिको सूचक हो भन्ने भ्रम पश्चिमाहरूले आफ्ना व्यापार बढाउन विश्वव्यापीकरणको नाममा फैल्याइरहेका बेला निर्वाचनले यसैलाई टेवा दियो । क्यूबाका तत्कालीन राष्ट्रपति फिडेल क्यास्ट्रोलाई एकजना पश्चिमा पत्रकारले 'तपाईंको देशको राजधानी हवानामा एउटा राम्रो खालको अत्तर (सेन्ट) पनि पाइने रहेनछ' भनेर प्रश्न गरेपछि क्यास्ट्रोले 'यहाँका प्रत्येक बालबालिकालाई सरकारले दैनिक एक लिटर दुध उपलब्ध गराइरहेको छ, त्यो नपाइएको भए भन्नुहोस्' भने । त्यो खालको समाजवादी सोचले दशकौंदेखि नाकाबन्दी भएर पनि मुलुक आत्मनिर्भर भएर अघि बढ्न सक्यो । सेन्ट हुनु र सेन्ट(अत्तर)को प्रयोग गर्नु मात्र धनी हुनु हो भन्ने सोचले मानिसलाई गरीब बनाउने मात्र हो । जुन सोच साँघुरो, अवस्तुवादी, अज्ञानी, अपूर्ण तथा सङ्कीर्ण भ्रम हो । विश्वमा अहिले सुनको भाउ वृद्धि हुनुमा यही मानसिकताले काम गरेको प्रष्ट हुन्छ ।

यस्तो मानसिकताले नागरिकलाई अनावश्यक क्षेत्रमा खर्चालु बनायो । समाजमा रहेका यस्ता सोचलाई बढावा दिने काम 'चुनावी विकास'को नाममा सपना बेच्ने संस्कृतिले पनि बढाएको हो । अर्थात निर्वाचनका क्रममा बाँडिएका विकासका भ्रम, सपना र आश्वासनले नागरिकलाई 'मृगतृष्णा' सिवाय दिने चाहिँ केही होइन । आफ्ना ठाउँमा आफ्नै श्रम, सीप, ज्ञान, स्रोत र साधनको प्रयोग गरेर सम्पन्न हुने सानातिना निर्माण र सुधारमा पनि 'चुनावको बेला भ्रम बेच्न गाउँ झरेका नेता'को 'मुखताक्ने संस्कृति'ले ती कार्य जहिल्यै 'काँचो पल्टिएका' देखिन्छन् । नेताको मुख मात्र ताक्ने सोच र प्रवृत्तिले विकास हुँनै दिँदैन ।

### समय र विचार

**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**जुन सोच साँघुरो, अवस्तुवादी, अज्ञानी, अपूर्ण तथा सङ्कीर्ण भ्रम हो । विश्वमा अहिले सुनको भाउ वृद्धि हुनुमा यही मानसिकताले काम गरेको प्रष्ट हुन्छ ।**

# बुटवल-नारायणघाट सडकको सास्ती कथा !
# निर्माणको आठ वर्ष : कहिले पूरा होला ?

● **साँघु संवाददाता**

**काठमाडौं । भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयमातहतको एशियाली विकास बैंक (एडीवी) आयोजनाले नारायणघाट–बुटवल सडकको निर्माण कार्य अन्तिम चरणमा पुगेको दावी गरेको छ । एडीवीको ऋण सहयोगमा सञ्चालित उक्त सडक विस्तार आयोजनाअन्तर्गत ठेक्का सम्झौता सात वर्ष अगाडि अर्थात् सन् २०१८ डिसेम्बर १९ भएर निर्माण कार्य प्रारम्भ भएको बताइन्छ । सो सडकखण्डको कुल करिब १ सय १४ किलोमिटर रहेको छ । यस आयोजनाको कार्यान्वयन दुई आयोजना कार्यालयमार्फत भइरहेको आयोजना निर्देशक चुँडाराज ढकालले जानकारी दिए ।**



चाइनिज इन्जिनियरिङ ग्रुप अफ कन्ट्रक्सन कम्पनीले १७ अर्ब लागतमा उक्त ठेक्का लिएको थियो । समयमा काम नभएको कारण हाल लागत झण्डै डबल रकम बढेर रु. ३० अर्ब खर्च हुने अनुमान गरिएको छ । तरपनि निर्माण पक्षले ठुलै घाटा ब्यहोरेर निर्माण कार्य अन्तिम चरणमा पुर्‍याइसकेको बताउने गरेको छ । मन्त्रालयका सचिव केशव कुमार शर्मा र आयोजना निर्देशक सुई ढकालले कूटनीतिक प्रयासमार्फत यो अवस्थामा पुर्‍याएको दावी गर्ने गरेको मन्त्रालय स्रोतले बताएको छ । उनीहरु दुवैले आफ्नो कार्य दक्षता र अनुभवलाई सकारात्मक ढंगले प्रयोग गरेको कारण लागत बढ्दासमेत सडक निर्माण कार्यले निरन्तरता पाएको प्रतिक्रिया बाहिर आइरहेका छन् ।

उक्त सडक निर्माण कार्यको सुरुवात भएसँगै मुलुकमा कोभिड रोगको महामारी सुरु हुन पुग्यो । तरपनि एडीवीले सडक आयोजना कार्यालय (पूर्वी खण्ड) र नारायणघाट-बुटवल सडक आयोजना कार्यालय (पश्चिमी खण्ड) दुवैको निर्माण सम्बन्धी दुवै ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले निर्माण कार्य सञ्चालन गरिरहेको छ । हालसम्म समग्र भौतिक प्रगति करिब ८० प्रतिशत पुगेको दावी गरिएको छ । अधिकांश खण्डमा सडक निर्माण र पुलहरुको निर्माण कार्य सम्पन्न भइसकेको बताइन्छ ।

**दाउन्ने खण्डमा तीव्र गतिमा काम**

समस्याग्रस्त रहेको दाउन्ने क्षेत्रको करिब १४ किलोमिटरमध्ये करिब ५ किलोमिटरमा मात्र निर्माण कार्य बाँकी रहेको बताइन्छ । उक्त क्षेत्रमा पनि तीव्र गतिमा निर्माण कार्य भइरहेको आयोजना स्रोतले जानकारी दिएको छ । त्यसकारण पनि २०८३ असार मसान्तभित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न भइसक्ने दावी आयोजनाले गरेको छ । समयका निर्माण कार्य नभएर आयोजनाको अवधि लम्बिनुका मुख्य कारण कोभिड महामारी नै रहेको स्रोतको दावी छ ।

सो महामारीका कारण रुख कटानमा भएको ढिलाइ, खानेपानी, ढल तथा विद्युतलगायत अन्य पूर्वाधार सार्ने कार्यमा बाधा पगेको थियो । साथै, निर्माण सामग्रीको आपूर्तिमा समस्याका कारण आयोजनाको समयावधि थप गर्नु परेको एडीवी स्रोतले बताएको छ । तर, अहिले तीव्र गतिकासाथ निर्माण कार्य भइरहेकोले पनि आयोजना पछिल्लो निर्धारित लक्ष्यअनुसार सुचारु मात्र भएको छैनकि थपिएको म्यादभित्र नै निर्माण कार्य सम्पन्न भइसक्ने दावी गरिएको छ ।

यसअघि सो सडकमा रहेका केही साना पुल जीर्ण भएको कारण डाइभर्सनमार्फत सवारी साधनको आवतजावत गराउनुपर्दा यात्रुहरुले सास्तीसमेत खेप्नु परेको थियो । अझ हिलो र धुलोका कारण सडक आसपासमा बसोबास गर्ने नागरिकहरुमा एक किसिमको गुनासोसमेत व्यक्त गरेको अवस्था थियो । यो अवस्थासम्म आइपुग्न कानूनी अड्चन र ठेकेदारले घाटा लाग्ने भन्दै काम छोडेर हिंडेको अवस्था थियो । निर्माण पक्षले बेलावखत गरेको अटेरीपनलाई समेत चिर्दै आयोजना प्रमुख ढकालको सक्रियताले सडक निर्माण कार्य अब भने अन्तिम चरणमा पुगिसकेको दावी गरिन्छ ।

दाउन्ने क्षेत्रमा सडक संरचना परिवर्तनको कारण पनि निर्माण कार्यमा केही ढिलो भएको बताइन्छ । आयोजनाको प्रारम्भिक डिजाइनमा समथर भू-भागको फराकिलो सडक र पहाडी क्षेत्रको दाउन्ने खण्ड दुवैका लागि एकै प्रकारको कालोपत्रे सडक प्रस्ताव गरिएको थियो । तर, निर्माण चरणमा विभिन्न विशेषज्ञहरूले अध्ययन गर्दा उक्त अवस्था पूर्णतः भिन्न हुने भएको स्रोत बताउछ । त्यसैले एकै प्रकारको सडक संरचना दाउन्ने खण्डको भिरालो स्थानका कारणले दीर्घकालीन रूपमा उपयुक्त नहुने निष्कर्ष राय विज्ञहरुले दिएका थिए ।

**कालोपत्रेको साटो कंक्रिट ढलान**

दाउन्ने क्षेत्रमा उच्च उकालो, घुम्ती, कमजोर भू-बनावट, हेभी सवारी साधनको चाप सोही क्षेत्रमा हुने भएर पनि डिजाइन परिवर्तनको विकल्प थिएन । अझ पहाडबाट झर्ने पानी, पहिरोको जोखिम, बक्स कटिङ तथा प्रतिकूल मौसम जस्ता विशेष चुनौतीहरू सो क्षेत्रमा अझै विद्यमान रहेका छन । जसका कारणले सामान्य कालोपत्रे सडक छिट्टै बिग्रिने र मर्मतमा संभारमा ठूलो रकम खर्च गर्नुपर्ने अवस्था रहेको देखियो ।

सोहीकारण अन्तर्राष्ट्रिय निर्माण सुपरिवेक्षण परामर्शदाता, डिजाइन परामर्शदाता तथा स्वतन्त्र तेस्रो पक्ष विशेषज्ञसहित सम्पूर्ण प्राविधिक पक्षको सर्वसम्मत सुझावका आधारमा कालोपत्रे नगर्ने निश्कर्षमा पुगिएको दावी आयोजनास्रोतले गरेको छ । मन्त्रालय, विभागका अधिकारीहरुको बिचमा भएको घनिभूत छलफलको आधारमा दाउन्ने खण्डमा ढलान अर्थात रिगिड पाभेमेन्ट कंक्रिट सडक निर्माण गर्ने निश्कर्षमा आयोजना पुगेको बताईन्छ । ढलान सडकको प्रारम्भिक निर्माण लागत कालोपत्रे भन्दा बढी रहने गरेको छ ।

तरपनि यसको आयु करिब ३० वर्षको हुने अनुमान गरिएको छ । साथै, मर्मत खर्च न्यून लाग्ने र पहाडी भू-भागमा अझ बढी टिकाउ हुने बिश्लेष्ण गरिएको छ । जसले गर्दा सडक बारम्बार बिग्रने र मर्मत गर्नेक्रम स्वत घटनेछ । तयसैले निर्माण लागत, मर्मत खर्च र सडक प्रयोगकर्ता लागत सबैको समग्र विश्लेषण गर्दा दाउन्ने क्षेत्रको लागि ढलान सडक दीर्घकालीन र आर्थिक रूपमा बढी किफायती हुने विशेषज्ञहरुको निष्कर्ष रहेको बताइन्छ । यसका साथै ढलान सडक थप फाइदाजनक हुने सुझाव विज्ञहरुले दिएको दावी गरिन्छ ।

विस्तृत अध्ययन, तथ्यांक प्रमाणीकरण, डिजाइन परामर्शदाता र एडीवीकोसमेत राय सुझावका आधारमा सम्पूर्ण प्रक्रिया पूरागरी आवश्यक स्वीकृतिपश्चात निर्णय कार्यान्वयनमा गरिएको आयोजना स्रोतले दावी गरेको छ । २०८३ असारभित्र निर्माण कार्य सम्पन्न भएपश्चात यस खण्डमा टिकाउ, दिगो र उच्च गुणस्तरको ढलान सडकमा आम यात्रुहरुले सहज रुपमा यात्रा गर्न सक्नेछन् । यो अवधिमा सडक प्रयोगकर्ताहरू यात्रुहरुले देखाउनुभएको धैर्यता र सहयोगलेसमेत निर्माण कार्य अगाडि बढाउन थप मद्दत पुगेको आयोजनाका सिडिई क्षितिज जोशीली बताए ।

# यी हुन् शासकीय विकृति र भ्रष्टाचारजन्य प्रवृत्ति !
# अख्तियार : यी विषय प्राथमिकतामा किन परेनन् ?

● साँघु टिप्पणीकार

**काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले ३५ वार्षिकोत्सवको अवसरमा उच्च राजनीतिक एवम् प्रशासकीय पदाधिकारीहरूमा भ्रष्टाचारका मामिलाहरूको छानबिन वा अनुसन्धानले विकासका काम तथा प्रक्रिया नै अवरूद्ध हुने गरेको भन्ने भ्रम रहेको उल्लेख गरेका छन् । प्रमुख राईले विकास र भ्रष्टाचार नियन्त्रण परस्पर विरोधी विषयवस्तु हो कि भने जुन भाष्य निर्माण गर्न खोजिएको छ त्यो अत्यन्त चिन्ताजनक विषय रहेको बताएका हुन् ।**

आयोगले गर्ने छानबिन वा अनुसन्धानको कारण सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्य रोकिनु हुँदैन भन्नेमा आयोग आफूसमेत स्पष्ट रहेको उनको दावी छ । उनी भन्छन्- 'कुनैपनि खरिद, निर्माण वा अन्य कुनै कार्य प्रक्रियामै रहेको अवस्थामा आयोगले छानबिन वा अनुसन्धान शुरु गर्ने गरेको छैन । तसर्थ, सार्वजनिक पदाधिकारीले आयोगको छानबिन वा अनुसन्धानलाई कारण देखाई कुनै पनि विकास निर्माण तथा सेवा प्रवाह गर्ने आफ्नो पदीय जिम्मेवारीबाट विमुख नहुन म सबैलाई अनुरोध गर्दछु ।'

**उजुरी वा मुद्दा दर्ता गर्दा भ्रष्टाचार नियन्त्रण हुन्छ ?**

प्रमुख आयुक्त राईले भ्रष्टाचारजन्य कसुरसम्बन्धी उजुरीको संख्यामा वा दायर गरिने मुद्दाको संख्यामा वृद्धि हुँदैमा भ्रष्टाचार नियन्त्रण भइहाल्छ भन्ने मान्यता आयोगको नरहेको बताएका छन् । त्यसैले सार्वजनिक पदाधिकारीहरूबाट स्वच्छ ढंगबाट इमान्दार भई कानून बमोजिम कार्यसम्पादन भएमा र भ्रष्टाचार हुनै नदिने गरी मुहानमा नै रोकथाम गरिएमा भ्रष्टाचार नियन्त्रणको कार्य थप प्रभावकारी हुन्छ भन्ने आयोगको विश्वास रहेको उनको भनाई छ । उजुरी नै गर्न नपर्ने अवस्थाको सिर्जना गर्न उनले सम्बद्ध सबै पक्षसँग अनुरोध समेत गरेका छन् ।

त्यसका लागि यदि कुनै कानून बाधक छ भने विधायिकाले उपयुक्त कानूनी व्यवस्था गर्न सक्नुपर्ने उनको भनाई रहेको छ । संविधान र प्रचलित कानूनले आयोगलाई प्रदान गरेको जिम्मेवारी निर्वाह गर्ने कार्यमा आयोग प्रतिवद्ध रहेको छ । जसका लागि स्थायी सरकारको रुपमा रहेको नेपालको सार्वजनिक प्रशासनलाई आधुनिक, व्यवसायिक र नतिजामुखी तुल्याउन यसप्रतिको भरोसा बढाउनुपर्ने उनको तर्क छ । जिम्मेवारी पूरा गर्ने, नगर्ने राष्ट्रसेवकवीच कुनै फरक नहुने अवस्था रहेको छ ।

जसका कारण शक्ति र सत्ताको निकट रहेकाहरु पुरस्कृत भइरहने र इमान्दार राष्ट्रसेवकको उचित मूल्यांकन नहुने परिपाटीको अन्त हुनु जरुरी छ । त्यसो नभइ



प्रमुख आयुक्त प्रेमकुमार राई

सार्वजनिक प्रशासन दह्रो हुँदैन र सार्वजनिक प्रशासनले दह्रो खुट्टा नटेक्दा भ्रष्टाचारजन्य क्रियाकलाप झन वृद्धि हुने उनको प्रष्ट धारणा रहेको पाइन्छ ।

**७ सय ६१ सरकारको एक दशक**

राज्यका तीनतहमा ७ सय ६१ वटा सरकारको अभ्यास गरेको पनि एक दशक बित्न लागिसकेको छ । राजनीति संघीयकरण अपेक्षित रुपमा संस्थागत हुन नसकेको आयोगको ठहर छ । आयोग भन्छ-'खासगरी वित्तीय व्यवस्था र कार्यकारी निकायहरुको सामान्य प्रशासनमा पर्याप्त सुधार हुन सकेको छैन । जनताको नजिकमा रहेको सरकारप्रति नागरिकको अपेक्षा बढी भएकोले पनि उजुरीको ५० प्रतिशत भन्दा बढी हिस्सा स्थानीय र प्रदेशतहसँग सम्बन्धित रहेको छ ।'

खासगरी विकास आयोजना र बजेट विनियोजनमा रहेको अनुशासनहीनता, साधारण खर्चमा बढोत्तरी भइरहेको छ। यसैगरी अनुत्पादक वितरणमुखी कार्यक्रमहरु भ्रष्टाचारजन्य कसुरको हिसाबले जोखिममा रहेको आयोगको भनाई रहेको छ । जनताको नाम जोडेर गरिने निर्णय वा खर्च स्वतः वैध हुन्छ भने मान्यता उनीहरुको रहेको छ । त्यसैले स्वकीय सचिवालय, अतिथि सत्कार, राहत तथा आर्थिक सहायता, अत्याधिक सवारी इन्धन खर्च गर्नेक्रम बढेको पाइएको छ ।

यसैगरी, अस्थायी र करार पदपूर्तिलगायतका प्रशासनिक, आर्थिक विकृति एवम गैरकानूनी कार्यहरु चिन्ताजनक रुपमा बढेको अवस्थाप्रति आयोगले चिन्ता प्रकट गरेको छ । आयोगका अनुसार यी केही प्रतिनिधिमूलक शासकीय विकृति र भ्रष्टाचारजन्य क्रियाकलापहरु मात्र हुन् । आयोगको कार्यक्षेत्र र जिम्मेवारीको पक्षबाट यी विषयवस्तुलाई हेर्दा सिंगो सार्वजनिक क्षेत्रले एकपटक ठण्डा दिमागले सोच्नुपर्ने बेला आइसकेको छ । हामीले आफैलाई, आफ्ना भावी सन्ततिको भाग्य र भविष्यको दिगोपनाको लागि इमान्दार प्रयास गरेका छौं त ? भन्ने प्रश्नसमेत समाजमा उठ्दै आएका छन् ।

त्यसकारण पनि के हामीलाई साँच्चै सुशासन चाहिएको छ ? यदि चाहिएको छ भने हामीले गरेका काम, निर्णय, आदेश र व्यवहार कानून बमोजिम छन् कि छैनन् त्यसको स्वमूल्याङ्कन हुनैपर्छ । अर्थात् राज्यकोष, सदाचारी मूल्य मान्यता र चरित्रमा क्षति पो पुग्छ कि भनेर छातिमा हात राखेर मनन गर्‍यौं भने जवाफ आफैं प्राप्त हुने नै छ । कानूनी व्यवस्था, हाम्रा भनाइ र गराईको वीचमा ठूलो अन्तरलाई कम गर्न यी प्रश्नको जवाफ आफैंभित्र सर्वप्रथम खोज्न जरुरी रहेको आयोगको भनाई छ ।

**भ्रष्टाचार न्यूनीकरण साझा दायित्व**

आयोगका अनुसार, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सार्वजनिक क्षेत्रको मात्र विषयवस्तु किमार्थ होइन । निजी क्षेत्रलाई नीति साझेदारको रूपमा मानिएपछि भ्रष्टाचारजन्य क्रियाकलापको साझेदार मान्नैपर्छ । नाफा नोक्सानको हिसाव गर्नु केवल व्यवसायिक धर्म होला । तर, सिंगो मुलुकको शासकीय सुधार र सुशासनको राष्ट्रिय मूल्य जगेर्ना गर्नु हरेक नागरिकको झन ठूलो जिम्मेवारी हुनेछ ।

त्यसो हुँदा निजी क्षेत्रबाट हुनसक्ने भ्रष्टाचारजन्य कसुरको परिभाषा, एवम् कसुर र सजाय निर्धारणको कानूनी व्यवस्था गर्नेतर्फ पनि आयोगले सबै पक्षको ध्यानाकर्षण गरेको छ । साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय संगठन, विकास साझेदार निकाय र पदाधिकारीहरु पनि भ्रष्टाचार नियन्त्रणको इकोसिष्टम भित्रै पर्नेगरी कानूनी प्रवन्ध गरिनुपर्ने आयोगको भनाई रहेको छ । भ्रष्टाचार एक अपराध नियन्त्रणको विषयमात्र होइन । योत समग्र शासकीय मामिलासँग सम्बन्धित विषयवस्तु हो भन्ने तथ्य हामी सबैले बुझ्न जरुरी रहेको आयोगको भनाई रहेको छ ।

त्यसैले भ्रष्टाचार नियन्त्रण समग्र शासकीय सुधारको अन्तरवस्तु भएकाले पनि राज्यका सबै अंग र क्षेत्रहरुमा भ्रष्टाचार नियन्त्रणको एजेण्डा प्राथमिकतामा राख्नुपर्नेमा आयोगले सचेत गराएको छ। आयोगले आफ्नो कार्यक्षेत्रको महत्व महसुस गर्दैगर्दा भ्रष्टाचार नियन्त्रणको वृहत् राष्ट्रिय अभिभारा कसैले पनि कम आकलन गर्नु नहुने उल्लेख गर्दै आएको छ । नागरिकको बलिदानीबाट प्राप्त राजनीतिक व्यवस्थाको मुख्य ध्येय आर्थिक सामाजिक विकास भएकोले यसका लागि सम्बद्ध सबै पक्ष इमान्दार हुन जरुरी रहेको आयोगको ठहर रहेको छ ।

जसका लागि नागरिकको विकासको आशा र अपेक्षा पूरा गर्न आ-आफ्नो कार्यप्रणालीमा सुशासनयुक्त आचरण र व्यवहारको अभ्यास गर्नुपर्ने आयोग बताउँछ । क्षणिक, संकीर्ण, दलीय, सामुहिक वा व्यक्तिगत स्वार्थमा केन्द्रित भई आफू जिम्मेवारीमा रहँदा उदासिन रहने र जिम्मेवारीमा नहुँदा सुशासनको 'मसिहा' बन्न खोज्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने आयोगको भनाई छ। यसैगरी, एकातिर भ्रष्टाचार गरेकै भएपनि आफ्ना आफन्त र निकटका व्यक्तिहरूलाई कारबाही नहोस् भन्ने चाहना राख्ने प्रवृत्ति मौलाउँदै गएको छ ।

तर, अर्कोतिर अरुलाई भने भ्रष्टाचारमा कारबाही भएन भनेर गुनासो गर्दै हिंड्ने प्रवृत्तिलाई अविलम्ब रोक्न जरूरी भइसकेको छ । तसर्थ, आयोगले सबै सार्वजनिक पद धारण गरेका पदाधिकारीहरूलाई कानूनले दिएको जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्न, कुनै भ्रष्टाचारजन्य गतिविधि नगर्न र देश र जनतालाई शिरमा राखेर काम गर्न हार्दिक आव्हानसमेत गरेको छ । साथै, संविधान र प्रचलित कानूनले तोकेको जिम्मेवारी आयोगले इमान्दारिताका साथ निष्पक्षता, तटस्थता, निर्भिकता र पेशागत विशिष्टताका आधारमा अझ प्रभावकारी रूपमा गर्ने प्रतिवद्धतासमेत जनाएको छ ।

## यातायात कार्यालयमा 'चोरीका गाडी दर्ता' प्रकरण :
# भ्रष्टाचारको यो रुप ! ३२ जनाविरूद्ध मुद्दा दायर

● साँघु संवाददाता

**काठमाडौं/नेपालगञ्ज । यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेका तत्कालीन कार्यालय प्रमुख लोक बहादुर सुनार, उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशका तत्कालीन सचिव (सह-सचिव) उमेश ढुंगानासमेत ३२ जना उपर गलत लिखत एवं गलत प्रतिवेदन तयार तथा सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर गरिएको छ ।**

यातायात व्यवस्था कार्यालय नेपालगञ्ज (बाँके) मा भन्सार छली नेपाल भित्र्याइएका (भारतीय चोरीका भनिएका) सवारी साधनलाई आर्थिक लेनदेन र मिलेमतोमा वैध बनाउँदै दर्ता गरिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा २०८२ फागुन १४ गते आरोपपत्र दायर गरेको छ । अनुसन्धानबाट गलत लिखत तयार गर्ने, सरकारी अभिलेख (ढड्डा/सक्कल सवारी दर्ता किताब) मा गैरकानूनी प्रविष्टि गर्ने, ब्लू-बुकसहित कागजात जारी गरिदिने, कागजात लुकाउने/नष्ट गर्ने र छानबिन नै 'सेटिङ'मा प्रभावित बनाउने काम भएको निष्कर्ष निकालिएको अख्तियारको विवरणमा उल्लेख छ ।

**'कागजात मिलाएर' वैध बनाउने भ्रष्टहरुको योजनाबद्ध प्रक्रिया**

अख्तियारका अनुसार, यातायात कार्यालय नेपालगञ्ज बाँकेका कर्मचारी/अधिकारीहरू र मन्त्रालय/अन्य कार्यालयका कर्मचारीसमेतको मिलेमतोमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९, नियमावली २०५४, यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० (संशोधन सहित) तथा लुम्बिनी प्रदेश सडक सवारी यातायात तथा परिवहन ऐन २०७६ लगायतको प्रचलित कानून विपरीत गलत लिखत तयार, सरकारी कागजातमा गलत विवरण प्रविष्ट, सवारी दर्ता प्रमाणपत्र (ब्लू-बुक) जारी, र गलत प्रतिवेदन तयार गराइएको भन्दै मुद्दा दायर गरिएको हो ।

अख्तियारको आरोपमा सरकारी अभिलेखमा रहने अन्य केही लिखत प्रतिवादीहरुले लुकाउने/नष्ट गर्ने कार्य गरे गराएको तथ्य पुष्टि भएको हो । यसरी यातायात व्यवस्था कार्यालय नेपालगंज बाँके कार्यालय प्रमुख (उपसचिव) लोक बहादुर सुनार, वरीष्ठ लेखा अधिकृत दिनेश सिंह ठाकुर, अधिकृत छैटौ नरभूपाल पौडेल, कम्प्यूटर अधिकृत शक्ति ठाकुर, मेकानिकल सुपरभाईजर पुष्कर राज शर्मा, मेकानिकल सुपरभाईजर शुसील कुमार शर्मा, अधिकृतस्तर छैठौ प्रेम प्रसाद उपाध्याय, अधिकृतस्तर छैठौं काशीलाल अधिकारी, वरिष्ठ शाखा अधिकृत रवीन्द्र के.सी., अधिकृतस्तर छैठौं मधुकर जंग शाह, नायब सुब्बा चित्र बहादुर महतारा, नायब सुब्बा गोपाल शर्मा, नायब सुब्बा मुकुन्दराज के.सी., सहायक लेखापाल ओमराज गिरी, कम्प्यूटर अपरेटर(करार) मनोज गिरी, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव उमेश ढुङ्गाना, उपसचिव रमेश गौतम, वरिष्ठ शाखा अधिकृत प्रदिप खनाल, मेकानिकल इन्जिनियर भरत कुमार कार्की, यातायात व्यवस्था कार्यालय साना ठुला सवारी, एकान्तकुना, ललितपुरका अधिकृत छैठौ हरी बहादुर विष्ट, अधिकृत आठौ प्रकाश अधिकारीसमेतका राष्ट्रसेवक प्रतिवादीहरुले अन्य गैरराष्ट्रसेवक प्रतिवादीहरु बब्लु अली अन्सारी, सुनिला देवी चौधरी, अनिस तामाङ्ग, बलीराम यादव, सूर्यकला पण्डित क्षेत्री घिमिरे, शरद कुमार गोराथोकी, राजकुमार चौधरी, गोकुल प्रसाद श्रेष्ठ, नीता भुर्तेल महर्जन, गेहेन्द्र पौडेल, महेश कुमार नेपालीसमेतसागको मिलेमतो तथा योजनामा भ्रष्टाचारजन्य कार्यमा संलग्न भए, देखिको अख्तियारले दायर गरेको आरोप पत्रमा उल्लेख छ । "मिलेमतो तथा योजनामा" दर्ता प्रक्रियाका चरणमा दर्ता-नामसारीसँग जोडिएका कागजात 'जानी-बुझी' गलत बनाइएको र त्यसबाट राष्ट्रसेवक तथा गैर-राष्ट्रसेवक प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको दाबी छ ।

**कुन-कुन सवारी जोडिए ?**

विवरणअनुसार, अनुसन्धानमा विशेषगरी Brezza मोडलका भन्सार छली/गैरकानूनी रूपमा ल्याइएका सवारीमा अन्य सवारीका नम्बर, इन्जिन/चेसिस नम्बर तथा प्रज्ञापनपत्र-रसिदका विवरण 'टाँसी' नेपालगञ्ज कार्यालयमा पेश गराई वैध बनाउने शैली देखिएको भनिएको छ । (यसै प्रकरणमा "तीन वटा गाडीमध्ये एउटा दर्ता बदर" गरिएको प्रसंगसमेत उजुरीमा उल्लेख छ ।)

**'छानबिन समिति' नै किन विवादमा ?**

यस प्रकरणमा अख्तियारले एउटा गम्भीर पक्ष पनि औंल्याएको छ-भ्रष्टाचारको घटना चुहिएर बाहिर आएपछि छानबिन गरिनुपर्ने वरिष्ठ अधिकृतभन्दा कनिष्ठ दर्जाको कर्मचारीलाई संयोजक बनाएर समिति गठन गरी पूर्वयोजना बमोजिम प्रतिवेदन तयार गरिएको र त्यस प्रतिवेदनमार्फत राष्ट्रसेवकहरूको भूमिकालाई ओझेल पार्ने प्रयास भएको आरोप पत्रमा दाबी गरिएको छ। अख्तियारका अनुसार, प्रतिवेदनलाई प्रदेश मन्त्रालयसम्म पठाई निर्णय 'सदर' गराइएको र त्यसै क्रममा सरकारी अभिलेखमा रहने कागजातहरू प्रतिवादीहरूको घरठेगानाबाट बरामद भएको तथा केही कागजात लुकाउने/नष्ट गर्ने कार्यसमेत भएको भनिएको छ।

**को-को परे प्रतिवादी ? (मुख्य समूह)**

अख्तियारको कागजातअनुसार, प्रतिवादीहरूमा यातायात कार्यालय नेपालगञ्ज बाँकेका तत्कालीन कार्यालय प्रमुख/निमित्त प्रमुख, शाखा/लेखा/कम्प्युटर/मेकानिकलतर्फका कर्मचारीहरू, मन्त्रालयका पदाधिकारी, तथा यातायात व्यवस्था कार्यालय साना ठूला सवारी, एकान्तकुना (ललितपुर) का कर्मचारीसमेत भ्रष्टाचार काण्डमा सोत्तर भएका छन्। यस भ्रष्टाचार काण्ड प्रकरणमा जोडिएका मुख्य नामहरूमा (अख्तियारले उल्लेख गरे अनुसार) कार्यालय प्रमुख (उपसचिव) लोकबहादुर सुनार, वरिष्ठ लेखा अधिकृत दिनेश सिंह ठाकुर, वरिष्ठ शाखा अधिकृत रविन्द्र के.सी., कम्प्युटर अधिकृत शक्ति ठाकुर, मेकानिकल सुपरभाइजरहरू, अधिकृतस्तरका कर्मचारीहरू, तथा लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका तत्कालीन सचिव(सहसचिव) उमेश ढुङ्गाना लगायत समेटिएका छन् । गैर-राष्ट्रसेवक पक्षमा लेखापढी/बिचौलिया/सम्बद्ध व्यक्तिहरूलाई समेत प्रतिवादी बनाइएको देखिन्छ।

**कुन कानूनअन्तर्गत सजाय माग ?**

अख्तियारले यसलाई भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिमको कसुर भन्दै विभिन्न दफाअन्तर्गत कैद तथा जरिवाना मागदाबी लिएको छ। प्रतिवादीअनुसार दफा १९(२), दफा ९, ११, १२ लगायतका दफाअन्तर्गत सजाय माग गरिएको विवरण अख्तियार कागजातमा छ

**किन महत्वपूर्ण छ यो प्रकरण ?**

१) "भन्सार छली" सवारी दर्ताः राज्यको राजस्व र सुरक्षा दुवैमा जोखिम : भन्सार छली आएका सवारी वैध बनाइँदा राजस्व चुहावट मात्रै होइन, कानूनी स्वामित्व, बीमा, दुर्घटना दायित्व, चोरी-तस्करी सञ्जाल जस्ता गम्भीर जोखिम जोडिन्छन्।

२) **यातायात कार्यालयको अभिलेख विश्वसनीयतामाथि प्रश्न**

सवारी दर्ता किताब/ढड्डामा गलत प्रविष्टि र कागजात नष्ट/लुकाउने आरोपले सम्पूर्ण अभिलेख प्रणालीको भरोसा र सेवा प्रवाहको निष्पक्षता माथि प्रश्न उठाउँछ।

३) **छानबिनलाई 'कन्ट्रोल' गर्ने दुष्प्रयास आरोप**

घटना बाहिरिँदा छानबिन समिति गठनदेखि प्रतिवेदन सदर गर्ने प्रक्रियासम्म "मिलेमतो" भएको अख्तियारको दाबीले संस्थागत संरक्षण र जवाफदेहिताको अभावलाई बहसमा ल्याउँछ।

**अब प्रक्रिया के हुन्छ ?**

विशेष अदालतमा आरोपपत्र दायर भइसकेपछि थुनछेक बहस, प्रमाण परीक्षण, बयान/प्रतिवेदन, र अन्तिम फैसला हुँदै जान्छ । मुद्दाको सुनुवाइ क्रममा कागजात, सरकारी अभिलेख, बरामद प्रमाण, निर्णय प्रक्रियाको ट्रेल जस्ता पक्ष निर्णायक हुन सक्छन् ।

### भन्सार छली सवारी कसरी वैध बन्छ ?

भन्सार छली (वा चोरी/अनधिकृत) सवारी "कानूनले" वैध बनाउने बाटो हुँदैन । तर, कागजात-अभिलेख 'मिलाएर' वैध देखिने बनाउने गैरकानूनी तरिका प्रायः यस्ता चरणमा हुन्छ :

**क) "पहिचान बदल्ने" खेलः इन्जिन/चेसिसको मिलान**

चोरी/भन्सार छली आएको सवारीको इन्जिन नम्बर-चेसिस नम्बर अर्कै (कानूनी) सवारीको विवरणसँग मिलाउने/टाँस्ने प्रयास हुन्छ । कहिलेकाहीँ नम्बर प्लेट पनि अर्कै सवारीको बनाइन्छ, ताकि बाहिरबाट वैध देखियोस् ।

**ख) नक्कली वा मिसम्याच कागजात तयार**

प्रज्ञापनपत्र/भन्सार रसिद, आयातसम्बन्धी कागजात, बिल, बीमा, पहिचान कागजात आदि नक्कली बनाइन्छ वा पुरानो/अर्कै सवारीको कागजात प्रयोग गरिन्छ । "सक्कल सवारी"को नाममा गलत पत्र/सिफारिस तयार पारेर फाइलमा राखिन्छ ।

**ग) यातायात कार्यालयको फाइल-ढड्डामा गलत प्रविष्टि**

निर्णायक बिन्दु यही होः सरकारी अभिलेख (ढड्डा/सवारी दर्ता किताब/सिस्टम) मा एक पटक गलत विवरण चढ्यो भने, त्यसपछि ब्लू बुक, नवीकरण, नामसारी/हकान्तरण, कर/बीमा जस्ता सबै प्रक्रिया "कागजमा" ठीकठाक देखिन थाल्छ ।

**घ) "भित्रैबाट पास" गराउने संरक्षित चेन**

कागजात जाँच गर्ने, मेकानिकल/भेरिफिकेशन, कम्प्युटर प्रविष्टि, प्रमाणपत्र जारी गर्ने-यी सबै बिन्दुमा भित्रका कर्मचारी/बिचौलियाको मिलेमतो भयो भने गलत सवारी पनि छिर्न सक्छ । कतिपय अवस्थामा बिचौलिया/लेखापढीमार्फत आर्थिक लेनदेन हुने आरोप पनि उठ्न सक्छ ।

**ङ) कुरा बाहिरिएपछि "छानबिन" नै नियन्त्रण गर्ने प्रयास**

उजुरी परेपछि वास्तविक त्रुटि/कसुर देखिन नदिन, छानबिन समिति गठन, प्रतिवेदन लेखन, दोष 'बाहिर' धकेल्ने, फाइल/कागजात लुकाउने वा नष्ट गर्ने जस्ता चलखेलको आशंका/आरोप पनि यस्तै प्रकरणमा लाग्ने गर्छ ।

निष्कर्षः भन्सार छली सवारी "वैध" हुँदैन, वैध देखिने बनाइन्छ-त्यो पनि कागजात र अभिलेखमा गरिएको गलत प्रविष्टि/नक्कली लिखतको सहाराले ।

### "यातायात कार्यालयका अभिलेख कमजोर हुँदा के-के हुन्छ ?"

यातायात कार्यालयको अभिलेख (ढड्डा/डिजिटल सिस्टम/फाइल) कमजोर हुनु भनेको सिर्फ प्रशासनिक समस्या होइन-यो राजस्व, सुरक्षा, न्याय, बजार विश्वास सबैसँग जोडिएको जोखिम हो ।

१) राजस्व चुहावट र राज्यको प्रत्यक्ष घाटा, भन्सार छली सवारी "दर्ता" भएपछि भन्सार/कर/शुल्क राज्यले गुमाउँछ । यस्तो अभ्यास फैलिंदा कानूनी रूपमा आयात गर्ने व्यवसायी पनि असमान प्रतिस्पर्धामा पर्छ ।

२) चोरी-तस्करी नेटवर्कलाई संस्थागत ढोका, अभिलेख कमजोर भयो भने चोरी/तस्करी सवारीलाई नम्बर-ब्लू बुक दिएर सडकमा उतार्न सजिलो हुन्छ । यसले सीमा-नाकामा हुने नियन्त्रणलाई पनि अर्थहीन बनाउँछ । ३) नागरिकको स्वामित्व अधिकार र उपभोक्ता सुरक्षा संकट कागजमा "वैध" देखिएको गाडी किनेका सर्वसाधारण पछि प्रहरीले समातेपछि, बीमाले दाबी अस्वीकार गर्दा, अदालत/कारबाही पर्दा पीडित बन्न सक्छन् । वास्तविक मालिक/कागजी मालिक/प्रयोगकर्ता-यी तीनैबीच द्वन्द्व बढ्छ ।

४) दुर्घटना, अपराध अनुसन्धान र बीमामा अवरोध, दुर्घटना वा अपराधमा प्रयोग भएको सवारीको ट्रेसिङ गर्दा चेसिस/इन्जिन नम्बर मिल्दैन, मालिक गलत देखिन्छ, जसले अनुसन्धान भड्काउँछ । बीमाले "मिसम्याच" देखाएर दाबी रोकिन सक्छ ।

५) सरकारी निर्णय-प्रणालीमा 'फाइल सेटिङ' संस्कृति अभिलेख कमजोर हुँदा फाइल चलाउनेले नियमभन्दा माथि हुने वातावरण बन्छ । "सिफारिस/पत्र/प्रतिवेदन" गलत भए पनि सदर गराउने चलनले जवाफदेहिता हराउँछ, दण्डहीनता बढ्छ ।

६) सेवा प्रवाहमा आम नागरिकलाई थप दुःख, वास्तविक वैध सवारीको नामसारी, नवीकरण, हराएको ब्लू बुक, जस्ता काममा पनि अभिलेख कमजोर हुँदा अनावश्यक झन्झट र ढिलाइ हुन्छ । त्यसैको फाइदा उठाएर बिचौलिया बढ्छन् ।

७) संस्थामाथि भरोसा खस्किन्छ, यातायात कार्यालयको अभिलेखमा भरोसा घटेपछि नागरिकको नजरमा

"सबै मिलेमतोमै हुन्छ" भन्ने धारणा बलियो हुन्छ, जुन दीर्घकालमा राज्य-संस्थाको वैधतामै चोट हो ।

निष्कर्षः अभिलेख कमजोर हुनु : सवारी दर्ताको "ढोका कमजोर हुनु" हो । यसले भ्रष्टाचार, तस्करी, उपभोक्ता ठगी, सुरक्षा जोखिम र संस्थागत अविश्वास–सबैलाई एकैचोटी मलजल गर्छ ।

## समाचार/विविध

### पूर्व सचिवको यो स्टाटसले क-कसलाई गिज्याउँदै ?

● साँघु संवाददाता

*काठमाठौं । नेपाल सरकारका पूर्व सचिव शारदा प्रसाद त्रितालले सामाजिक संजालमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेतृत्वको ध्यानाकर्षण गराएका छन् । उनले सामाजिक संजाल ट्वीटरमा आफ्नो भनाई पोष्ट गर्दै नेपालको सबैभन्दा खतरनाक समस्या भनेकै भ्रष्टाचार भनेर लेखेका छन् । यही विषयलाई मुख्य बनाएर ०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलन र विद्रोह भएको उनले उल्लेख गरेका छन् । यसै परिवेशमा आफूले २०८२ असोज २५ गते तल उल्लेख भए अनुसारको स्टाटस लेखेको उनले बताएका छन् ।*



शारदा प्रसाद त्रिताल

*'यदि जेन-जी आन्दोलनकारीहरुले सरकारलाई उपयुक्त किसिसमले दवाव दिएको र सरकारले सबै विवरणसहित अख्तियारलाई कारवाहीको लागि लेखी पठाएको भए अख्तियारले हिम्मतसाथ कारवाही गर्न बाध्य हुने थियो । 'केही सुपर, ३ प्रधान र अरु केही छोटे बड्डाहरुको थान्को लागिसक्ने थियो । यस्तो भएको भए चुनावको रौनक नै अर्कै हुने थियो'- उनले सामाजिक संजालमा उल्लेख गरेका छन् । रकमको हिसाबले ठूलो नभए पनि भ्रष्टाचार नियन्त्रणको प्रभावको हिसाबले यो विषय धेरै नै महत्वपूर्ण हुन सक्थ्यो ।'*

*तर, त्यस बारेमा कुनै चासो नै नरहेको जस्तो देखिएको छ । जेन-जी आन्दोलनको माग सम्बोधन गर्ने कार्य यहाँबाट शुरु गर्न सकिन्छ उनले ट्वीटरमा लेखका छन् । २०७५ असोज २ गते प्रमाणित भएर तुरुन्त प्रारम्भ भएको जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३० मा यस्तो भनिएको छ । 'वैदेशिक उपचार वापत खर्च उपलब्ध नहुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइने छैन ।'*

*सञ्चार माध्यममा जानकारीमा आएअनुसार उक्त ऐन कार्यान्वयनमा आएपछि नेकपा एमालेका अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काँग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा दुबैले आ-आफ्नो कार्यकालमा ऐनको उक्त प्रावधानको उल्लंघन गर्दै पूर्व प्रधानमन्त्री झलनाथ खनाललगायतलाई विदेशमा गएर उपचार गराएको खर्च व्यहोर्ने निर्णय गराउनु भयो । पूर्व राष्ट्रपतिहरुलाई पनि पटक पटक रकम दिएको भन्ने समाचार बाहिर आएका थिए । वर्तमान राष्ट्रपतिले भारतमा गएर गराएको उपचार खर्च निकासा दिने निर्णय पनि मन्त्रिपरिषद बैठकले गरेको थाहा हुन आएको थियो ।*

*उनी लेख्छन् 'यो निर्णय गर्दा हाल नेपाली कम्युनिष्ट पार्टीका संयोजक रहेका पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुनुहुन्थ्यो । ऐन लागु भएदेखि नै यस किसिमका अरु पनि धेरै निर्णयहरु भएको भन्ने सुन्नमा आएको छ । यस्ता विषयका निर्णयहरु मन्त्रिपरिषद कार्यालयले सार्वजनिक गर्ने गरेको छैन । यसरी ऐनमा नै लेखिएको प्रावधानको विपरीत निर्णय गर्ने अधिकार मन्त्रिपरिषदलाई पनि छैन । त्यसैले यो अख्तियारको दुरुपयोग र भ्रष्टाचार हो । यसमा दिने र लिने दुबै दोषी मानिन्छ । यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारको उजुरी परिसकेको छ भन्ने पनि सुनिएको हो ।'*

*'मन्त्रिपरिषले गरेका निर्णयमा विगतमा अख्तियारले अनुसन्धान गर्न अनिच्छा देखाउँदै आएको थियो । तर, काभ्रको पतञ्जली भ्रष्टाचार केशमा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल उपर अख्तियारले मुद्दा दायर गरेर एक कदम अगाडि बढेको अवस्था छ । तसर्थ, माथि उल्लिखित केशमा मुद्दा अगाडि बढाएर अख्तियारले आफ्नो अधिकारक्षेत्रको सदुपयोग गर्नु एक सुनौलो अवसर हुनेछ ।*

*यो कदमबाट भ्रष्टाचारीउपर कारवाही गर्नुपर्ने भन्ने जेन-जीहरुको महत्वपूर्ण माग सम्बोधन हुनेछ । साथै, यस कार्यबाट एक दशक अघिदेखि सिण्डिकेट कायम गर्दै देशलाई यो अवस्थामा पुर्‍याउने तीन मुख्य अहंकारी भ्रष्ट नेताहरु पाखा लाग्ने छन् । दलहरुमा शुद्धीकरणको शुरुवात हुनेछ । त्यसैले, जेन-जी अभियानकर्ता र सम्बन्धित दलका इमान्दार नेता तथा कार्यकर्ताले यस विषयलाई विशेष चासो दिनुपर्ने देखिन्छ ।*

*अख्तियारले पनि देशका धमिरा नष्ट गर्ने कार्य यहींबाट शुरु गर्ने हिम्मत देखाउन सकोस् । वर्तमान सरकारले पनि २०७५ असोज २ गतेपछि विदेशमा गएर उपचार गर्नेहरुलाई मन्त्रिपरिषदले निर्णय गरी रकम दिएको विस्तृत विवरण अख्तियारलाई उपलब्ध गराएर भ्रष्टाचार नियन्त्रणको कार्यलाई अगाडि बढाओस्' पूर्व सचिव त्रितालले धक फुकाएर लेखेका छन् । 'भ्रष्टाचार नियन्त्रणको कार्य माथिल्लो तहबाट शुरु गर्दा प्रभावकारी पनि हुने र जनविश्वास पनि बढ्ने यो सुनौलो अवसर हो' उनले ट्वीटरमा लेखेका छन् ।*

### लाइसेन्स परीक्षामा ट्राफिक प्रहरीको समेत 'सेटिङ'
### नतिजा फेरिएको आरोप, अदालतमा मुद्दा दायर

*नेपालगञ्ज/काठमाडौं । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा हेरफेर गरी अनधिकृत रूपमा पास गराइएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा २०८२ फागुन १४ गते भ्रष्टाचार मुद्दा दायर गरेको छ । यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज (बाँके) का कर्मचारी र ट्राफिक प्रहरीसमेत संलग्न रहेको आरोप छ ।*

*अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, प्रतिवादीहरूले मिलेमतो र योजनाबद्ध रूपमा सरकारी अभिलेखमा रहने उत्तरपुस्तिका अनधिकृत रूपमा सच्याउने, केरमेट गर्ने, अंक थपघट गर्ने र डिजिटल अभिलेखमा हेरफेर गरी नतिजा फेरबदल गरेका हुन् । २०८१ सालमा सञ्चालित "क" र "ट" वर्गका परीक्षामा सहभागी केही परीक्षार्थीहरूको परिणाम यसरी परिवर्तन गरिएको दाबी गरिएको छ ।*

*अनुसन्धानका क्रममा डिजिटल फरेन्सिक युनिटको २०८२/०१/०५ को प्रतिवेदन, नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको २०८२/०३/२९ को प्रतिवेदन, परीक्षार्थीहरूको बयान, प्रतिवादीहरूको ह्वाट्सएप च्याट र फोटो विवरण, साथै यातायात व्यवस्था विभागको २०८२/०४/०६ को पत्रबाट परीक्षार्थीहरूले लाइसेन्स प्राप्त गरेको पुष्टि भएको उल्लेख छ । ती प्रमाणका आधारमा उत्तरपुस्तिका हेरफेर गरी नतिजा बदलिएको अख्तियारको निष्कर्ष छ ।*

*मुद्दामा यातायात कार्यालयका तत्कालीन कार्यालय प्रमुख (उपसचिव) लोक बहादुर सुनार, कम्प्युटर अधिकृत शक्ति ठाकुर, अधिकृत छैठौं प्रेम प्रसाद उपाध्याय, कम्प्युटर अधिकृत सतिष जङ्ग शाह, नायब सुब्बा चित्र बहादुर महतारा, अधिकृत छैठौं पूर्णमान वली, सहायक कम्प्युटर अपरेटर मनोज गिरी, नायब सुब्बा मुकुन्द राज के.सी. लगायत प्रतिवादी छन् ।*

*त्यसैगरी जिल्ला ट्राफिक प्रहरी कार्यालय बााकेका तत्कालीन प्रहरी वरिष्ठ नायव निरीक्षक प्रविण आचार्य र नन्द कुमार पोखरेलसमेत प्रतिवादी बनाइएका छन् । गैर-राष्ट्रसेवक पक्षबाट न्यू मामा भाञ्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरका सञ्चालक शरद कुमार गोराथोकीलाई मतियारका रूपमा मुद्दा दायर गरिएको छ ।*

*अख्तियारले यो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुर भएको दाबी गर्दै कैद तथा जरिवाना सजाय मागदाबी गरेको छ । गैर-राष्ट्रसेवक प्रतिवादीमाथि दफा २२ (मतियार) अन्तर्गत मुख्य कसुरदार सरह सजाय माग गरिएको छ ।*

*लाइसेन्स परीक्षा प्रणालीमै नतिजा हेरफेर भएको आरोप सार्वजनिक भएपछि यातायात कार्यालयको परीक्षा व्यवस्थापन र अभिलेख सुरक्षामाथि गम्भीर प्रश्न उठेको छ । योग्यताबिना लाइसेन्स वितरण भएमा सडक सुरक्षामा प्रत्यक्ष असर पर्ने सरोकारवालाको भनाइ छ । विशेष अदालतमा दायर मुद्दाको अब थुनछेक बहस र प्रमाण परीक्षणपछि न्यायिक प्रक्रिया अघि बढ्नेछ । अदालतले दोष प्रमाणित ठहर गरेमा सम्बन्धित ऐनअनुसार कैद र जरिवाना सजाय हुन सक्नेछ ।*

### तिलोत्तमामा तीन अर्बको टाइगर फरेष्ट होटल

*बुटवल । लुम्बिनी प्रदेशमा टाइगर फरेष्ट होटल प्रालिले नयाँ अवधारणासहित आतिथ्य व्यवसायलाई विस्तार गरेको छ । रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नम्बर १३ स्थित कोटीहवामा टाइगर प्यालेस वाई सोल्टी नजिकै रहेको परियोजनाले शान्त र विकसित हरियाली वातावरणमा सो प्रदेशको पर्यटन क्षेत्रमा फरक पहिचान बनाउने लक्ष्य लिएको छ । प्राकृतिक परिवेश, खुला स्थान र मौलिक संरचनाको शैलीका कारण सो होटललाई परम्परागतभन्दा अलग हुने अपेक्षा संचालकहरुको गरेका छन् ।*

*पाहुनको बसाइलाई मध्यनजर गर्दै डान्स क्लब, स्पा र बैंकेट हलसमेत सञ्चालनमा ल्याउने तयारी गरिएको छ । बैंकेट हलमा करिब १५ सयसम्मको क्षमता रहेको संचालकहरुले बताएका छन् । करिब ५ बिघा क्षेत्रफलमा विस्तार भइरहेको यस परियोजनामा हालसम्म करिब १ सय ५० करोड रुपैयाँ लगानी भइसकेको बताइन्छ । अझै थप १ सय ५० करोड लगानी गरी कुल रु. ३ अर्व पुर्‍याएर पाँचतारे रिसोर्ट बनाउने योजना रहेको सञ्चालक मिनराज भुसालले जानकारी दिए ।*

*आगामी दिनमा होटलमा स्वीमिङ पुल, क्यासिनो, गार्डेन, बालबालिकाको लागि आवश्यक खेलक्षेत्रसहित थप ८० वटा काठबाट बनेका भिल्ला निर्माण गरिने योजना रहेको दावी भुसालले गरेका छन् । स्वदेशमा उत्पादन हुने सल्लो र साललगायतका काठ प्रयोग गरेर गरिएको छ । हाल करिब ७० जना स्थानीयले सो होटलमा प्रत्यक्ष रुपमा रोजगारी पाएका छन । होटल अझै पूर्ण रुपमा सञ्चालनमा आएपछि अझ ठूलो संख्याले रोजगारी पाउने संचालकले दावी गरेका छन ।*

# अवकाश सैनिकको स्वास्थ्य व्यवस्थापन कसरी गर्ने ?
# सैनिक कल्याणकारी कोषको सुधार यसरी गरौं



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपाली सेनाले सक्रिय तथा अवकाशप्राप्त सैनिक र उनका परिवारलाई गुणस्तरीय, समयमै र भरोसायोग्य स्वास्थ्य सेवा प्रदान गर्नु आफ्नो मौलिक नैतिक तथा संस्थागत जिम्मेवारी ठान्दछ । स्वास्थ्य सेवा केवल सुविधा वा आर्थिक लाभ मात्र होइन, यो राष्ट्रको सेवा गरेका व्यक्तिहरूप्रति सम्मान, मर्यादा र प्रतिबद्धताको प्रत्यक्ष अभिव्यक्ति हो ।**

भरोसिलो, समयमै र उच्च गुणस्तरको स्वास्थ्य सेवा सुनिश्चित हुँदा संस्थागत विश्वास कायम रहन्छ, मनोबल बलियो हुन्छ र सैनिक तथा उनका परिवारको शारीरिक, मानसिक तथा सामाजिक सुरक्षा सुनिश्चित हुन्छ । अवकाशपछिको सेवा पनि सेनाको निरन्तर जिम्मेवारी हो, जसले सैनिक जीवनभर सेना परिवारको सदस्य रहन्छ भन्ने सिद्धान्तलाई व्यवहारमा पुष्टि गर्छ ।

**स्वास्थ्य सेवा र सैनिक दर्शन**

सेनामा स्वास्थ्य सेवा कार्यक्षमता र सैनिक कल्याणसँग अविभाज्य रूपमा सम्बन्धित छ । सैनिक जीवनभर संस्था-परिवारको सदस्य रहन्छ भन्ने अवधारणा दीर्घकालीन कल्याण दर्शनको आधार हो । सेवा समाप्त भएपछि पनि मर्यादापूर्ण र विश्वसनीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु केवल प्रशासनिक काम होइन, यो सैनिक र संस्थाबीचको नैतिक करारको निरन्तरता हो। स्वास्थ्य सेवाको उपलब्धता र गुणस्तरले संगठनको प्रतिष्ठा, एकता र दीर्घकालीन कार्यक्षमतामा प्रत्यक्ष प्रभाव पार्छ । यसैले कल्याण र कार्यक्षमता परस्पर पूरक छन्, विकल्प होइनन् ।

**तहगत संरचनाः सिद्धान्त र व्यवहार**

नेपाली सेनाको स्वास्थ्य प्रणाली सैद्धान्तिक रूपमा तहगत संरचनामा व्यवस्थित गरिएको छ । कम्पनी तथा बटालियन तहमा मेडिकल इन्स्पेक्सन कोठाहरूले प्राथमिक स्वास्थ्य सेवा, रोकथाम, प्रारम्भिक रोग पहिचान, नियमित स्वास्थ्य अनुगमन र सामान्य उपचार प्रदान गर्छन् । सामान्य रोग, साना चोटपटक र नियमित स्वास्थ्य समस्या यही तहमा समाधान हुने अपेक्षा गरिन्छ, जसले उच्च तहमा अनावश्यक सिफारिस घटाउँछ ।

ब्रिगेड तहमा क्षेत्रीय स्वास्थ्य एकाइहरू (क्षेत्रीय उपचार गाडी) ले उच्चस्तरीय परीक्षण सुविधा, आपतकालीन स्थिरीकरण, प्रारम्भिक विशेषज्ञ परामर्श र व्यवस्थित सिफारिस व्यवस्थापन गर्छन् । यी एकाइहरूले बिरामी अभिलेख व्यवस्थापन, प्रवाह नियन्त्रण र संसाधन वितरणमा पनि महत्वपूर्ण भूमिका खेल्छन् ।

डिभिजन तहमा क्षेत्रीय अस्पतालहरूले माध्यमिक स्वास्थ्य सेवा, सीमित विशेषज्ञ उपचार र सामान्य शल्यक्रिया सञ्चालन गर्छन् । यसले मध्यम जटिल रोगको व्यवस्थापन क्षेत्रीय स्तरमै सम्भव बनाउँछ र केन्द्रीय अस्पतालमाथिको दबाव घटाउँछ । केन्द्रीय तहमा काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पताल(छाउनी) सबैभन्दा जटिल केस, उच्च जोखिम शल्यक्रिया र विशेष परीक्षणको मुख्य केन्द्र हो । यसले सैनिक स्वास्थ्य सेवाको संस्थागत प्रतिष्ठा कायम राख्ने भूमिका निर्वाह गर्छ ।

**व्यवहारिक असन्तुलन र बढ्दो दबाव**

यद्यपि संरचना स्पष्ट छ, व्यवहारमा तल्लो तथा मध्य तहका एकाइहरूको असमान प्रदर्शन, सीमित परीक्षण क्षमता, विशेषज्ञ पहुँचको कमी र प्रक्रियागत ढिलाइका कारण धेरै अवकाशप्राप्त सैनिकहरू यी तहहरू पार गर्दै सिधै केन्द्रीय अस्पताल पुग्ने गरेका छन् । यो अनुशासन उल्लंघनभन्दा बढी भरोसिलो र निरन्तर सेवा खोज्ने विवेकी निर्णय हो । वृद्ध, दीर्घकालीन रोगी तथा बहु-प्रणाली रोग भएका सैनिकहरू विश्वास, निरन्तरता र मर्यादापूर्ण व्यवहारलाई प्राथमिकता दिन्छन् ।

यस प्रवृत्तिले केन्द्रीय अस्पतालमाथि प्रशासनिक र चिकित्सकीय दुवै प्रकारको दबाव बढाएको छ । अत्यधिक जटिल उपचारका लागि छुट्याइएका स्रोतहरू साधारण वा मध्यम जटिल केसमा प्रयोग हुन थालेका छन् । दीर्घकालीन रूपमा यसले केन्द्रीय संस्थाको रणनीतिक भूमिका कमजोर पार्ने र समग्र प्रणालीको प्रभावकारिता घटाउने जोखिम पैदा गर्छ ।

**अन्तर्राष्ट्रिय अभ्यास र सन्दर्भ**

अन्तर्राष्ट्रिय सैन्य स्वास्थ्य प्रणालीहरूले यस्तै चुनौती समाधान गर्दा पहुँच बन्द गर्ने होइन, तल्लो तह सुदृढ गर्ने रणनीति अपनाएका छन् । भारतमा कमाण्ड अस्पताल उच्चस्तरीय भए




पनि अधिकांश अवकाशप्राप्त सैनिकको उपचार स्थानीय पोलिक्लिनिक र क्षेत्रीय एकाइमार्फत हुन्छ । दीर्घकालीन रोग व्यवस्थापन, नियमित परीक्षण र औषधि वितरण स्थानिय स्तरमै गरिन्छ । सिङ्गापुर सेनाले स्पष्ट चिकित्सकीय प्रोटोकल, अनुशासित सिफारिस प्रणाली र पूर्ण डिजिटल अभिलेख प्रयोग गरेर प्राथमिक तथा मध्य तहलाई सक्षम बनाएको छ ।

**सैनिक कल्याण कोष र रणनीतिक लगानी**

सैनिक कल्याण कोष, संयुक्त राष्ट्र शान्ति सुरक्षा योगदान र राष्ट्रिय रक्षा बजेटबाट प्राप्त स्रोतहरू दीर्घकालीन कल्याणका लागि रणनीतिक रूपमा प्रयोग गरिनुपर्छ। क्षेत्रीय स्वास्थ्य केन्द्र सुदृढीकरण, आधुनिक परीक्षण उपकरण, मोबाइल विशेषज्ञ सेवा, जनशक्ति तालिम र डिजिटल प्रणाली विकासमा लगानी गर्नुपर्छ ।

जीवनभरको एकीकृत डिजिटल मेडिकल अभिलेख प्रणालीले उपचार निरन्तरता सुनिश्चित गर्छ, दोहोरिने परीक्षण घटाउँछ र चिकित्सकीय जवाफदेहिता बलियो बनाउँछ । सिफारिस प्रणालीलाई प्रशासनिक अवरोध होइन, समन्वित उपचारको साधनका रूपमा पुनर्परिभाषित गर्नुपर्छ । वृद्ध, अशक्त वा उच्च जोखिम भएका सैनिकहरूका लागि लचकता कायम राख्नु आवश्यक छ ।

संस्कृति, मर्यादा र भविष्यदृष्टि

तल्लो तहमा सम्मानजनक र मर्यादापूर्ण सेवा उपलब्ध हुँदा सैनिकहरू संरचित सिफारिस मार्ग अपनाउन प्रेरित हुन्छन् । ब्रिगेड र डिभिजन स्तरमा साधारण तथा मध्यम जटिल केस व्यवस्थापन सुदृढ भएमा केन्द्रीय अस्पताल जटिल केसमा केन्द्रित रहन सक्छ, जसले दक्षता र प्रतिष्ठा कायम राख्छ ।

स्वास्थ्य सेवा अवकाशप्राप्त सैनिकको जीवनभरको अधिकार र संस्थाको स्थायी जिम्मेवारी हो भन्ने दृष्टिकोण संस्थागत संस्कृतिमा स्थापित हुनुपर्छ । तहगत क्षमता सुदृढीकरण, डिजिटल प्रणाली, पारदर्शी सिफारिस प्रक्रिया र सैनिक कल्याण कोषको रणनीतिक प्रयोगमार्फत नेपाली सेनाले सन्तुलित, प्रभावकारी र अन्तर्राष्ट्रिय मापदण्डअनुकूल स्वास्थ्य प्रणाली निर्माण गर्न सक्छ ।

यसले अवकाशप्राप्त सैनिकको मर्यादा सुरक्षित राख्नेछ, संस्थागत विश्वास बलियो बनाउनेछ र नेपाली सेनाको नैतिक प्रतिबद्धता व्यवहारमा प्रमाणित गर्नेछ ।

*(लेखक परिचय: ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोन: +९७७ ९८५१०७३४७७ । इमेल: thapalok53@gmail.com)*

# वीरेन्द्र सैनिक अस्पतालमा शक्ति, रासन र शोषण
# सैनिक स्वास्थ्य सेवाको चरम लापरवाही कसले हेर्ने ?

## चिठ्ठी-पत्र

**E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com**

*श्रीमान् सम्पादकज्यू*
*साँघु साप्ताहिक, काठमाडौं*

नेपाली सेना उच्च अनुशासनमा रही आफ्नो भूमिका निर्वाह गर्नुपर्ने तथा चेन अफ कमाण्डमा चल्नुपर्ने संस्था हो भनेर हामीले भनिरहनु पर्ने होइन । तर, नेपाली सेनाको सैनिक कल्याणकारी कोषबाट सञ्चालित वीरेन्द्र सैनिक अस्पतालमा अत्यधिक व्यक्तिगत स्वार्थ, चरम लापरवाही र अनियमितता व्याप्त रहेको गुनासो हामी सुन्ने गर्छौं ।

श्रीमान् प्रधानसेनापतिज्यू, वीरेन्द्र सैनिक अस्पतालमा शक्तिको ध्वाँस देखाउँदै हाकिम र अन्य एक-दुई जना व्यक्तिहरूले मनपरी गर्दै आएको हामीलाई लागेको छ । वीरेन्द्र सैनिक अस्पतालका सुवेदार नेत्रबहादुर मल्ललाई यहाँ मनपरी गर्न त खटाएको होइन भन्ने आशंका छ ।

नेत्रबहादुर मल्ल हाल वीरेन्द्र सैनिक अस्पतालमा सञ्चालन भएको नर्सिङ असिस्टेन्ट ग्रेड-३ तालिममा तालिमरत रहेका छन् । तर, तालिमको नियमानुसार कुनै पनि पीटी तथा रेडमा सामेल हुँदैनन् । यदि पीटी आयो भने हाजिर माग्ने र अरूलाई थर्काउने गर्छन् । अस्पतालको नियमअनुसार तालिममा सहभागी भएका विद्यार्थीलाई डेरा वा घरमा रासन लैजान नदिने चलन छ । तालिममा रहेकालाई बिहान-बेलुका दुई छाक मेसमा खाना खाने व्यवस्था गरिएको छ । तर, निज मल्लले दुवै छाक मेसमा खाना खाने र दुवै छाक रासन लैजाने गरेका छन् । के यो चरम दुरुपयोग र लापरवाही होइन ? यदि रासन नदिए टाढाको युनिटमा सरुवा गराइदिन्छु भनी थर्काउने गरेका छन् ।

रासन दिने अमल्दार रमेशकुमार थापा हुन् । निज रमेशले आफ्नो स्वार्थका लागि नेत्रबहादुरको घरमै रासन पुर्‍याइदिने गरेको बताइन्छ । साथै प्रत्येक मासु स्केलमा एक किलो दिनुपर्छ भन्ने व्यवस्था छ । नेत्रबहादुर मल्लले बिरामी मेसबाट समेत रासन लैजाने गरेका छन् । बिरामी मेसबाट रासन दिने हवल्दार टोपबहादुर खड्का हुन् । टोपबहादुर खड्काले स्टोरबाट रासन अमल्दार आरोसी थापालाई दिने र त्यो रासन व्यवस्थापन स्टोरमा ल्याई त्यहाँबाट दिने गरिएको छ ।

अस्पतालमा मेडिकल आइटमका लागि टेण्डर आव्हान गर्ने गरिएको छ । तर टेण्डरमार्फत खरिद गर्नुपर्ने मेडिकल उपकरण (बीपी सेट मेसिन) खरिद गर्दा ठेकेदारलाई बाइपास गरी महँगो मूल्यमा कम गुणस्तरको सामान खरिद गरिएको छ । पारदर्शी रुपमा कोटेसनमार्फत खरिद गर्नुपर्ने सामान हाकिमहरूसँग मिलेमतो गरी नेत्रबहादुर मल्लले एकल रूपमा खरिद गरी ल्याउने र बोर्डबाट स्वीकृत गराउने गरेको आरोप छ ।

साथै, अस्पतालमा कार्यरत रहेका व्यक्तिहरूलाई राम्रो विभागमा ड्युटी हालिदिन्छु भनी स्वार्थका प्रस्ताव राखेर शोषण गर्ने, लोभ-लालचमा पार्ने कामसमेत हुने गरेको गुनासो पीडितहरुको रहेको छ । व्यक्तिगत कारोबार अमल्दार वीरेन्द्र विष्ट र सि. धनबहादुर खत्रीमार्फत गर्ने गरिएको हामी सुन्छौं । केही समयअघि सि. धनबहादुर खत्री र सुवेदार नेत्रबहादुर मल्लले प्याथोलोजी विभागमा ड्युटी हालिदिन्छु भनी एकजना अमल्दारसँग आर्थिक कारोबार समेत गरेको आरोप छ ।

ड्युटी व्यवस्थापनमा चरम लापरवाहीले न्याय मरेको अवस्था छ । कसैको ड्युटी आउँछ, कसैको आउँदैन । मेडिकल प्राविधिक हुँदा पनि प्राविधिक अमल्दारलाई ड्युटी आउँछ, तर कतिपय सिपाहीको पोस्टमा ड्युटी आउँदैन । प्राविधिकले वार्डमा १२ घण्टा नाइट ड्युटी सकेर फेरि प्रशासनतर्फ ३-४ घण्टा बस्नुपर्छ । तर प्रशासनतर्फका लेसनायकदेखि हवल्दारसम्मलाई ड्युटी नआउने, बिहान १० बजे स्टोरमा आउने र ४ बजे घर जाने गर्छन् । के यो समान व्यवहार हो ? कहाँको सेनामा सिनियरले ड्युटी बस्ने र जुनियर घरमा रमाउने व्यवस्था हुन्छ ?

सत्यतथ्य जङ्गी अड्डाबाटै तत्कालै छानबिन होस् । पीडितहरुले माथिल्लो तहमा रिपोर्ट गरे टाढाको सरुवा गराइदिन्छु भनी धम्की दिने गरिएको छ । नेत्रबहादुरका विश्वासिलो पात्र सि. रामबहादुर चौधरी ७ वर्षदेखि अस्पतालको मुख्य स्टोरमा कार्यरत छन् । सामान खरिद गर्दा सप्लायर्स र ठेकेदारसँग कमिशन लिने र केही रकम नेत्रबहादुर मल्ललाई दिने गरेको चर्चा पनि सुन्ने गरेका छौं । उहाँको कहिल्यै ड्युटी नआउने र आफूभन्दा सिनियर प्राविधिक सुवेदारलाई समेत थर्काउने गरिएको छ ।

नेत्रबहादुर मल्लका अर्को पात्र तालिम केन्द्रका प्रा.हु. (हवल्दार मेजर) नरेन्द्र विष्ट हुन् । बाहिर युनिटबाट तालिममा आएका महिला सैनिकहरुलाई अनेक किसिमले अनावश्यक रुपमा दुःख दिने गरेका गुनासो पनि पीडितहरुले गर्ने गरेका छन् । हामीले सम्बन्धित इकाईमा पटक-पटक उजुरी पत्र पठाउँदा पनि कुनै कारबाही नभएकाले यस साँघु साप्ताहिक पत्रिकामार्फत निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा रासनसम्बन्धी सत्यतथ्य अनुसन्धानको माग गर्दछौं । वीरेन्द्र सैनिक अस्पतालमा कार्यरत सैनिकहरु सबैलाई समान व्यवहार होस् । न्याय र अनुशासन कायम गरियोस् ।

*भवदीय*
*पीडित सैनिकहरु*
*वीरेन्द्र सैनिक अस्पताल*

सडक निर्माण विस्तारमा
सहयोग गरौं !
गुणस्तरीय निर्माण कार्यको लागि
सबैको सचेतना जरुरी छ !!

आयोजना निर्देशक
(एडिबी)

## स्वास्थ्य/घरेलु उपचार

# घाउचोटका लागि उपयुक्त घरेलु उपचार



*साना चोटपटक, कटाइ-छिलाइ वा सामान्य घाउमा तत्काल प्राथमिक उपचार गरेमा संक्रमण रोक्न र छिटो निको हुन मद्दत पुग्छ । तलका उपायहरू सानो र सतही घाउका लागि मात्र उपयुक्त हुन् ।*

***१) सफाइ पहिलो कदम***

*घाउलाई सफा पानीले धुनुहोस् ।*

*घाउको वरिपरि हल्का साबुन प्रयोग गर्न सकिन्छ (घाउभित्र साबुन नहाल्नुहोस्) ।*

*सफा कपडा/गजले ओभानो पारेर, सुकाएर एन्टिसेप्टिक लगाई हल्का ब्यान्डेज गर्नुहोस् ।*

***२) घ्यूकुमारी** (Aloe Vera)*

*ताजा घ्यूकुमारीको जेल सिधै घाउमा लगाउँदा चिसोपन, सूजन कम र छाला पुनःनिर्माणमा सहयोग मिल्छ । दिनमा १-२ पटक प्रयोग गर्न सकिन्छ ।*

***३) बेसारको लेप***

*बेसारमा एन्टिब्याक्टेरियल गुण हुन्छ । सफा पानी/नरिवल तेलसँग थोरै मात्रामा मिसाएर पातलो लेप बनाइ हल्का लगाउनुहोस् । धेरै गहिरो घाउमा चाहिं प्रयोग नगर्नुहोस् ।*

***४) नरिवल तेल वा मह***

*नरिवल तेलले छाला नरम राख्छ र सुक्खापन घटाउँछ । शुद्ध, सफा महले घाउ सुकाउन र जीवाणु वृद्धि रोक्न मद्दत गर्न सक्छ । पातलो तहमा मात्र लगाउनुहोस् ।*

***डाक्टर कहाँ जानै पर्ने अवस्था ?***

*गहिरो/ठूलो घाउ, धेरै रगत बग्ने, जनावर वा फोहोर वस्तुले काटेको, रातोपन, पस, उच्च ज्वरो देखिएमा, टिटानस खोप अपडेट नभएको अवस्थामा*

*घरेलु उपचार प्राथमिक सहायता मात्र हो । गम्भीर अवस्थालाई बेवास्ता नगरी तुरुन्त स्वास्थ्यकर्मीको सल्लाह लिनुहोस् । स्वस्थ र सुरक्षित रहनुहोस् ।*

# भविष्यको स्वास्थ्य कवचः कन्जुगेट भ्याक्सिन




*संयुक्त राष्ट्रसंघको मानव विकास प्रतिवेदन सन् २०२६ र विश्व स्वास्थ्य संगठन (WHO) का ताजा तथ्याङ्कहरूले हालै सार्वजनिक गरेका निष्कर्षहरूले विश्व स्वास्थ्य र मानव विकासको अवस्थाबारे महत्वपूर्ण जानकारी दिएका छन् । यी प्रतिवेदनहरूले स्वास्थ्य, शिक्षा, जीवनस्तर र वातावरणीय दबावबीचको सम्बन्धलाई गहिरो रूपमा विश्लेषण गरेका छन् । विश्व स्वास्थ्य क्षेत्रमा पछिल्लो दशकमा भ्याक्सिन प्रविधि तीव्र गतिमा अगाडि बढिरहेको छ । यसै क्रममा कन्जुगेट भ्याक्सिनलाई रोग नियन्त्रणमा एक महत्वपूर्ण उपलब्धि मानिन्छ ।*

***कन्जुगेट भ्याक्सिन के हो ?***

*कन्जुगेट भ्याक्सिन भनेको यस्तो प्रकारको भ्याक्सिन हो जसले कमजोर एन्टिजेनलाई बलियो एन्टिजेनसँग जोडेर शरीरको प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाउँछ । सामान्यतया केही ब्याक्टेरियाका बाहिरी भागमा पाइने पोलिसाखाराइड एन्टिजेन (चिनी अणु) शरीरले सजिलै चिन्न सक्दैन । यसलाई मात्र प्रयोग गर्दा प्रतिरक्षा प्रतिक्रिया कमजोर हुन्छ, विशेषगरी दुई वर्षभन्दा कम उमेरका बालबालिकामा। तर जब यसलाई क्यारियर प्रोटिनसँग जोडिन्छ, शरीरले यसलाई बलियो रूपमा चिन्छ र दीर्घकालीन प्रतिरक्षा स्मृति विकास हुन्छ ।*

***यसले के काम गर्छ ?***

*रोग प्रतिरोधात्मक क्षमता बढाउँछ : कमजोर एन्टिजेनलाई बलियो एन्टिजेनसँग संयोजन गरेर शरीरलाई रोगजन्य ब्याक्टेरियाविरुद्ध सजग बनाउँछ । बालबालिकामा प्रभावकारीः साधारण पोलिसाखाराइड भ्याक्सिनले साना बालबालिकामा राम्रो काम नगरे पनि कन्जुगेट भ्याक्सिनले उनीहरूमा बलियो प्रतिरक्षा प्रतिक्रिया उत्पन्न गर्छ ।*

*दीर्घकालीन सुरक्षाः यसले शरीरमा T-सेल निर्भर प्रतिरक्षा प्रतिक्रिया उत्पन्न गर्ने भएकाले रोगविरुद्ध लामो समयसम्म सुरक्षा दिन्छ । स्मरण शक्ति विकासः शरीरले रोगजन्य ब्याक्टेरियालाई चिन्न र सम्झन सक्ने क्षमता विकास गर्छ, जसले भविष्यमा रोग प्रवेश गर्दा तुरुन्त प्रतिक्रिया दिन सहयोग पुऱ्याउँछ ।*

***प्रयोग हुने प्रमुख रोगहरू***

***कन्जुगेट भ्याक्सिन विशेषगरी निम्न रोगहरू रोकथाममा प्रयोग हुन्छः***

***निमोनिया** (Pneumococcal disease)*


***मेनिन्जाइटिस** (Meningococcal disease)*

***हिमोफिलस इन्फ्लुएन्जा टाइप बी** (Hib)*

***निष्कर्ष***

*कन्जुगेट भ्याक्सिनले कमजोर एन्टिजेनलाई बलियो प्रतिरक्षा प्रणालीसँग जोडेर रोगविरुद्ध दीर्घकालीन सुरक्षा दिन्छ । यसले विशेषगरी बालबालिकामा संक्रामक रोग नियन्त्रणमा क्रान्तिकारी योगदान पुऱ्याएको छ । स्वास्थ्य विज्ञहरूका अनुसार भविष्यमा अझ धेरै रोगहरूको रोकथामका लागि कन्जुगेट भ्याक्सिन प्रविधि प्रयोग हुने सम्भावना उच्च छ ।*

# डिजिटल जीवन, घट्दो अनुशासन



*काठमाडौं । डिजिटल जीवनशैलीले सहजता र अवसर प्रदान गरे पनि अनुशासनमा गिरावट ल्याएको चिन्ता बढ्दो छ । जेन-जी पुस्तामा समय व्यवस्थापन र दिनचर्या पालनामा कमजोरी देखिन थालेको शिक्षाविद्हरू बताउँछन् ।*

*राति अबेरसम्म गेम, भिडियो वा सामाजिक सञ्जालमा सक्रिय रहने बानीले बिहानको दिनचर्या प्रभावित भइरहेको छ । पढाइ वा काममा ध्यान केन्द्रित गर्न कठिनाइ हुने समस्या बढेको छ । छोटो भिडियो र द्रुत सामग्री उपभोग गर्ने बानीले दीर्घ समय ध्यान केन्द्रित गर्ने क्षमता घटाएको विज्ञहरूको भनाइ छ ।*

*डिजिटल उपकरणले बहुकार्य (मल्टिटास्किङ) सजिलो बनाएको भए पनि उत्पादकत्व घटाएको अध्ययनले देखाएका छन् । एउटै समयमा मोबाइल, ल्यापटप र टेलिभिजन प्रयोग गर्दा मस्तिष्क थकित हुने र कार्यक्षमता घट्ने सम्भावना हुन्छ ।*

*विशेषज्ञहरू डिजिटल अनुशासन विकास गर्न सुझाव दिन्छन् । निश्चित समय तालिका, 'नो फोन जोन' अभ्यास, नियमित व्यायाम र प्रत्यक्ष सामाजिक सहभागिता बढाउन आग्रह गरिएको छ । डिजिटल साधन जीवन सहज बनाउन बनेका हुन्, जीवन नियन्त्रण गर्न होइन भन्ने चेतना विकास गर्नुपर्नेमा जोड दिइएको छ ।*

# ८७ वर्षेको आवाज, भ्रष्टाचारविरुद्धको हुँकार
# हामी कथाका दर्शक होइनौं, निर्माता हौं, व्यवस्था बदल्ने अठोट




## मदनदेव आचार्य (८७), स्वतन्त्र उम्मेदवार, काठमाडौं क्षेत्र नम्बर-४

*(यही २०८२ फागुन २१ गते बिहीबार प्रतिनिधिसभा निर्वाचन हुँदैछ । जेनजी विद्रोहपछि हुन गइरहेको निर्वाचनले कुन राजनीतिक दलको पल्ला भारी अर्थात् बहुमत ल्याउने हो, त्यो भने मतगणनापछि मात्र स्पष्ट हुनेछ । यसपटक नयाँ दर्ता भएका अधिकांश राजनीतिक दलहरूले युवा उम्मेदवार उठाएका कारण राजनीतिक वृत्तमा चर्चा चुलिएको छ । झापा क्षेत्र नम्बर-५ मा एमाले अध्यक्ष केपी ओलीविरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना वरिष्ठ नेता तथा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहलाई राजीनामा गराएर उम्मेदवार बनाएको छ ।*

*नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र बालेन्द्र शाहबीचको प्रतिस्पर्धा मुलुकभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमा समेत चर्चाको विषय बनेको छ । तर, संघीय राजधानीसमेत रहेको काठमाडौं क्षेत्र नम्बर४ मा भने जेन-जी र दलहरुको उम्मेदवारहरुलाई पाठ पढाउन र चुनौती दिन बौद्धिक व्यक्तित्व(खिचडी पुस्तकका लेखक) ८७ वर्षीय मदनदेव आचार्यको उम्मेदवारी(दूरबिन चुनाव चिन्ह)ले चुनावलाई थप रोचक बनाएको छ । पूर्वकर्मचारीसमेत रहेका आचार्य सम्भवतः यस निर्वाचनका सबैभन्दा वृद्ध उम्मेदवार हुन् । यही सन्दर्भमा साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले मदनदेव आचार्यसँग गरेको कुराकानीको सम्पादित अंश प्रस्तुत गरिएको छ-सम्पादक)*

**० तपाई ८७ वर्षको उमेरमा चुनाव लड्ने निर्णय गर्नु असामान्य मानिएको छ, प्रतिनिधि सभाको उम्मेदवार बन्न के कुराले प्रेरित गऱ्यो ?**

नेपालमा २०४७ साल यता ३५ वर्षको यस अवधिमा सरकार र प्रमुख दलहरुको धेरै विकृतिहरू देखेको छु । मन्त्री, नेता र सरकारका सचिवहरूले कसरी भ्रष्टाचार गर्छन्, भ्रष्टाचार कसरी हुन्छ, कर र खर्चमा के-के अनियमितता हुन्छन्, म सबै जान्दछु । संसदमा पुगेपछि यी तथ्यहरू रेकर्ड गरेर जनतासमक्ष ल्याउनेछु । देशप्रति अगाध माया छ, यो मेरो जिम्मेवारी हो ।

सरकारी सेवामा रहँदा दरबार र प्रशासनका धेरै कुरा नजिकबाट देखेँ- प्राइभेट मिटिङ, फाइल हेरफेर, कर र खर्चको दुरुपयोग । अब मेरो अनुभव र ज्ञान संसद प्रयोग गर्ने बेला आएको छ । मानिसहरू सोध्छन्-“यो उमेरमा किन ?” मेरो जवाफ सरल छ-किनभने मैले धेरै विकृतिहरु देखिसकेको छु । धेरै चुनाव, धेरै नेता, धेरै भाषण र वाचा सुनें, भोगें, देखें । तर, परिणाम हेर्दा देशको अवस्था चाहिं लोकतन्त्र, गणतन्त्र जे भने ३५ वर्षसम्म उस्तै छ ।

जेष्ठ नागरिकले जीवनको यो चरणमा चुप लागेर बस्नु भनेको आफूले देखेका कमजोरीहरू स्वीकार गर्नु हो । म चाहिं त्यो गर्न सक्दिनँ । यदि हाम्रो अनुभव देशको उन्नतिका लागि प्रयोग नगर्ने हो भने यो जीवनको मूल्य के ? त्यसैले संसदमा पुगेर राष्ट्र र जनताका समस्या स्पष्ट राख्न, बोल्न, सुधारका विषय उठाउन र शासन, सत्तालाई जवाफदेही बनाउन उम्मेदवारी दिएको हुँ । मेरो उम्मेदवारी पद, प्रतिष्ठा वा आर्थिक लाभका लागि होइन-यो जिम्मेवारीको अनुभूति हो ।

**० संसदमा पुग्नुभयो भने तपाईंको प्राथमिकता के के हुनेछन् ?**

मेरो पहिलो प्राथमिकता भ्रष्टाचारविरुद्ध आवाज उठाउनु हो । सार्वजनिक खर्च, ठेक्का प्रणाली, कर प्रशासन, राजस्व चुहावट, संकलन-यी क्षेत्रमा व्यापक सुधार आवश्यक छ । विकास आयोजनामा लागत बढाएर देखाउने, गुणस्तर कमजोर बनाउने, राज्य कोष लुट्ने र अनुगमन प्रभावकारी नहुने समस्या छन् ।

इमानदार सांसदको मुख्य काम नीति निर्माण र निगरानी हो । तर, अहिले धेरै सांसदले स्थानीय विकासको नाममा प्रभाव जमाउने काममा ऊर्जा खर्च गरिरहेका छन् । सांसदले सरकारलाई चोटिलो प्रश्न गर्नुपर्छ, अनियमितता रोक्न सशक्त बन्नु पर्छ र जनताको आवाजलाई नीतिमा रूपान्तरण गर्नुपर्छ ।

**० तपाईंले नेपालको राजनीतिक इतिहासलाई नजिकबाट हेर्नुभएको छ । समयसँगै चुनावको चरित्र के कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ ?**

२०४८ सालको प्रारम्भिक चुनावहरूमा जनतामा उत्साह र विश्वास बढी थियो । जनताले मतदानलाई अधिकार मात्र नभई जिम्मेवारीका रूपमा लिएका थिए । राजनीति सेवा र विचारको विषय थियो । नेता र नागरिकबीचको दूरी पनि कम थियो ।

समयसँगै नेताको चरित्र र चुनावको स्वरूप बदलियो । विचारभन्दा रणनीति, प्रतिबद्धताभन्दा व्यक्तिगत र पारिवारिक व्यवस्थापन, र सेवाभन्दा सत्ता प्राथमिक हुन थाल्यो । अहिले चुनाव ठूलो परियोजनाजस्तो देखिन्छ-प्रचार खर्च अति महँगो, गठबन्धन र समीकरण !

सबैभन्दा ठूलो समस्या के हो भने चुनावपछि जनताको भूमिका कमजोर हुन्छ । मतदानका बेला जनता केन्द्रमा हुन्छन्, तर सरकार गठन भएपछि मतदाता किनारामा धकेलिन्छन् । यही कारणले जनविश्वास कमजोर हुँदै गएको छ र मतदाता ठुला दलहरुप्रति भड्किएका छन् ।

**० तपाईंको लक्ष्य भ्रष्टाचार हटाउने नै हो ?**

हो । प्रशासनमा सचिव र कर्मचारीहरूले घुस, फाइल हेरफेर अनियमितता, खर्चको दुरुपयोग, कर्मचारीको असक्षम प्रयोगजस्ता विकृतिहरू गर्छन् । मैले अनुभव गरेको छु-दुई लाख घुस दिएर संस्थाको निर्देशक हटाइएको घटना पनि देखेको छु । तर, मैले त्यस्तो काम कहिल्यै गरेको छैन ।

स्वास्थ्य क्षेत्रमा काम गर्दा फाइल र निर्णय प्रक्रियामा पारदर्शिता ल्याएको थिएँ । म संसदमा पुगेपछि यी विषय रेकर्ड गरेर भण्डाफोर गरी जनतासमक्ष ल्याउने योजना छ ।

**० भ्रष्टाचार रोक्न तपाईंको योजना के छ ?**

सरकारका सचिव, उच्च पदस्थ कर्मचारी, नेता, मन्त्रीको अनियमितता, नीतिगत भ्रष्टाचार रोक्न कानूनी र संसदीय दबाब आवश्यक छ । राजश्व चुहावट, कर र खर्चमा अनियमितता भए, गरे संसदमा आवाज उठाएर सार्वजनिक गर्नेछु । प्रशासनमा देखिएको असक्षमता संसदमा उजागर गर्नेछु ।

**० दरबार र प्रशासनमा तपाईंले देखेको भ्रष्टाचारबारे थप बताउनुहुन्छ ?**

राजदरबार र प्रशासनको गहिराइ नजिकबाट देखेको छु । फाइल हेरफेर, कर र खर्चको दुरुपयोग, निजी बैठकमा गरिने असक्षम निर्णय-यी सबै देखेको र भोगेको छु । कतिपय अधिकारीले अधिकार दुरुपयोग र आर्थिक अनियमितता गरेका घटनाहरू पनि अनुभव गरेको छु । म संसदमा पुगेपछि ती विषय उजागर गर्नेछु ।

**० जेन-जी आन्दोलनपछि नेतृत्व युवा पुस्ताको हातमा जाँदैछ । तपाईं किन चुनावमा उठ्नुभएको त ?**

मेरो धारणा स्पष्ट छ- जेन-जी मात्रै भनेर हुँदैन, देशमा अनुभव भएका व्यक्तिले पनि नेतृत्वमा भूमिका खेल्नुपर्छ । म पनि राजाको पालाको ‘जेन-जी’ नै हुँ । हामी कथाका दर्शक होइनौं, निर्माता हौं ।

**० आफ्ना प्रतिस्पर्धीलाई कसरी हेर्नुहुन्छ ?**

उनीहरू कस्ता छन् भन्ने मूल्याङ्कन जनताले गर्नेछन् । म आफूले देखेको भ्रष्टाचार र असक्षमतालाई सिधा सामना गर्न चुनावमा उत्रिएको हुँ । अरूको आलोचना गर्नु मेरो उद्देश्य होइन ।

**० तपाईंको अनुभवमा अहिलेको राजनीतिक प्रणालीको मुख्य समस्या के हो ?**

अहिलेको राजनीति विकृत र महँगो भएको छ । चुनाव जित्न ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ । त्यसपछि स्वाभाविक रूपमा त्यो खर्च फिर्ता गर्ने दबाब पर्छ । यहीँबाट भ्रष्टाचारको चक्र सुरु हुन्छ । अर्को समस्या जवाफदेहिता हो । देश विकास, सेवा प्रवाह, नीति निर्माणभन्दा व्यक्तिगत र दलगत भागबन्डा र शक्ति व्यवस्थापनमा ऊर्जा खर्च भइरहेको छ । संस्थाहरू बलियो हुनुपर्ने ठाउँमा व्यक्तिकेन्द्रित निर्णयहरू भइरहेका छन् । देशको समस्या स्रोतको अभाव होइन, व्यवस्थापनको कमजोरी हो । यदि पारदर्शिता, अनुशासन र जिम्मेवारीलाई कडाइका साथ लागू गर्न सकियो भने धेरै सुधार सम्भव छ ।

**० तपाई लामो समय सरकारी सेवामा पनि रहनुभयो । त्यहाँको अनुभवले के सिकायो ?**

म परराष्ट्र, अर्थ र स्वास्थ्य मन्त्रालयमा काम गरेको अनुभव बोकेको व्यक्ति हुँ । प्रशासनभित्र काम गर्दा धेरै सकारात्मक पक्ष पनि देखें, तर केही गम्भीर कमजोरी पनि देखेँ-भोगें । नीति राम्रो बने पनि कार्यान्वयन कमजोर हुने, नियमलाई आफ्नो सुविधाअनुसार प्रयोग गर्ने, निर्णय प्रक्रियामा पारदर्शिता नहुने-यी समस्याहरू पुरानै हुन् । मैले भित्रैबाट सुधारको कुरा उठाएँ, तर धेरै ठाउँमा परिवर्तनप्रति इच्छाशक्ति देखिएन । अन्ततः राजतन्त्रकै कालमा २०३७ सालमा सरकारी सेवा छाड्ने निर्णय गरेँ । त्यसपछि सामाजिक काम, अध्ययन र लेखनमा सक्रिय भएँ । त्यो निर्णय मेरो जीवनको एउटा मोड थियो । त्यसपछि मैले स्वतन्त्र रूपमा देशका समस्याबारे बोल्ने अवसर पाएँ ।

**० विदेशसँगको कूटनीतिक सम्बन्धमा तपाईंको दृष्टिकोण कस्तो छ नि ?**

मैले भारत, चीन, क्यानडालगायतका देशको प्रशासन, तेलको आपूर्ति र व्यापार व्यवस्था देखेको छु । नेपालले आफ्ना साझेदारसँग स्पष्ट, सिधा र पारदर्शी व्यवहार गर्नुपर्छ । विदेशसँगको सम्बन्धमा भ्रष्टाचार वा असक्षम निर्णयले देशलाई कमजोर बनाउँछ ।

**० तपाईंको चुनावी योजना र रणनीति के छ ?**

म सामाजिक सञ्जाल, रेडियो र टेलिभिजनमार्फत जनतासँग प्रत्यक्ष संवाद गर्ने गर्छु । क्षेत्रीय भेटघाट गर्ने, जनताका कुरा सुन्ने, बुझ्ने, उनीहरूको समस्या र सुझाव लिएर संसदमा प्रयोग गर्ने योजना छ । भ्रष्टाचार, असक्षम प्रशासन, खर्बौं खर्बको राजश्व मार्ने, खर्चको दुरुपयोग गर्ने कार्य रोक्नु मेरो प्राथमिकता हो ।

- **चर्को-चर्को स्वर र लामो-लामो भाषणले देश बन्दैन ।**
- **लोकतन्त्रको शक्ति जनतामा हुन्छ ।**
- **भ्रष्टाचारविरुद्ध संसदमै रेकर्ड गर्ने प्रतिबद्धता**
- **मदन : उमेर होइन, अनुभवको आवाजः काठमाडौं-४ मा**
- **“मौन बस्दिनँ”: ८७ वर्षेको भ्रष्टाचारविरुद्धको अभियान**
- **“संसदमा सत्यको रेकर्ड”: स्पष्ट र निर्भीक घोषणापत्र**
- **जेष्ठ उम्मेदवारको सीधा प्रश्न-‘जवाफदेहिता खै कहाँ छ ?’**
- **मेरो प्रमुख उद्देश्य चुनाव जित्नु मात्र होइन ।**
- **उमेरले शरीर कमजोर हुसक्छ तर जिम्मेवारीको आवाज निरन्तर ।**

**० तपाईंको दृष्टिकोणमा राजतन्त्र र गणतन्त्रको भविष्य कस्तो छ ?**

नेपालको वर्तमान अवस्थामा गणतन्त्रको मूल्यांकन आवश्यक छ । तर, मैले देखेको भ्रष्टाचार, असक्षम प्रशासन र नीति अभावले देशलाई कमजोर बनाएको छ । व्यवस्थापकीय क्षमता, पारदर्शिता र जनमुखी नीति लागू गरेर मात्र सुधार सम्भव छ ।

**० तपाईंको व्यक्तिगत सिद्धान्त के हो ?**

सत्य बोल्ने, भ्रष्टाचारमुक्त र जनताप्रतिको उत्तरदायी रहनु । प्रशासन र सरकारका विकृतिहरू उजागर गर्नु मेरो कर्तव्य हो । म व्यक्तिगत रूपमा घुस, फाइल हेरफेर र असक्षम निर्णयलाई रोक्ने प्रयास गर्नेछु ।

**० विदेशसँगको सम्बन्धलाई लिएर तपाईंको दृष्टिकोण कस्तो छ ?**

नेपाल सानो देश भए पनि हाम्रो भौगोलिक स्थिति र सांस्कृतिक सम्पदाले हामीलाई महत्वपूर्ण बनाउँछ । मैले भारत, चीन, क्यानडा जस्ता देशहरूको प्रशासन, तेल आपूर्ति र व्यापार व्यवस्था नजिकबाट अवलोकन गरेको छु । विदेशी सम्बन्ध केवल औपचारिकता होइन, यो पारस्परिक लाभ, विश्वास र स्पष्टतामा आधारित हुनुपर्छ ।

नेपालले आफ्ना साझेदारसँग स्पष्ट, सिधा र पारदर्शी व्यवहार गर्नुपर्छ । कुनै पनि प्रकारको भ्रष्टाचार वा असक्षम निर्णयले राष्ट्रिय हितलाई कमजोर पार्छ । ऊर्जा, व्यापार र लगानीमा दीर्घकालीन योजना र पारदर्शिता अपरिहार्य हुन्छ । विदेशसँगको सम्बन्ध केवल आर्थिक फाइदाका लागि मात्र होइन, सुरक्षा, विकास र सांस्कृतिक आदानप्रदानका लागि पनि हुनुपर्छ ।

**० नेपालमा राजतन्त्र र गणतन्त्रको भविष्यलाई तपाईंले कसरी हेर्नुहुन्छ ?**

नेपालको राजनीतिक इतिहास गहिरो र जटिल छ । राजतन्त्रबाट गणतन्त्रमा रूपान्तरण आवश्यक थियो । तर, वर्तमान अवस्थामा गणतन्त्रको मूल्यांकन आवश्यक छ । भ्रष्टाचार, असक्षम प्रशासन, नीति अभाव र निर्णयमा ढिलाइले देश कमजोर बनेको छ । राज्यको रूपभन्दा पनि जनमुखी शासन, पारदर्शिता र क्षमता महत्वपूर्ण हुन्छ ।

**० तपाईंको स्वास्थ्य अवस्था कमजोर रहेको कुरा सार्वजनिक भएको छ । यस्तो अवस्थामा चुनाव लड्नु कत्तिको चुनौतीपूर्ण छ ?**

चुनौती त छ । उमेरको प्रभाव स्वाभाविक हो । स्वास्थ्य समस्याका कारण ठूलो प्रचार अभियान गर्न सक्दिनँ। घरदैलोमा व्यापक रूपमा पुग्न पनि सम्भव छैन । तर, मेरो उम्मेदवारी प्रचारको होइन, विचारको उम्मेदवारी हो । जहाँ पुग्न सक्छु, त्यहाँ आफ्ना कुरा स्पष्ट रूपमा राख्छु ।

**० काठमाडौं-४ का मतदातालाई तपाईंको विशेष सन्देश के छ ?**

सांसदले सडक, ढल, पानी बनाउने काम गर्दैन, ती काम स्थानीय तहको जिम्मेवारी हो । सांसदको भूमिका नीति बनाउने, बजेटको सही उपयोग सुनिश्चित गर्ने र सरकारलाई जवाफदेही बनाउने हो । मतदाताले व्यक्तिभन्दा सोच र दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ ।

**० तपाई युवालाई कसरी हेर्नुहुन्छ ? नयाँ नेतृत्वबारे तपाईंको धारणा के छ ?**



देशको भविष्य युवाकै हातमा छ । उनीहरू शिक्षित र सचेत छन् तर नेतृत्व भनेको केवल विरोध गर्नु होइन, समाधान दिनु हो । प्रमाण, नीति र दीर्घकालीन सोचका आधारमा काम गर्नुपर्छ । इमानदारी र पारदर्शिता नै सबैभन्दा ठूलो शक्ति हो ।

**० नेपालका विकास र प्रशासनमा सुधारका लागि तपाईंले के कस्ता कदम चाल्नुहुन्छ त ?**

पहिलो, पारदर्शिता, सुशासन र जवाफदेहिता सुनिश्चित गर्ने । हरेक सरकारी परियोजना र बजेटमा अनलाइन निगरानी र सार्वजनिक प्रतिवेदन उपलब्ध गराउने । दोस्रो, भ्रष्टाचार नियन्त्रण र प्रशासनिक क्षमता वृद्धि । स्वतन्त्र अडिट र रिपोर्टिङ प्रणाली सुदृढ गर्ने ।

तेस्रो, आधारभूत पूर्वाधार-पानी, गुणस्तरीय सडक, गुणस्तरीय स्वास्थ्य, गुणस्तरीय शिक्षा र विद्युत उत्पादनमा विशेष ध्यान दिने ।

चौथो, शिक्षा र स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधार ।

पाँचौं, आर्थिक वृद्धि र रोजगारी सिर्जना, विशेषगरी युवाका लागि सीपमूलक तालिम ।

**० तपाईंको राजनीतिक दृष्टिकोणमा जनताको भूमिका कस्तो हुनुपर्छ ?**

लोकतन्त्र जनताको सक्रिय सहभागितामा मात्र सफल हुन्छ । जनतालाई नीति, योजना र बजेट प्रक्रियामा सहभागी गराउनुपर्छ । सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन र स्थानीय जनसभामार्फत प्रत्यक्ष जनसंवाद आवश्यक छ ।

**० नेपालमा भ्रष्टाचार र असक्षम प्रशासन रोक्न तपाईंको भूमिका कस्तो रहन्छ ?**

भ्रष्टाचारले वित्तीय मात्र होइन, सामाजिक विश्वासमा पनि क्षति पुऱ्याउँछ । प्रशासनिक प्रणालीलाई पूर्ण पारदर्शी बनाउन अनलाइन ट्र्याकिङ, स्वतन्त्र अडिट र सार्वजनिक प्रतिवेदन आवश्यक छ । साथै, कानूनी र संस्थागत सुधार गरी अनियमिततामा संलग्न व्यक्ति वा संस्थामाथि कडा कारबाही हुनुपर्छ । जनताको सक्रिय सहभागिता र कानूनको प्रभावकारी कार्यान्वयनबाट मात्र सुधार सम्भव छ ।

**० तपाईंको राजनीतिक दर्शनले विकासको मूल कसरी फुट्ला त ?**

मेरो राजनीतिक दर्शन सरल छ-सत्य, पारदर्शिता, जनमुखी नीति र क्षमताले देशमा विकासको मूल फुट्छ । मैले अनुभव गरेको छु कि केवल राजनीतिक संरचना वा नियम पर्याप्त हुँदैन, प्रशासन र नेताहरूको क्षमता, जनताको विश्वास र प्रणालीको पारदर्शिताले मात्र राष्ट्रिय प्रगति सुनिश्चित गर्छ । म एउटा यस्तो नेपाल देख्न चाहन्छु जहाँ भ्रष्टाचार छैन, प्रशासन सक्षम छ, नीति स्पष्ट छ र जनताको जीवनस्तर वास्तविक रूपमा सुधारिएको सुशासन होस् । यसो हुन सकेमा मात्र हाम्रो देश स्थिर, प्रगतिशील र सम्मानित राष्ट्र बन्न सक्छ ।

**० तपाई व्यक्तिगत रूपमा कस्तो जीवनदृष्टि लिएर अघि बढ्नुभएको छ ?**

मलाई व्यक्तिगत रूपमा केही चाहिएको छैन । परिवार आत्मनिर्भर छ । जीवनभर कमाएको अनुभव र सिकाइलाई समाजका लागि प्रयोग गर्न सकूँ भन्ने मात्रै मेरो चाहना छ । मैले सामाजिक रूपमा शिक्षा र स्वास्थ्यका क्षेत्रमा सहयोग गर्दै आएको छु । मेरो विश्वास छ-देश परिवर्तन चर्को स्वर र लामो भाषणले होइन, सानो-सानो जिम्मेवारी र दायित्व इमानदारीपूर्वक पूरा गरेर हुन्छ ।

**० अन्त्यमा, काठमाडौं निर्वाचन क्षेत्र नम्बर चारका मतदातालाई के भन्न चाहनुहुन्छ ?**

लोकतन्त्रको शक्ति जनतामा हुन्छ । मत भनेको केवल अधिकार होइन, भविष्यको निर्णय हो । यदि तपाईं इमानदार, स्पष्ट र निर्भीक आवाज संसमा पुगोस् भन्ने चाहनुहुन्छ भने मलाई दूरबिन चुनाव चिन्हमा मतदान गरेर साथ दिनुहोस् । यदि तपाईंलाई लाग्छ कि अरू उम्मेदवार राम्रो छन् भने उनीहरूलाई समर्थन गर्नुहोस् । मेरो उद्देश्य निर्वाचन जित्नु र पद प्राप्त गर्नु मात्र होइन, मेरो उद्देश्य देशका समस्याबारे प्रतिनिधि सभामा पुगेर राष्ट्रको हितमा गम्भीर बहस सुरु गर्नु हो । उमेरले शरीर कमजोर हुन सक्छ, तर, देश र मातृभूमिप्रतिको जिम्मेवारीको भावना कहिल्यै कमजोर हुँदैन । जबसम्म बोल्ने क्षमता छ, तबसम्म देश र जनताका पक्षमा बोलिरहनेछु । यही मेरो देशप्रतिको कर्तब्य र प्रतिबद्धता हो । धन्यवाद ।

# एआईको महाकुम्भ: भारत अघि, नेपाल कहाँ ?
# डिजिटल क्रान्ति: प्रेरणा कि चेतावनी ?



शंकरमान सिंह

**भारतमा हालै सुरु भएको "भारत एआई प्रभाव शिखर सम्मेलन २०२६" सम्बन्धी समाचार पढ्दा मिश्रित अनुभूति जन्मिन्छ । नयाँ दिल्लीको विशाल भारत मण्डपममा आयोजित त्यो सम्मेलन केवल प्रविधि प्रदर्शन मात्र थिएन, भविष्यको दिशानिर्देश थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन समारोहमा "सर्वजन हिताय, सर्वजन सुखाय" भन्ने सूत्रलाई एआईसँग जोड्दा प्रविधि केवल नाफा वा दक्षताको माध्यम मात्र होइन, सामूहिक सुख र हितको साधन पनि हुन सक्छ भन्ने अनुभूति जागृत हुन्छ ।**

भारत एआई प्रभाव शिखर सम्मेलन २०२६ ले सरकारहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, उद्योग क्षेत्र र नागरिक समाजलाई एकै ठाउँमा ल्याएर कृत्रिम बुद्धिमत्ताले समावेशी वृद्धिलाई कसरी अगाडि बढाउन सक्छ, मानिसहरूलाई आफ्नो काम अझ प्रभावकारी रूपमा गर्न कसरी सहयोग पुऱ्याउन सक्छ, सार्वजनिक सेवाहरूलाई कसरी सुदृढ बनाउन सक्छ र दिगो विकासलाई कसरी समर्थन गर्न सक्छ भन्ने विषयमा केन्द्रित गरेको छ ।

साथै, विश्व बैंक समूहले शिखर सम्मेलनका मुख्य स्तम्भहरू-नीति समन्वय, आधारभूत एआई पूर्वाधारमा पहुँच, र विकासका लागि एआईको वास्तविक-विश्व अनुप्रयोगमा सरकारहरू तथा विश्वव्यापी सरोकारवालासँग साझेदारी गरिरहेको देखिन्छ । यी कार्यक्रमहरू एआई र आर्थिक वृद्धि, कम्प्युट तथा डेटा पूर्वाधारमा पहुँच, र स्वास्थ्य प्रणाली सुदृढीकरणमा एआईको प्रयोगमा केन्द्रित छन् । यसले उत्पादकता बढाउने व्यावहारिक मार्गहरूमा जोड दिन्छ, रोजगारीलाई सशक्त बनाउने अवसरहरू विस्तार गर्छ र नवप्रवर्तनलाई मापनयोग्य विकास प्रभावसँग जोड्दछ ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले १६-२० फेब्रुअरी २०२६ मा नयाँ दिल्लीको भारत मण्डपममा एआई इम्प्याक्ट समिट २०२६ आयोजना गरेको हो । यो ग्लोबल साउथमा आयोजना हुने पहिलो विश्वव्यापी एआई शिखर सम्मेलन मानिएको छ । शिखर सम्मेलनले विश्वव्यापी सहयोगमार्फत एआईको समावेशी र जिम्मेवार प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको यो शिखर सम्मेलन बेलायतको एआई सुरक्षा शिखर सम्मेलन, एआई सियोल शिखर सम्मेलन, फ्रान्स एआई एक्सन शिखर सम्मेलन र अफ्रिकामा आयोजित ग्लोबल एआई शिखर सम्मेलनजस्ता अघिल्ला विश्वव्यापी पहलहरूको निरन्तरता हो । यसको उद्देश्य केवल छलफलमा सीमित नरही विश्वव्यापी एआई शासनमा व्यावहारिक परिणाम, सुदृढ सहयोग र वास्तविक प्रगतिमा ध्यान केन्द्रित गर्नु हो ।

शिखर सम्मेलनले एआईमार्फत समावेशी वृद्धि, सामाजिक विकास र जनता-केन्द्रित नवप्रवर्तनलाई सुनिश्चित गर्ने, साथै वातावरण संरक्षणमा ध्यान दिने लक्ष्य लिएको छ । यसले विकासशील देशहरूको आवाज सशक्त बनाउने उद्देश्य पनि राखेको छ, ताकि एआईका लाभहरू विश्वभर समान रूपमा बाँडफाँट हुन सकून् । साथै, यसले रोजगारी गुम्ने जोखिम, एआई प्रणालीमा पूर्वाग्रह र बढ्दो ऊर्जा खपतजस्ता चुनौतीहरूलाई पनि स्वीकार गरेको छ । त्यसैले, एआईका अवसर र जोखिम दुवैलाई व्यवस्थापन गर्न ठोस कदम चाल्नुपर्नेमा जोड दिइएको छ ।

**एआई प्रभाव शिखर सम्मेलन २०२६ को आवश्यकता**

कृत्रिम बुद्धिमत्ता (एआई) ले समाज, अर्थतन्त्र र शासन प्रणालीलाई द्रुत रूपमा रूपान्तरण गरिरहेको छ । बहुभाषिक र डिजिटल प्लेटफर्ममार्फत सेवामा पहुँच विस्तार गरेर यसले विशेष गरी विकासशील देशहरूका लागि नयाँ अवसर सिर्जना गरेको छ । तर, "ग्लोबल एआई डिभाइड" अझै विद्यमान छ, किनकि एआई स्रोतहरू सीमित विकसित देश र ठूला निगमहरूमा केन्द्रित छन् । साथै, एआईले रोजगारी गुम्ने जोखिम, पूर्वाग्रह र उच्च ऊर्जा खपतजस्ता चुनौती पनि उत्पन्न गरेको छ । त्यसैले, एआई समावेशी, निष्पक्ष र सबैका लागि लाभदायक बन्न समन्वित विश्वव्यापी प्रयास अपरिहार्य छ ।

**एआई प्रभाव शिखर सम्मेलन २०२६ का तीन सूत्र**

भारत-एआई प्रभाव शिखर सम्मेलन तीन मुख्य मार्गदर्शक सिद्धान्तमा आधारित छ-जनता, ग्रह र प्रगति । जनता सूत्र मानव कल्याणमा केन्द्रित छ । एआईले सांस्कृतिक विविधताको सम्मान गर्नुपर्छ, मानव मर्यादाको रक्षा गर्नुपर्छ र यसको डिजाइन तथा प्रयोगमा सबैलाई समावेश गर्नुपर्छ । प्रविधि मानव-केन्द्रित हुनुपर्छ र समाजमा सुरक्षा, विश्वास र समान लाभ सुनिश्चित गर्नुपर्छ ।

ग्रह सूत्रले वातावरणीय जिम्मेवारीलाई जोड दिन्छ । एआईको प्रयोगले स्रोतको दक्ष उपयोग, जलवायु कार्य र वातावरण संरक्षणमा सहयोग पुऱ्याउनुपर्छ । एआई विकासले विश्वव्यापी दिगोपनलाई समर्थन गर्नुपर्छ, ग्रहलाई हानि पुऱ्याउनु हुँदैन ।

प्रगति सूत्रले समावेशी विकासलाई लक्ष्य बनाउँछ । एआईलाई आर्थिक वृद्धि र सामाजिक रूपान्तरणको उपकरणका रूपमा प्रयोग गर्दै स्वास्थ्य, शिक्षा, कृषि र शासन क्षेत्रमा यसको प्रभावकारी उपयोगमा जोड दिइएको छ ।

नेपालको दृष्टिकोणबाट हेर्दा यो सम्मेलनले गहिरो प्रश्न उठाउँछ-हामी कहाँ उभिएका छौं ? नेपालले २०२५ मा आफ्नो पहिलो एआई नीति सार्वजनिक गरिसकेको छ, जसले कृषि, स्वास्थ्य, उत्पादन र रोजगारीमा एआई प्रयोगलाई प्राथमिकता दिएको छ । तर, चुनौतीहरू अझै गम्भीर छन्-पूर्वाधारको कमी, दक्ष मानव संसाधनको अभाव र नियामक संरचनाको कमजोरी ।

भारतले एआईलाई राष्ट्रिय आकांक्षासँग जोडिसकेको छ भने नेपाल अझै सम्भावनाको नक्सा कोर्दैछ । नेपालमा एआईबारे छलफल हुँदा "हामी पछि नपरौस्" भन्ने चिन्ता बढी सुनिन्छ । तर एआईलाई केवल प्रतिस्पर्धाको विषय होइन, सांस्कृतिक र सामाजिक दृष्टिकोणबाट बुझ्न जरुरी छ । यसलाई "भविष्यको डर" होइन, "भविष्यको अवसर"का रूपमा लिनुपर्ने समय आएको छ ।

नेपालको साहित्यिक र सांस्कृतिक परम्पराले सधैं मानव अनुभवलाई केन्द्रमा राखेको छ । यदि एआईलाई कृषकको खेतमा, ग्रामीण स्वास्थ्य केन्द्रमा, वा नेपाली भाषामा सिर्जनात्मक लेखनमा प्रयोग गर्न सकियो भने त्यो नै हाम्रो वास्तविक प्रभाव हुनेछ ।

नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालयले पहिलो पटक एआईसम्बन्धी अवधारणापत्र सार्वजनिक गरेको छ । विश्वव्यापी रूपमा एआईको विकास तीव्र गतिमा भइरहे पनि नेपालमा यससम्बन्धी स्पष्ट नीति र कानून अभाव रहेकाले आवश्यक आधार तयार पार्ने प्रयास गरिएको हो । आर्टिफिसियल इन्टेलिजेन्स, जसलाई संक्षेपमा एआई भनिन्छ, मसिन लर्निङभन्दा व्यापक अवधारणा हो । प्राकृतिक बुद्धिमत्ताभन्दा फरक, यो मसिनले प्रदर्शन गर्ने बुद्धिमत्ता हो, जसले मानव हस्तक्षेपबिना निर्णय लिन सक्ने क्षमता विकास गर्छ ।

अन्ततः, भारतको सम्मेलन नेपालका लागि प्रेरणा हो । तर, प्रेरणा मात्र पर्याप्त छैन । पूर्वाधार, दक्ष जनशक्ति र नीतिगत दृढता बिना एआईको सम्भावना साकार हुँदैन । नेपालले आफ्नो नीतिलाई व्यवहारमा उतार्न सके मात्र एआईलाई समानता, दिगोपन र प्रगतिका साधनका रूपमा प्रयोग गर्न सक्नेछ ।

## फेसबुक सामाजिक सञ्जाल

### यी प्रश्नहरूको उत्तर कहाँ र कसले दिने ?



२०८२ भदौ २३-२४ गते "जेनजी" का नाममा भएको आन्दोलन वास्तवमा कसका विरुद्ध केन्द्रित थियो ? के त्यो केवल त्यसबेलाको सरकारविरुद्धको आन्दोलन थियो, वा समग्र व्यवस्थाविरुद्धको असन्तोषको अभिव्यक्ति थियो ? यदि त्यो आन्दोलन केवल सरकारविरुद्ध मात्र थियो भने तत्कालीन सत्ताधारीहरू मात्र होइन, प्रतिपक्षमा रहेका नेता तथा उनीहरूलाई सहयोग गर्ने व्यापारी-साहुहरू समेत किन आक्रमणको निशानामा परे ? यसले आन्दोलनको स्वरूपबारे थप प्रश्न उठाउँछ ।

अर्कोतर्फ, यदि त्यो आन्दोलन समग्र व्यवस्थाविरुद्धको थियो भने यही व्यवस्थाभित्र रहेर गरिने निर्वाचनले आन्दोलनको प्रतिनिधित्व कसरी गर्न सक्छ ? यस्तो अवस्थामा नेपाली सेना, राष्ट्रपति तथा आन्दोलनका प्रतिनिधि भनेर अघि सारिएका व्यक्तित्वहरू-जस्तै बालेन वा सुदन गुरुङ-यदि यही संविधानभित्र रहेर चुनाव गराउने सहमतिमा पुगेका हुन् भने उनीहरूलाई आन्दोलन पक्षको प्रतिनिधि कसरी मान्न सकिन्छ ?


सामान्य नागरिकले पनि बुझ्ने विषय के हो भने निर्वाचनले व्यवस्था परिवर्तन गर्दैन, निर्वाचनले अधिकतम रूपमा सरकार परिवर्तन गर्न सक्छ । त्यो पनि हाम्रो जस्तो मुलुकमा जहाँ पैसा र शक्ति (मनि र मसल) को प्रभाव निर्णायक हुन्छ, त्यहाँ स्थापित शक्तिहरूलाई पराजित गर्नु सहज हुँदैन ।

यदि आन्दोलनको उद्देश्य नै व्यवस्था परिवर्तन गर्नु थियो भने सेना र राष्ट्रपतिले समन्वय गरेर कथित "जेन-जी प्रतिनिधि" अघि सार्दै यही संवैधानिक व्यवस्थालाई जोगाउने प्रयास गरिएको हो कि भन्ने आशंका उठ्नु स्वाभाविक होइन र ? नयाँ नाम र अनुहारसहितको सरकार गठन गरी मूल प्रश्नलाई ओझेलमा पारिएको हो कि भन्ने जिज्ञासा पनि उठ्छ ।

यदि आगामी निर्वाचनपछि अझ उग्र वा विनाशकारी आन्दोलन भयो र देश तथा जनताले थप क्षति व्यहोर्नुपऱ्यो भने त्यसको दायित्व कसले लिने? के सेना नेतृत्व, राष्ट्रपति र वर्तमान सरकार यस प्रश्नबाट पन्छिन सक्छन् ? यी सबै प्रश्नहरू राजनीतिक विमर्शका विषय हुन् । लोकतान्त्रिक व्यवस्थामा यस्ता जटिल प्रश्नहरूको जवाफ पारदर्शी संवाद, संस्थागत जवाफदेहिता र संवैधानिक प्रक्रियाबाट नै खोजिनु आवश्यक हुन्छ ।

*- अनार सिंह कार्की*

### अपार जलस्रोत, नेपाल किन परनिर्भर ?



शतप्रतिशत जलविद्युतबाट बिजुली उत्पादन गर्ने विश्वका मुलुकमध्ये भुटान र पाराग्वे उल्लेखनीय उदाहरणका रूपमा प्रस्तुत गरिन्छ । नेपालमा भने अधिकांश विद्युत् उत्पादन जलविद्युत् स्रोतबाट हुने भए पनि केही अंश सौर्य ऊर्जाबाट उत्पादन गर्नुपरेको छ र माग-आपूर्तिको असन्तुलनका कारण केही मात्रामा भारतबाट आयात पनि गर्नुपरेको अवस्था छ । अपार जलविद्युत् सम्भावना भएको देश भएर पनि आयातमा निर्भर रहनु हाम्रो ऊर्जा योजनामा देखिएको कमजोरीको संकेत हो भन्ने तर्क उठ्ने गर्छ ।

अर्कोतर्फ, विश्वमै सबैभन्दा बढी कोइला प्रयोग गरेर विद्युत् उत्पादन गर्ने मुलुकहरूमा अमेरिका, चीन र भारत पर्छन् । कोइलाबाट उच्च मात्रामा हरितगृह ग्यास उत्सर्जन हुने तथ्य सर्वविदित छ । नेपालले भने कोइलाबाट विद्युत् उत्पादन गर्दैन। यस्तो अवस्थामा नेपालले आफ्ना केही ठूला विकास-निर्माण आयोजना अघि बढाउन खोज्दा विश्वव्यापी जलवायु परिवर्तनको मुद्दा उठाएर अत्यधिक दबाब सिर्जना गरिनु अन्यायपूर्ण भएको महसुस गरिन्छ भन्ने धारणा पनि व्यक्त हुँदै आएको छ ।

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि पूर्वाधार विकास अपरिहार्य छ। ऊर्जा, सडक, सिँचाइ, उद्योग तथा शहरी पूर्वाधार बिना आर्थिक समृद्धि सम्भव छैन । ठूला आयोजना अघि बढाउँदा वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment-EIA) अनिवार्य रूपमा गर्नुपर्छ र वातावरण संरक्षणसम्बन्धी मापदण्ड पालना गरिनुपर्छ । मुलुकभित्र र बाहिरका जलवायु परिवर्तन अभियन्ताहरूले यस्ता आयोजनामाथि प्रश्न उठाउनु उनीहरूको अधिकारभित्र पर्छ । तर, विकास र वातावरणबीच सन्तुलन खोज्नु राज्यको कर्तव्य हो ।

तीन करोड जनताको समृद्धि सुनिश्चित गर्ने जिम्मेवारी निर्वाचित प्रतिनिधिहरूकै हो । निर्वाचनबाट आउने २७५ जना सांसद र त्यसबाट गठन हुने सरकारले राष्ट्रिय हित, ऊर्जा आत्मनिर्भरता र दिगो विकासका पक्षमा स्पष्ट रणनीति बनाउन आवश्यक छ। ठूला पूर्वाधार आयोजना सम्पन्न नगरी उच्चस्तरीय आर्थिक उन्नति हासिल गर्न कठिन छ। त्यसैले विकासका योजनालाई वैज्ञानिक आधार, पारदर्शिता र वातावरणीय जिम्मेवारीसहित अघि बढाउनु अपरिहार्य छ। २०८२ फागुन २१ को निर्वाचनपछि गठन हुने संसद् र सरकारले यस विषयमा दूरदर्शी, सन्तुलित र राष्ट्रिय हितमुखी नीति अवलम्बन गर्नु समयको माग हो ।

*-सुगतरत्न कंसाकार*

### प्रिय खेलाडी साम्बाप्रति अद्भुत प्रेमिल सहयोग




नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्टार खेलाडी सावित्री भण्डारी (साम्बा)को उपचारका लागि देश-विदेशबाट अभूतपूर्व सहयोग जुटेको छ । सावित्रीले आफ्नै फेसबुक पोस्टमार्फत जानकारी दिँदै हालसम्म नेपालको बैंक खातामा रु. १ करोडभन्दा बढी र विदेशी प्लेटफर्ममार्फत ५२ हजार न्युजिल्यान्ड डलर (करिब रु. ४५ लाख) संकलन भएको बताएकी छन् । यसरी कुल सहयोग रकम रु. १ करोड ४५ लाखभन्दा बढी पुगेको छ ।

उनले आवद्ध क्लब वेलिंगटन फिनिक्स (Wellington Phoenix)ले पनि शल्यक्रिया र पुनर्स्थापनाका लागि बीमा रकम निकासा गरी थप सहयोग उपलब्ध गराउँदै उपचार प्रक्रियामा सहजीकरण गरिरहेको छ । छिट्टै शल्यक्रियाको मिति तय भई प्रक्रिया अगाडि बढ्ने जनाइएको छ ।

उल्लेखनीय कुरा के छ भने उपचारका लागि अनुमानित ८० हजार अमेरिकी डलर आवश्यक पर्ने आकलन गरिएकोमा, केवल दुई दिनमै आवश्यक रकम जुटिसकेको छ । यो सहयोगले सावित्रीप्रतिको नेपाली खेलप्रेमीहरूको अथाह माया, विश्वास र एकताको सशक्त उदाहरण प्रस्तुत गरेको छ ।


*-भीम उपाध्याय*

### जंगबहादुरका अन्नदाता, युद्धभूमिका नायक कमान्डर कर्नेल सनकसिंह-लाहुरी छेत्री



कमान्डर कर्नेल सनकसिंह टन्डन "लाहुरी छेत्री"को इतिहास खोज्दै जाँदा विभिन्न रोचक र बहादुरीपूर्ण तथ्यहरू प्रकाशमा आएका छन् ।

१. अर्घाखाँचीको बलकोट पौवा इलाकामा जन्मेका कमान्डर कर्नेल सनकसिंह टन्डनको बहादुरीपूर्ण इतिहास रहेको पाइन्छ । केही व्यक्तिहरूले उनको जन्म गुल्मी दरबार क्षेत्रमा भएको दाबी गरे पनि हामी बलकोट पौवा पुगेर त्यहाँ रहेको उनको स्मारक सालिक, उनले स्थापना गरेका विशाल पौवा घरहरू, महादेवका मन्दिरहरू तथा केही वर्षअघि निर्माण गरिएको उनको स्मृतिस्वरूपको सालिक अवलोकन गऱ्यौं । सो क्रममा ऐतिहासिक सामग्री संकलन गरियो। स्थानीय तहमा उनले गरेका सामाजिक सेवाका कार्यहरू अनगिन्ती रहेको जानकारी पाइयो ।



२. प्रधानमन्त्री जंगबहादुर राणाविरुद्ध भएको "अलौ पर्व" नियन्त्रण गर्न उनी कमान्डरको रूपमा अलौ खटिएका थिए । सेनासहित खटिएर उनले उक्त विद्रोह सफलतापूर्वक नियन्त्रण गरेका थिए । उनले वि.सं. १९११ को अन्त्यतिर भएको नेपाल-भोट युद्धमा समेत सहभागिता जनाएका थिए ।

३. सन् १८५७ मा भारतमा भएको सिपाही विद्रोहमा नेपाली सेनाबाट सहभागी भई लडाइँ गरेका कारण उनलाई "लाहुरी छेत्री" भन्ने उपाधि प्राप्त भएको थियो ।

४. उनकी बहिनीको विवाह जंगबहादुर राणासँग भएको थियो । बहिनीलाई चल-अचल सम्पत्ति दाइजोका रूपमा प्रदान गरी जंगबहादुर राणाको घरपरिवार सुदृढ बनाउन सहयोग गर्ने व्यक्तित्व पनि सनकसिंह नै थिए । जंगबहादुरको पहिलो विवाह प्रधानसेनापति काजी केहरसिंहको नातिनी तथा मुलुकाजी (प्रधानमन्त्री) बख्तबरसिंहका छोरा काजी प्रसादसिंह बस्न्यातकी छोरीसँग भएको थियो ।


५. उनले काठमाडौंको गौशाला नजिक राम मन्दिर निर्माण गराई मन्दिरभित्र ३२ वटा पुतलीका चित्र बनाउन लगाएका थिए । सोही कारण उक्त स्थानको नाम "बत्तिसपुतली" रहन गएको मानिन्छ । डा. गोविन्द टन्डन लगायतका व्यक्तिहरू उनकै दाजुभाइ खलकका हुन् । प्रस्तुत तस्बिरहरू अर्घाखाँचीको बलकोट पौवाका हुन् ।

८. जंगबहादुरका पिता प्युठानका बडा हाकिम हुँदा अर्घाखाँचीको बाटो हुँदै जाँदा उनकी श्रीमती बलकोट पौवा नजिकको "मथुरा बेसी" मा सुत्केरी भई जंगबहादुर कुँवरको जन्म त्यही भएको र पछि सोही स्थानमा न्वारन गरिएको भन्ने जनश्रुति पनि सुनिन्छ । स्थानीय रूपमा यस्तो भनाइ प्रचलित भए पनि यो तथ्य ऐतिहासिक रूपमा प्रमाणित छैन । जंगबहादुर कुँवर राणा गोरखाको बोर्लाङमा जन्मिएका थिए ।

*-प्रेम सिंह बस्न्यात*

## रंग विरंग

### आकाशबाट खस्यो 'अज्ञात वस्तु' विज्ञान हैरान ! ब्रम्हाण्डबारेको बुझाइ फेरिन सक्ने...



*हालै अन्तर्राष्ट्रिय वैज्ञानिक जर्नलमा प्रकाशित एक अध्ययनले हाम्रो आकाशगंगा 'मिल्की वे' भित्रको चुम्बकीय संरचनामा अनौठो परिवर्तन देखिएको जनाएको छ । अनुसन्धानकर्ताहरूले रेडियो टेलिस्कोपमार्फत सङ्कलित नयाँ डाटाको विश्लेषण गर्दा आकाशगंगाको चुम्बकीय क्षेत्र केही स्थानमा "डायगोनल रिभर्सल" अर्थात् तिरछो उल्टो दिशामा फैलिएको पत्ता लगाएका हुन् ।*

*वैज्ञानिकहरूका अनुसार आकाशगंगाको चुम्बकीय क्षेत्रले ग्यास, धुलो र ताराहरूको संरचना स्थिर राख्न महत्त्वपूर्ण भूमिका खेल्छ । सामान्यतः यो क्षेत्र सर्पिल आकारमा व्यवस्थित हुन्छ । तर, पछिल्लो नक्साङ्कनले केही भागमा अपेक्षाभन्दा फरक ढाँचामा दिशा परिवर्तन भएको देखाएको छ । यसले ब्रह्माण्डीय विकिरणको प्रवाह, ताराजनन (star formation) प्रक्रिया र अन्तरतारकीय ग्यासको चालमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।*

*खगोलशास्त्रीहरूको प्रारम्भिक विश्लेषणअनुसार यस्तो परिवर्तन सम्भवतः विशाल सुपरनोभा विस्फोट, ग्यासको ठूला बादलबीचको टक्कर वा डार्क म्याटरको प्रभावसँग जोडिएको हुन सक्छ । यद्यपि ठोस निष्कर्षका लागि अझै दीर्घकालीन अवलोकन आवश्यक छ । नेपालका खगोलविद्हरूले पनि यस घटनालाई चासोपूर्वक हेरिरहेका छन् । त्रिभुवन विश्वविद्यालयको भौतिकशास्त्र विभागका एक प्राध्यापकका अनुसार, "हामीसँग ठूला रेडियो टेलिस्कोप नभए पनि अन्तर्राष्ट्रिय सहकार्यमार्फत प्राप्त डाटाले हाम्रो विद्यार्थीहरूलाई अनुसन्धानमा जोडिन अवसर दिएको छ ।"*

*नेपाल खगोल समाजका अनुसार, पछिल्लो दशकमा ब्रम्हाण्डसम्बन्धी अनुसन्धानमा विश्वव्यापी लगानी ३० प्रतिशतभन्दा बढीले बढेको छ । कृत्रिम बुद्धिमत्ता र उच्च क्षमताका सुपरकम्प्युटर प्रयोगले डाटा विश्लेषण छिटो र सटीक भएको छ ।*

*वैज्ञानिकहरू भन्छन्-यो परिवर्तन पृथ्वीका लागि तत्काल खतरा होइन। तर यसले ब्रम्हाण्डको दीर्घकालीन विकासबारे नयाँ प्रश्न उठाएको छ । यदि चुम्बकीय संरचना अपेक्षाभन्दा बढी गतिशील रहेछ भने, आकाशगंगाको विकासक्रमबारे स्थापित सिद्धान्त पुनरावलोकन गर्नुपर्ने हुन सक्छ ।*

### लुँडोको सानो टुक्राले बालिकाको ज्यान गयो बालसुरक्षामा लापरबाहीको दर्दनाक पाठ



*बंगलोर । भारतको कर्नाटक राज्यमा ८ वर्षीया एक बालिकाको लूडो खेल्ने क्रममा सानो प्लास्टिकको टुक्रा निलेर मृत्यु भएको घटनाले दक्षिण एसियाली समाजमा बालसुरक्षाबारे गम्भीर प्रश्न उठाएको छ । प्रहरीका अनुसार घटना घर नजिकै खेल्ने क्रममा भएको थियो । बालिकाले लडोको गोटी जस्तै सानो टुक्रा मुखमा राखेपछि अचानक सास फेर्न गाह्रो भएको थियो । तत्काल अस्पताल पुऱ्याइए पनि चिकित्सकले उनलाई बचाउन सकेनन् । प्रारम्भिक चिकित्सकीय प्रतिवेदनले श्वास नली अवरुद्ध (choking) का कारण मृत्यु भएको पुष्टि गरेको छ ।*

*विश्व स्वास्थ्य संगठनका अनुसार ५ वर्षमुनिका बालबालिकामा साना वस्तु निल्ने घटनाबाट हुने मृत्यु विश्वभर वार्षिक हजारौंको संख्यामा छ । दक्षिण एसियामा यस्ता दुर्घटना प्रायः घरभित्रै हुने गर्छन् । नेपालमा पनि बालरोग विशेषज्ञहरूका अनुसार हरेक वर्ष सयौं बालबालिका साना खेलौना, सिक्का वा प्लास्टिकका टुक्रा निलेर अस्पताल पुग्ने गरेका छन् । काठमाडौंको कान्ति बाल अस्पतालका एक चिकित्सकका अनुसार, "धेरै केस समयमै उपचार पाएपछि निको हुन्छन्, तर ढिला भए ज्यानै जान सक्छ ।"*

*बालसुरक्षा विज्ञहरू भन्छन्-३ वर्षमुनिका बालबालिकालाई साना टुक्रा छुट्टिने खेलौना नदिनु, खेल्दा निगरानी राख्नु र आकस्मिक अवस्थामा 'हाइम्लिक म्यानुभर' जस्ता प्राथमिक उपचारको ज्ञान हुनु जरुरी छ । यो घटना केवल एक परिवारको पीडा मात्र होइन, अभिभावक, विद्यालय र खेलौना उत्पादक कम्पनी सबैका लागि चेतावनी हो । नेपालमा आयात हुने साना खेलौनामा गुणस्तर जाँच कति कडा छ भन्ने प्रश्न पनि उठ्ने गरेको छ । विशेषज्ञहरू भन्छन्-"बालसुरक्षा घरबाट सुरु हुन्छ ।"*

### अमेजन जंगलमा खस्यो रहस्यमय धातु अन्तरिक्षको फोहोर कि नयाँ प्रविधि ?



*ब्रासिलिया/ ब्राजिलको अमेजन क्षेत्रको दुर्गम जंगलमा हालै आकाशबाट खसेको अनौठो धातु संरचनाले अन्तर ाष्ट्रिय वैज्ञानिक समुदायको ध्यान खिचेको छ । स्थानीय बासिन्दाले राति तेज प्रकाश र ठूलो आवाजसहित वस्तु झरेको बताएका छन् । ब्राजिलीयन वायुसेनाले घटनास्थल सुरक्षित गरी उक्त संरचनालाई अनुसन्धानका लागि राजधानी लगेको छ । प्रारम्भिक परीक्षणले यो साधारण विमान वा ज्ञात उपग्रहको अवशेष जस्तो नदेखिएको जनाएको छ। अन्तरिक्ष अनुसन्धान संस्थाहरूका अनुसार पृथ्वीको कक्षमा हाल १० हजारभन्दा बढी सक्रिय स्याटेलाइट छन् भने लाखौं टुक्रा अन्तरिक्ष फोहोरका रूपमा घुमिरहेका छन् । यिनमध्ये केही टुक्रा वायुमण्डल प्रवेश गर्दा पूर्ण रूपमा नजलेर पृथ्वीमा झर्ने सम्भावना रहन्छ ।*

*धातुको संरचना दुर्लभ मिश्रधातुबाट बनेको देखिएको प्रारम्भिक विश्लेषणले संकेत गरेको छ । तर, यसबारे ठोस निष्कर्ष आउन अझ समय लाग्ने वैज्ञानिकहरूले बताएका छन् । नेपालका विज्ञानप्रेमी समुदायमा पनि यसबारे चासो देखिएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST) का एक अनुसन्धानकर्ताले भने, "अन्तरिक्ष फोहोरको समस्या विश्वव्यापी बन्दै गएको छ । भविष्यमा यस्ता घटना बढ्न सक्छन् ।" सामाजिक सञ्जालमा विभिन्न अड्कलबाजी भए पनि आधिकारिक अनुसन्धान प्रतिवेदन नआएसम्म निष्कर्ष निकाल्न हतार नगर्न विशेषज्ञहरूले आग्रह गरेका छन् । यो घटना अन्तरिक्ष गतिविधि बढ्दै जाँदा पृथ्वीमाथि पर्ने प्रभावबारे गम्भीर बहसको कारण बनेको छ ।*

## अब धरहरामा पार्किङ निशुल्क बन्ने

काठमाडौं । गृहमन्त्री ओमप्रकाश अर्यालले सुन्धारास्थित धरहराको अन्डरग्राउन्ड पार्किङका बारेमा चासो देखाएका छन् । २०८२ फागुन ८ गते शुक्रबार उनीसहित गृहसचिव राजकुमार श्रेष्ठ, शहरी विकास मन्त्री प्रा. डा. कुमार इङ्नाम, सचिव गोपाल प्रसाद सिग्देल, काठमाडौं महानगरपालिकाकी कार्यवाहक नगर प्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईलगायतको टोली सो क्षेत्र अवलोकनका लागि पुगेका थिए । उनीहरुले स्थलगत अनुगमन गरेर धरहराको सवारी पार्किङ र वाह्य व्यवस्थापन प्रभावकारी बनाउन महानगरीय प्रहरी बललाई जिम्मेवारी दिने निर्णयसमेत गरेको बताइन्छ ।

संयुक्त अनुगमन निरीक्षणपश्चात सवारी पार्किङलाई भने निःशुल्क अर्थात शुल्क नलिने गरी सञ्चालनमा ल्याउने विषयमा छलफल भएको गृह स्रोतले जानकारी दिएको छ । २०७२ साल बैशाख १२ गतेको महाभूकम्पबाट ऐतिहासिक धरहरा भत्किएको थियो । त्यसपश्चात हाल धरहरा र केही निर्माण सम्पन्न भएपश्चात धरहरा क्षेत्रलाई थप फराकिलो बनाइएको छ । जहाँ पर्यटकीय भ्रमणस्थल र भूमिगत सवारी पार्किङस्थल निर्माण गरिएको छ । रोचक विषय त निवर्तमान सरकारका उप-प्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले धरहरालाई काठमाडौं महानगरपालिकाबाट सञ्चालन गर्न नदिने रणनीति अख्तियरा गरेका थिए ।

साथै, मन्त्रालयमातहत निकायले नै सञ्चालन गर्ने उनले बताउँदै आएका थिए । सोही कारण उनले नेपाली कांग्रेसका कतिपय कार्यकर्ताहरूलाई व्यक्तिगत स्वार्थका आधारमा ज्यालादारी र करार कर्मचारीमा भर्ना गरेर रकम उठाएको आरोपसमेत लागेको थियो । सर्वसाधारणका लागि निशुल्क रुपमा धरहरा क्षेत्र अवलोकन गर्न पाउनु पर्ने माग उठ्ने गरेका छन् । धरहरा क्षेत्र पुनर्निर्माण भएपछि गतवर्ष काठमाडौं महानगरपालिकाले भूमिगत सवारीसाधन पार्किङस्थल निःशुल्क व्यवस्थापन गर्दा शहरी विकास मन्त्रालयले हस्तक्षेप गरेर बन्द गरेको थियो । सो कार्यलाई काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर बालेन्द्र शाह र मन्त्री प्रकाश मान सिंहबीच धरहरा सञ्चालनमा अधिकार क्षेत्रको विषयमा टक्करसमेत परेको थियो । मेयर शाहले सिंहकी पत्नी सिर्जना सिंहलाई चुनावी प्रतिस्पर्धामा हराएको राजनीतिक बदला लिँदै धरहरा महानगरपालिकालाई सञ्चालन र व्यवस्थापन गर्न नदिएको आरोपसमेत लागेको थियो ।

धरहरा क्षेत्रलाई अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिमार्फत राखेर मन्त्रालय स्वयमले सञ्चालन गर्दै आएको थियो । गृहमन्त्री अर्याल र शहरी विकास मन्त्री इङनाम दुबैले धरहराको अन्डरग्राउन्ड पार्किङ क्षेत्रको स्थलगत निरीक्षण गरेर सवारीसाधन पार्किङ र बाह्य व्यवस्थापन गर्ने जिम्मेवारी काठमाडौं महानगरलाई नै दिने सहमति गरेको जानकारी हुन आएको छ । लगत्तै शहरी मन्त्रालय र काठमाडौं महानगरपालिकाबीच धरहरा क्षेत्रको व्यवस्थापन महानगरीय प्रहरी बलले हेर्नेगरी सहमति गरेको बताइन्छ । धरहराको भूमिगत सवारीसाधन पार्किङ स्थलमा हाल ठुला सवारीसाधन ३ सय ४१ र ७ सय मोटरसाइकल पार्किङ गर्ने क्षमता रहेको मन्त्रालय स्रोतले जानकारी दिएको छ । काठमाडौंको ट्राफिक जामलाई सहज बनाउने र पार्किङ सौन्दर्य कायम गर्ने विषयमा मन्त्रालयको कार्यभार संहालेदेखि नै गृहमन्त्री अर्यालले चासोसमेत देखाउँदै आएका थिए ।

# कहिले निको होला स्वास्थ्य क्षेत्रको व्यथा
# दर्जनौं स्वास्थ्यकर्मी नै समस्याग्रस्त !

● साँघु संवाददाता

काठमाडौं । जेन-जी आन्दोलनपछि गठिन अन्तरिम सरकार २०८२ फागुन २१ गते घोषित प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने अन्तिम तयारीमा जुटेको छ । तरपनि स्वास्थ्य क्षेत्रको व्यथा र स्वास्थ्यकर्मीका समस्या समाधान कहिले हुने अझै एकीन हुन सकिरहेका छैनन् । मुलुकका ठूला र नयाँ राजनीतिक दलहरूले भरखरै जारी गरेका प्रतिवद्धता, घोषणा र संकल्प पत्रमा खासै स्वास्थ्य सम्बन्धी ठोस नीति अगाडि सारेको देखिंदैन । उल्टै, कतिपय ठूला राजनीतिक दलका नेता, सांसद, मन्त्री र यसअघि मुलुकको प्रधानमन्त्री भइसकेकाहरूले स्वास्थ्य नीतिको धज्जी उडाउँदै आफू अनुकूल प्रयोग गरेको थुप्रै उदाहरणहरु बाहिर आइसकेका छन् ।

कतिपय पूर्व प्रधानमन्त्रीहरुले मन्त्रिपरिषद बैठकबाट अनुकूल निर्णय गराएर विरामी हुँदा राज्यबाट करोडौं करोड आर्थिक सुविधा लिएर विदेश पुगेर उपचार गराएको थुप्रै दृष्टान्तहरु रहेका छन् । तर, कतिपय नेपाली नागरिकहरु भने मुलुकका स्वास्थ्य चौकी र अस्पतालहरूमा समयमा उपचार र औषधि नपाएर अकालमै मृत्यूवरण गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । विगतको संसदीय प्रजातन्त्रकालमा भन्दा नयाँ संविधान जारीपछिको गणतन्त्रकालमा स्वास्थ्य क्षेत्रमा केही सुधार आएको बताइन्छ । तरपनि पर्याप्त मात्रामा सेवा प्रवाह नहुँदा र राम्रो आर्थिक अवस्था नभएका कारण सर्वसाधारणले राज्यबाट खासै सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन् ।

अझ कडा रोग लागेको बिरामीहरुलेसमेत निःशुल्क उपचार र औषधि सेवा अझै पनि पाउन सकिरहेका छैनन् । स्थानीय तहका पालिकाहरुका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, पालिका अस्पताल, नगर अस्पतालहरूमा सामान्य उपचार र करिब १०० प्रकारका औषधि निःशुल्क उपलव्ध गराउने भनिएको छ । तरपनि बिरामीहरुले सहज रुपमा औषधि प्राप्त भने गर्न सकिरहेका छैनन् । रु. तीन हजार पाँच सयमा स्वास्थ्य बीमा गरेर त्यो स्वास्थ्य बीमामार्फत वार्षिक एक लाखसम्मको स्वास्थ्य उपचार दिने घोषणा सरकारले गरेको छ ।

**स्वास्थ्य बीमाको रकम भुक्तानीमा ढिलाइ**

सरकारले स्वास्थ्य बीमा बापतको रकम समयमा उपलव्ध नगराएको गुनासाहरु निकै बढेका छन् । अझ रु. १५ अर्ब बीमा उपचारको रकम समयमा भुक्तानी नदिएको भन्दै कतिपय सरकारी अस्पतालहरुलेसमेत स्वास्थ्य बीमा सेवा बन्द गरिसकेका छन् । अझ सुशासनको दुहाई दिंदै गठन भएको अन्तरिम सरकारले अर्थात् एक लाखको स्वास्थ्य बीमा सुविधालाई घटाएर २५ हजारमा सीमित गरेको छ ।

जसले गर्दा आम सर्वसाधारण नेपाली नागरिकहरूको उपचार सेवा थप संकटमा परेको बताइन्छ । यो अवस्थामा सरकारले पनि यसअघिका अञ्चल अस्पताल, हालका संघीय प्रादेशिक अस्पतालहरूमा भौतिक पूर्वाधार, चिकित्सक, नर्स, प्राविधिक जनशक्ति र आधुनिक उपकरणको पर्याप्त व्यवस्था मिलाउन सकेको देखिंदैन । अझ ल्यावको जनशक्ति र प्रविधिको व्यवस्था नगर्दा सर्वसाधारण नेपाली नागरिकले थप उपचारको लागि संघीय राजधानी काठमाडौं धाउनुपर्ने वा छिमेकी मुलुक भारतमा जानुपर्ने बाध्यता रहेको बताइन्छ । सरकारले सबै प्रदेशहरूमा तीन-तीन वटा मेडिकल कलेज, प्रादेशिक अस्पतालहरूलाई वीर अस्पताल, त्रिविवि शिक्षण अस्पताल जत्तिकै सुविधा सम्पन्न र जनशक्ति बढाउनुपर्ने माग भइरहेको छ ।

तर, पूर्ववर्ती सरकारहरुले यी विषयमा खासै ध्यान दिएन । अहिले पनि क्यान्सर भएको पत्ता लगाउने उपकरण काठमाडौं बाहिरका अस्पतालमा खासै उपलव्ध छैन । विरामीले अप्रेशनको लागिसमेत चार-पाँच महिना कुर्नुपर्ने बाध्यतात्मक स्थिति रहेको छ । लामो अवधिसम्म पालो कुर्दा कतिपय बिरामीहरुको मृत्युसमेत भइसकेको हुन्छ । मुलकभर विभिन्न रोगको उपचार गर्ने विशेषज्ञ चिकित्सकको अभाव रहेको छ ।

**दरवन्दी थप किन गरिएन ?**

मुलकभरका स्वास्थ्य निकायमा पाँच हजार दरबन्दी बढाउनुपर्ने माग भइरहेको छ । विरामीको रोग पत्ता लगाउने अत्याधुनिक उपकरण र ल्याव स्थापना गर्न पीडित नागरिकले जोड दिंदै आएका छन् । दक्ष प्राविधिक जनशक्ति थप गर्दै मुलुकभरी नै स्वास्थ्य उपचार सहज, भरपर्दो र छिटो



स्वास्थ्यमन्त्री सुधा शर्मा

बनाउन माग भइरहेको छ ।

अझ पटक-पटक गठन भएका सरकारले स्वास्थ्य सेवाका विषयमा खासै ध्यान नदिएको गुनासो पनि छ । स्वास्थ्य क्षेत्र विशेष प्राथमिकतामा नपारेको कारण अहिले कडा रोगको उपचारमा बिरामीहरूले उपचार बिना ज्यान गुमाउनु पर्ने र छटपटाउनुपर्ने अवस्था छ । यो अवस्थामा हाल चुनवामा होमिएका राजनीतिक दलहरूले आफ्नो घोषणा पत्रमा स्वास्थ्य सेवा सुधारलाई प्राथमिकतामा राख्न आवश्यक ठानिएको थियो । तर, कतिपय राजनीतिक दलहरुले जारी गरेका घोषणा पत्र र प्रतिवद्धता पत्रमा यी विषय खासै समेटिएको देखिंदैन ।

त्यसैले नयाँ निर्वाचनबाट आउने आगामी सरकारले सम्पूर्ण नागरिकका लागि निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्दै स्थानीय तहमा आधारभूत अस्पताल र स्वास्थ्य क्लिनिक स्थापना गर्न आवश्यक रहेको जानकारहरु बताउँछन् । यस्तै, स्वास्थ्य बीमालाई सबै क्षेत्रका लागि अनिवार्य बनाउने, दावी प्रक्रियालाई सरल र पारदर्शी, स्वास्थ्य बीमाको लगानी बढाउन मदिरा, वियर, चुरोट, बिडीं, सुर्ती, खैनी, गुडखा, पानपराग, चिसो पेय पदार्थ जस्ता स्वास्थ्यका लागि अखाद्य पदार्थको उत्पादन तथा आयातमा थप पाँच प्रतिशत स्वास्थ्य कर वृद्धि गर्नुपर्ने स्रोतको भनाई रहेको छ ।

यसैगरी, मधुमेह, उच्च रक्तचाप, मुटु रोग, मृगौला रोग जस्ता नसर्ने रोग रोकथामका लागि जीवनशैली सुधार र निदानात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने, क्यान्सर, मिर्गौला, मुटु, फोक्सो र जटिल रोगको एकद्वार उपचार प्रणाली विकास गर्नुपर्ने आम नागरिहरुको माग बढ्दै गइरहेको छ । अझ स्थानीय तहमार्फत मानसिक स्वास्थ्य, दुर्व्यसन नियन्त्रण तथा विद्यालय स्वास्थ्य कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने माग पनि बढ्दै गएका छन् ।

**जनचेतना बढाउन माग**

स्थानीय र प्रदेश सरकारले पनि जनचेतना बढाउने कार्यहरूलाई प्राथमिकता दिन जरुरी रहेको छ । अझ स्वास्थ्यकर्मी उत्पादन, संरक्षण र पलायन रोक्न संघीय सरकारले विशेष प्याकेज ल्याउनुपर्ने माग बढ्दै गएको छ । सातै प्रदेशमा तीन-तीन वटा मेडिकल कलेज स्थापना, सुपर अस्पताल स्थापना र टेलिमेडिसिन तथा एयर एम्बुलेन्स सेवा सञ्चालन गरी दुर्गम क्षेत्रका नागरिकसम्म गुणस्तरीय सेवा पुऱ्याउने योजना ल्याउनसमेत माग हुँदै आएको छ ।

संघीय संरचनाअनुसार स्थानीय, प्रदेश र संघीय तहबीच स्पष्ट अधिकार र समन्वय कायम राख्दै स्वास्थ्य सेवामा डिजिटलाइजेशन गर्नुपर्ने माग हुँदै आएका छन् । इएमआर प्रणालीको प्रभावकारी कार्यान्वयन, औषधि तथा उपकरण खरिदमा पूर्ण पारदर्शिता सुनिश्चित गर्नुपर्ने माग सर्वसाधारण नागरिकबाट हुँदै आएको छ । साथै, स्वास्थ्यकर्मी सुरक्षा ऐन कार्यान्वयन, निजी स्वास्थ्य संस्थाले १० प्रतिशत स्वास्थ्य सेवा निःशुल्कको कार्यान्वयन प्रभावकारी, ज्येष्ठ नागरिकका लागि विशेष वार्ड व्यवस्था गर्नुपर्ने माग मतदाताहरुको रहेको पाइन्छ ।

# चार दशकको यात्राबाट डिजिटल भविष्यतर्फ
## ४१औं वर्ष प्रवेशसँगै एनआईएम बैंकको रणनीतिक मोड

साँघु संवाददाता



काठमाडौं । नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (NIMB) २०८२ फागुन १४ गते ४१औं वर्षमा प्रवेश गरेको छ । चार दशकभन्दा बढीको यात्रामा बैंकले वित्तीय संस्थाका रूपमा मात्र नभई आर्थिक स्थायित्व, प्रविधिमैत्री बैंकिङ र सामाजिक उत्तरदायित्वको अभ्यासमार्फत आफ्नो पहिचान निर्माण गरेको दाबी गरेको छ । तर, ४१ वर्षमा प्रवेश गर्नु केवल वार्षिकोत्सवको उत्सव होइन-यो बैंकिङ क्षेत्रको तीव्र प्रतिस्पर्धा, नियामकीय कडाइ र डिजिटल संक्रमणबीच आफ्नो स्थान पुनर्परिभाषित गर्ने क्षण पनि हो ।

**स्थायित्वको आधारः विश्वास र संस्थागत विस्तार**

चार दशकको अवधिमा बैंकले ग्राहक, शेयरधनी, नियामक निकाय र साझेदार संस्थासँगको सम्बन्धलाई आफ्नो सबैभन्दा ठूलो पूँजीका रूपमा चित्रण गरेको छ । हाल देशभर २६९ शाखा, २५७ एटीएम, ६५ एक्सटेन्सन काउन्टर तथा ६० शाखारहित बैंकिङ काउन्टरमार्फत सेवा दिइरहेको तथ्यांकले यसको भौतिक पहुँच अझै पनि बलियो रहेको संकेत गर्छ । तर, पछिल्ला वर्षहरूमा बैंकिङ क्षेत्र डिजिटल प्लेटफर्मतर्फ तीव्र रूपमा मोडिँदै जाँदा शाखा विस्तारभन्दा प्रविधिगत नवप्रवर्तन महत्वपूर्ण सूचक बनेको छ । यस सन्दर्भमा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेले पारदर्शिता, जिम्मेवारी र नवप्रवर्तनलाई प्राथमिकता दिने प्रतिबद्धता दोहोऱ्याएका छन् । त्यस्तै, प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डेले डिजिटल रूपान्तरणलाई तीव्रता दिने घोषणा गरेका छन् । 'समृद्धिको पथमा सँगै अघि बढ्दै' भन्ने नाराले अब बैंकले ग्राहक-केन्द्रित सेवा, छरितो अनलाइन कारोबार र सुरक्षित डिजिटल संरचनामा जोड दिने संकेत गर्दछ ।

**डिजिटल संक्रमणः अवसर कि चुनौती ?**

**नेपालको बैंकिङ प्रणाली अहिले तीन प्रमुख दबाबमा छ–**

डिजिटल फिनटेकको प्रतिस्पर्धा, नियामकीय कडाइ तथा पूँजी व्यवस्थापन, बढ्दो ग्राहक अपेक्षा ।

एनआईएम बैंकको ४१औं वर्षको उद्घोष डिजिटल रूपान्तरणमा केन्द्रित हुनु संयोग होइन । मोबाइल बैंकिङ, क्यूआर भुक्तानी, अनलाइन कर्जा प्रक्रिया र साइबर सुरक्षा प्रणालीलाई सुदृढ नगरी आगामी दशकमा प्रतिस्पर्धा कठिन हुने स्पष्ट छ । विश्लेषकहरूका अनुसार, बैंकले अब केवल 'ठूलो सञ्जाल भएको बैंक' होइन, 'छरितो डिजिटल सेवा दिने बैंक' बन्ने लक्ष्य लिनुपर्नेछ । ग्राहक अनुभव (Customer Experience) सुधार्न नसके परम्परागत बैंकिङ मोडल जोखिममा पर्न सक्छ ।

**सामाजिक उत्तरदायित्वः वित्तीय साक्षरतादेखि वातावरणसम्म**

बैंकले विगत आठ वर्षदेखि वित्तीय साक्षरतामा आधारित चित्रपुस्तक प्रकाशन गर्दै आएको छ । यस वर्ष '३ आर सुन्दर संसार' नामक चित्रकथा पुस्तकको आठौं संस्करण सार्वजनिक गरिएको छ । पुस्तकमा वातावरणीय प्रदूषण, प्राकृतिक स्रोत संरक्षण र ग्लोबल वार्मिङ जस्ता विषय समेटिएको छ । बैंकले यसलाई सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिकामा चेतना अभिवृद्धि गर्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ । यो पहल वित्तीय संस्थाले नाफामुखी गतिविधिभन्दा बाहिर पनि सामाजिक विमर्शमा योगदान दिन सक्छ भन्ने संकेत हो । यद्यपि, दीर्घकालीन प्रभाव मापन र स्थायित्व सुनिश्चित गर्न यस्ता कार्यक्रमलाई संस्थागत रणनीतिसँग जोड्नु आवश्यक देखिन्छ ।

**रक्तदान र समुदायसँगको सम्बन्ध**

वार्षिकोत्सवकै अवसरमा नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कर्मचारीहरूको उल्लेखनीय सहभागिताले संस्थागत संस्कृतिमा सामाजिक संवेदनशीलता रहेको सन्देश दिएको छ ।

**आगामी दशकः के अपेक्षा ?**

**४१औं वर्षमा प्रवेशसँगै एनआईएम बैंकसामु केही स्पष्ट प्राथमिकताहरू देखिन्छन्–**

डिजिटल बैंकिङ संरचना सुदृढीकरण, साइबर सुरक्षामा उच्च लगानी, ग्राहक-केन्द्रित सेवा सुधार, हरित वित्त (Green Financing) तर्फ उन्मुख रणनीति, पूँजी सुदृढीकरण र जोखिम व्यवस्थापन ।

नेपालको अर्थतन्त्र अहिले तरलता, लगानी वातावरण र बजारको सुस्तताजस्ता चुनौतीबाट गुज्रिरहेको अवस्थामा बैंकहरूको भूमिका अझ जिम्मेवार बन्दै गएको छ । एनआईएम बैंकले चार दशकको विश्वासलाई आगामी दशकको प्रविधिमैत्री रूपान्तरणमा कसरी परिणत गर्छ-त्यसले यसको वास्तविक उडान निर्धारण गर्नेछ ।

**निष्कर्ष** : चार दशकको यात्राले संस्थागत स्थायित्व दिएको छ, ४१औं वर्षले भविष्यको दिशानिर्देश तय गर्ने अवसर दिएको छ । यदि डिजिटल रूपान्तरण, पारदर्शिता र सामाजिक उत्तरदायित्वलाई व्यवहारिक रणनीतिमा रूपान्तरण गर्न सकियो भने एनआईएम बैंक केवल ४१ वर्ष पुरानो संस्था होइन, आगामी दशकको बैंकिङ परिदृश्यलाई आकार दिने संस्था बन्न सक्छ ।

# सतर्कता केन्द्र गुहार्दा पनि यादवले पाएनन् न्याय !
# मन्त्री र सचिवको कानमा कहिले लाग्ला बतास ?

**काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको लुम्विनी विकासमा हुँदै आएको अनियमितिमा संलग्न हुन अस्वीकार गर्दा एक एक अधिकृत कर्मचारीलाई घर न घाटको अवस्थामा पुऱ्याइएको छ । कोषका उपाध्यक्ष ल्हारक्याल लामालगायत पदाधिकारीहरुले वरिष्ठ लेखा अधिकृत आठौं तहका नवलकिशोर यादवलाई अन्यायपूर्वक मन्त्रालयमा सरुवा गर्दै कानून विपरीत नयाँ कर्मचारीलाई उक्त जिम्मेवारी दिइएको छ । कोष पदाधिकारीले गरेको अन्याय र कानून विपरीत गरिएको सरुवाविरुद्ध अधिकृत साहले मन्त्रालयमा लिखित रुपमा गुनासो नगरेका पनि होइनन् । तर, आजका दिनसम्म पनि मन्त्रालयले अन्यायको सुनुवाई नगरेको गुनासो पीडितले गरेका छन् ।**

यो विषयमा विभागीय मन्त्री अनिलकुमार सिन्हा, सचिव मुकुन्द प्रसाद निरौला र प्रशासन महाशाखा प्रमुख एवम् सहसचिव जयनारायण आचार्य पनि राम्ररी जानकार रहेको स्रोत बताउछ । तरपनि उनी माथि गरिएको अन्यायविरुद्ध न्याय दिन मन्त्रालयले किन सकिरहेको छैन भन्ने प्रश्न तेर्सिएको छ । पर्यटन मन्त्रालयले आफ्नो पीडा र गुनासोलाई सम्वोधन गर्नुको साटो अनदेखा गरेपछि अधिकृत यादवले २०८२ पुष २३ गते राष्ट्रिय सतर्कता केन्द्रमासमेत हारगुहार गर्दै आएका छन् । उनले केन्द्रका सचिव सर्जूकुमार बैद्यलाई संवोधन गर्दै आफूविरुद्ध अन्याय गर्ने कोषका पदाधिकारी र कर्मचारीविरुद्ध कारवाही गरी न्याय दिन मागसमेत गरेका छन् ।

तर, उनले निवेदन दर्ता गराएको झण्डै दुई महिना बित्न लाग्दासमेत उनले कतैबाट पनि न्याय भने पाउन नसकिरहेको अवस्था छ । सु-शासनको दुहाई दिंदै गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका मन्त्री सिन्हा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यलयमातहको सतर्कता केन्द्रलेसमेत न्याय दिन सकेको छैन । जसले गर्दा पछिल्लो समयमा पनि मुलुकको कर्मचारीतन्त्र र सार्वजनिक प्रशासनमा के कस्ता बेथितिहरु कायम छन् भन्ने विषय यो घटनाले थप प्रष्ट पारिदिएको छ । पीडित अधिकृत यादवले सतर्कता केन्द्रमा दर्ता गराएको निवेदन आम पाठक र कर्मचारीहरुलाई समेत मनन गर्न आवश्यक ठानेर उनको आशय र निवेदनलाई यसरी प्रस्तुत गरेका छौं ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद) को २०७९ मंसिर २० को निर्णय बमोजिम लुम्बिनी विकास कोष कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली स्वीकृत भएको उनले निबेदनमा उल्लेख गरेका छन् । निवेदनमा २०७९ को कार्यान्वयनको सिलसिलामा साविकमा श्रेणीगत प्रणालीमा रहेको कर्मचारीहरुलाई तगहत प्रणालीमा रुपान्तरण गरिएको थियो । सोही विनियमावलीको अनुसूची-१ (क) प्रशासन सेवाको दफा (२) वित्त समूह र अनुसूची-२ बमोजिको पद-नाम अनुसार कोषको २०७९ फागुन ३० गते आफूलाई प्रशासन सेवा, वित्त समूहअन्तर्गत अधिकृत तृतीय श्रेणीबाट सोही सेवा समूहको अधिकृत आठौं तहमा रुपान्तरण गरी पदस्थापन गरिएको पीडितको भनाई रहेको छ ।

जसअन्तर्गत कोषको २०८० असार १० गतेको पत्र बमोजिम मलाई उल्लेखित सेवा, समूहको आठौं तह लेखा प्रमुखको जिम्मेवारी तोकिएको थियो । त्यसो हुँदा आफूले कोषको ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम



मन्त्री अनिलकुमार सिन्हा

ईमान्दारीपूर्वक कार्य गरिरहेको उनले दावी गरेका छन् । सोही अवस्थामा कानून विपरीत लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७९ मा व्यवस्था नै नभएको जिन्सी अधिकृत पदमा २०८० साउन १४ देखि लागु हुनेगरी पत्रबाट आफूलाई जानकारी दिइएको यादवले केन्द्रमा दर्ता गरेको निवेदनमा उल्लेख छ ।

जसमा विनियमावलीको अनुसूची-१ अन्तर्गत वित्त समूह लेखा उपसमूह कार्यरतमध्ये आफू वरिष्ठ कर्मचारीसमेत भएको बताएका छन् । त्यसो हुँदाहुँदै कनिष्ठ कर्मचारीबाट लेखा प्रमुखको काम काज गराउन भनि पत्र दिनु नियमसम्मत देखिएन । त्यसैले मलाई २०८० असार १० गते दिएको पत्र अनुसार लेखा प्रमुखको कामकाज गर्नको निम्ति निरन्तरता गराई पाउन केन्द्रमा न्यायको लागि निवेदन दिएको उनले उल्लेख गरेका छन् । केन्द्रबाट छानबिन पश्चात उक्त कार्य गैरकानूनी देखिएको थियो ।

त्यसैले केन्द्रको च.नं. अ.१६/२५३६, २०८१ जेठ २४ गतेको निर्देशनअनुसार कोषको च.नं. १०००, २०८१ जेठ ३२ को पत्रबाट लुम्बिनी विकास कोष कर्मचारी सेवा, शर्त सुविधासम्बन्धी विनियमावली, २०७९ बमोजिम मलाई पुनः लेखा प्रमुख (आठौं) को जिम्मेवारी दिएको यादवको तर्क रहेको छ । जसमा कोषको प्रचलित कानून बमोजिम काम काज गरी वित्तीय सुशासन कायम गर्नेतर्फ इमान्दारीका साथ कार्य गरिरहेको उनको दावी छ । सोही अवस्थामा कोषका तत्कालीन सदस्य सचिव सानुराजा शाक्यको २०८२ साल असोजमा सेवा अवधि समाप्त हुनु पूर्व सन्ध्यामा यस्तो गलत कार्य गरिएको पीडित यादवले निवेदनमा उल्लेख गरेका छन् ।

शाक्ले आफ्नो उद्देश्य पूरा गर्न र आर्थिक चलखेल गर्नको लागि मलाई सेवा समूह नमिल्ने र दरबन्दी नभएको विभागीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा रहेको सम्पर्क कार्यालयमा वरिष्ठ जिन्सी अधिकृत पदमा खटाइएको दुखेसो गरेका छन् । कोषको च.नं. ५७, २०८२ भदौ २२ को पत्रबाट सरुवा गरेको पत्र आफूलाई इमेलमा प्राप्त भएको व्यहोरा अनुरोधसमेत गर्न चाहन्छु यादवले भनेका छन् । यसरी मलाई कोषको पदाधिकारीहरुबाट पटक पटक कानून विपरीत कार्य गर्न दबाब हुँदै आएकोमा सो दबाबलाई इमान्दारीपूर्वक एवम् विनम्रतापूर्वक अस्वीकार गर्दै कानून बमोजिमको कार्य निरन्तर गर्दै आएको निवेदनमार्फत उनले केन्द्रमा दर्ता गरेको निवेदनमा बताएका छन् ।

त्यसकारण अमूक पदाधिकारीहरुको अभीष्ट पूरा हुने अवस्था नदेखिएकोले विनियमावलीमा व्यवस्था नभएको पदमा कानून विपरीत जिम्मेवारी दिनु गैरकानूनी भएको जिकिर उनले निवेदनमा उल्लेख गरेका छन् । जसका कारण मेरो वृत्ति विकासमासमेत बाधा पुग्ने भएकोले केन्द्रको पूर्व निर्देशन तथा लुम्बिनी विकास कोष कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७९ को प्रावधान विपरी खटाइएको कार्य गैरकानूनी रहेकाले न्याय पाउन उनले माग गरेका छन् ।

त्यसैले कानून विपरीतको सरुवा बदर गरी आफूलाई सोही विनियमावली बमोजिम प्रशासन सेवा, वित्त समूहअन्तर्गत अधिकृत तृतीय श्रेणीबाट सोही सेवा समूहको अधिकृत आठौं तहको वरिष्ठ लेखा अधिकृत (लेखा प्रमुख) यथावत कामकाज गर्ने व्यवस्था मिलाई दिन पनि उनले निवेदनमार्फत आग्रह गरेका छन् । साथै, भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३८ (३) बमोजिम केन्द्रको निर्देशन पालना नगर्ने संलग्न पदाधिकारीहरु उपर प्रचलित कानून बमोजिम थप कारवाहीका लागि यादवले केन्द्रको नेतृत्वसमक्ष अनुरोधसमेत गरेका छन् ।

उनले निवेदनमा तहगत प्रणालीमा रुपान्तरण गरिएको २०७९ फागुन ३० को पत्रको फोटो कपी, लेखा प्रमुखको जिम्मेवारी दिएको २०८० असार १० को पत्रसमेत निवेदनका साथ यथेष्ट प्रमाणहरु सतर्क केन्द्रमा बुझाएको बताए । यसैगरी, जिम्मेवारी तोकिएको २०८० साउन १२ को पत्र, राष्ट्रिय सतर्कता केन्द्रको २०८१ जेठ २४ गते भएको निर्देशन, लेखा प्रमुख (आठौं) को जिम्मेवारी तोकिएको २०८१ जेठ ३२ को पत्र, जिम्मेवारी तोकिएको २०८२ भदौ २२ को पत्र र लुम्बिनी विकास कोष कर्मचारी, सेवा, शर्त तथा सुविधा विनियमावली, २०७९ को छायाँप्रति सहित आवश्यक कागजपत्रहरुसमेत निवेदन संलग्न गरेको जानकारी यादवले दिए ।



# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*मधेशतिर बोलीचालीमा जिम्द्याउनु भन्छ ।*
*खसी काटे पछि भुत्ला खुईल्याउन तताउने पानी*
*कहिलेकांही बढी तातेर सेलाए पछिको अवस्था*
*भुत्ला राम्रो सित खुइलिंदैन ।*
*उम्लेको पानीले स्वभाव छोडेको हुन्छ ।*
*त्यसैले, पानी जिम्धिएको मानिन्छ ।*
*व्यक्ति पनि कहिलेकाहीं पढेर पनि बेढंगी भएकाहरु*
*परिवारमा दरिद्रता र गरिबीबाट सन्तुलन गुमाउन पुगेकाहरु*
*विग्रह र विच्छेदमा परि ठिस देखिएकाहरु*
*जिम्द्याहा भनिनेमा परेका हुन्छन् ।*
*मुलुकको राजनीतिको केन्द्रीय सेरोफेरोमा रहेकाहरु मध्ये*
*यतिखेर, केही अगुवा, बुद्धिजीवी, पत्रकार र अवकासी पाकाहरु*
*जिम्द्याहा पानीको अवस्थाका हुन पुगेका छन् ।*
*यिनीहरुसित एउटा हतासपूर्ण अभिव्यक्ति रेडिमेड देखिन्छ ।*
*ती जहिल्यै आकस्मिक्तालाई देशको निर्णायक शक्ति भनि हिंड्छन् ।*
*भन्न त ती आफ्नो विचारलाई पाको अनुभव बताउँछन् ।*
*तर, खासमा यो जिम्द्याहा मनोविज्ञानको उपद्र्याहा उत्पादन हो ।*
*ती अझै चुनाव अघिको अनिष्ट देख्दछन् ।*
*तिनलाई चुनाव कसैले गराउन खोजेको र कोई रोक्न खोजेको लाग्छ ।*
*तिनको आकस्मिकताको दर्शन त्यहीं प्रस्फुटन भएको हुन्छ ।*
*याद गर्नु होला ।*
*ती सँधैभरि बौद्धिक लाग्ने प्रश्न गरिराख्या जस्ता देखिन्छन् ।*
*के यो चुनाव सही हो, वा के यो चुनाव हुनु पर्ने हो ।*
*पछिल्लो समय यस्तो प्रश्न गर्ने छट्टु हुलमा*
*पूर्व राजा ज्ञानेन्द्र पनि हेलिएका छन् ।*
*जिम्द्याहा शब्द यहीँ निस्किएको हो ।*
*स्वभाव छोडेको उम्लिएको पानीको अवस्था ।*
*चुनावले समाधान दिन्छ त भन्ने प्रश्न नै गलत छ ।*
*र, जब प्रश्न गलत सोधियो भने उत्तर सही खोज्नु उपद्र्याहापन हो ।*
*खासमा चुनावले समाधान नदिने प्रश्नको चुरो*
*२०८२ भदौ २३ र २४ को औचित्यलाई*
*धमिलो बनाउने भीडमा सामेल हुनु हो ।*
*मानवीय सभ्यताको इतिहासले निकालेको निचोड हो ।*
*समुदाय वा राष्ट्रको अभिमत जतिखेर पनि ताजा र सम्मत हुन्छ ।*
*र, निष्कर्षको पनि ।*
*जनताले दिने ताजा अभिमतलाई समाधान नदेख्नु*
*जिम्धोपन हो ।*
*उम्लिएको पानीले स्वभाव छोड्नुको अवस्था ।*
*आज जो समाधान खोजी हिंडेका छन्*
*ती भदौ २३ र २४ गतेको समाधानमा*
*आकस्मिक्ता खोजी बसेका हुन् ।*
*तिनले खोजेको अज्ञातपना तिनको अदृश्य एजेन्डा हो ।*
*अदृश्य एजेन्डामा मुलुकलाई गुमराह राख्नु तिनको समाधान हो ।*
*पूर्व राजा पनि त्यहीँ आफ्नो शक्ति खोज्छन् ।*
*र, जिम्द्याहा बुद्धिजीवी र अगुवा पनि आफ्नो सामर्थ्य ।*
*त्यो शक्ति र सामर्थ्य खोजाईको तुरुप हो ।*
*भदौ २३ र २४ को विद्रोह सही होइन भन्ने निर्घृणी सोच मात्रै हो ।*
*म त भन्छु ,*
*चुनाव सही हो भन्ने प्रश्न नै*
*भदौ २३ र २४ गतेलाई ढाकछोप गरेर*
*बहादुरी देखाउने प्रपञ्च मात्रै हो ।*
*जनताको अभिमत दिने चुनाव आफैमा उत्तर हो*
*सही हो होइन भन्ने प्रश्नको ।*
*त्योभन्दा परतिरको जवाव खोज्नु*
*जिम्द्यापनको पानी स्वभाव हो ।*

## नेपालको निर्वाचन...

रूपमा प्रयोग गरिएको हुनसक्ने विश्लेषण छ ।

**भू-राजनीतिक दबाब र रणनीतिक स्वार्थ**

नेपालमा भारत र चीनको परम्परागत प्रभाव त छँदैछ, तर पछिल्लो समय पश्चिमा शक्तिहरूले लोकतन्त्र र मानव अधिकारको नाममा MCC, SPP जस्ता परियोजनामार्फत रणनीतिक स्वार्थ अघि बढाएको आरोप लाग्दै आएको छ । पहिलो चरणमा वामपन्थी शक्तिलाई कमजोर पार्ने र दोस्रो चरणमा जनयुद्ध तथा जनआन्दोलनकारी शक्तिलाई निस्तेज बनाउने खेल भएको विश्लेषण गरिन्छ ।

**शीर्ष नेताहरूको कानूनी दबाब**

वर्तमान राजनीतिक परिदृश्यमा प्रमुख दलका नेताहरू विभिन्न कानूनी र नैतिक संकटको घेरामा छन् । केपी शर्मा ओली 'जेन-जी' आन्दोलन र गिरीबन्धु टी-इस्टेट प्रकरणको दबाबमा रहेको चर्चा छ । पुष्पकमल दाहाल संक्रमणकालीन न्याय र जनयुद्धकालीन मुद्दाले घेरिएका छन् । शेरवहादुर देउवालगायतका नेताहरू विभिन्न आर्थिक तथा कानूनी विवादसँग जोडिएका छन् ।

**नयाँ बनाम पुराना शक्ति**

सर्वेक्षणहरूले राष्टिय्र स्वतन्त्र पार्टी र नेपाली कांग्रेसबीच कडा प्रतिस्पर्धा देखाएका छन् । एमाले तेस्रो र माओवादी चौथो स्थानमा रहने अनुमान छ ।

तर 'Silent Majority' अर्थात् मौन मतदाता र पुराना दलका जरा गाडिएका संगठनहरू अझै निर्णायक हुनसक्छन् । सामाजिक सञ्जालमा देखिने लहर नै अन्तिम परिणाम नहुन सक्छ ।

**मधेश, होली र मत गणित**

होली पर्वका कारण मधेश क्षेत्रमा मत प्रतिशतमा केही फेरबदल हुनसक्ने आंकलन गरिएको छ । मधेशबाट गाउँ फर्किने युवा पुस्ताको झुकावले नयाँ शक्तिको मत केही बढ्न सक्छ, तर परिपक्व मतदाताको निर्णय अझै सार्वजनिक रूपमा प्रकट भएको छैन ।

**निर्णायक घडी**

अबको निर्वाचन केवल पात्र परिवर्तनको माध्यम मात्र हुनुहुँदैन । यो विदेशी 'रिमोट-कन्ट्रोल राजनीति' बाट मुक्त हुने अवसर पनि हुन सक्छ । मतदाताले पुरानाको गल्ती र नयाँको नियत दुवैलाई तराजुमा राखेर विवेकपूर्ण निर्णय गर्नुपर्ने घडी आएको छ ।

अन्ततः विदेशी चलखेल र आन्तरिक भ्रष्टाचारको चक्रव्यूहले नेपालको राजनीतिलाई कता लैजान्छ भन्ने कुरा नेपाली मतदाताको चेतना र निर्णयमै निर्भर रहनेछ ।

## प्रचण्डको चाल...

*रूपमा प्रस्तुत गर्छन् । भाग परेको तीन सिटसमेत त्यागेर गठबन्धनको विपक्षमा उभिएको निर्णयले त्यसबेला धेरैलाई अचम्मित बनाएको थियो ।*

***ओली हारेपछि 'एकता'को सपना ?***

*प्रचण्ड निकट वृत्तमा भने अर्को बुझाइ छ–ओली कमजोर वा पराजित भए एमालेभित्र विवाद चुलिनेछ र त्यसपछि माओवादी-एमाले एकताको ढोका खुल्न सक्छ । त्यस्तो अवस्थामा आफू अध्यक्ष र संसदीय दलको नेता बन्ने अवसर खोज्ने मनसुवा प्रचण्डमा रहेको विश्लेषण भइरहेको छ । एमालेभित्र चुनावपछि आन्तरिक बहस र विवाद बढ्न सक्ने संकेत देखिए पनि अहिले खुला अन्तर्घातको अवस्था भने छैन । तर, मत कम आए एमालेको साख कमजोर हुने आकलन छ ।*

***झापा-५ मा दुईधारे रणनीति***

*झापा-५ मा माओवादी उम्मेदवार रञ्जित तामाङलाई नछोड्न प्रचण्डले निर्देशन दिएको चर्चा छ । तर, झापाका माओवादी कार्यकर्ता दुई धारमा बाँडिएका छन् । एक समूह आफ्नै उम्मेदवारको पक्षमा छ भने अर्को समूह बालेनलाई रोक्न ओलीलाई साथ दिनुपर्ने तर्क गरिरहेको छ । यस दुईधारे रणनीतिले एमाले-माओवादीबीच केही क्षेत्रमा हुन सक्ने तालमेल प्रभावित भएको देखिन्छ। शीर्ष तहमा एकताको प्रयास गरिरहेका ओलीका लागि प्रचण्डको अस्पष्ट लाइन चुनौती बनेको छ ।*

***निष्कर्ष*** *: प्रचण्डको रणनीति स्पष्ट रूपमा ओलीविरुद्ध केन्द्रित देखिए पनि त्यसको अन्तिम लक्ष्य एमाले कमजोर पारेर भविष्यमा शक्ति सन्तुलन आफ्ना पक्षमा मोड्ने हुन सक्छ भन्ने विश्लेषण भइरहेको छ । चुनावी परिणामले मात्र होइन, त्यसपछिको समीकरणले पनि प्रचण्डको यो रणनीति सफल हुन्छ कि उल्टै जोखिममा पर्छ भन्ने निर्धारण गर्नेछ ।*

## ओली–बालेन...

अघोषित समझदारीः अन्तिम अवस्थामा गगन थापासँग झापा र सर्लाहीमा एक-अर्कालाई सघाउने भित्री सहकार्यको सम्भावना । नकारात्मक प्रचारः बालेनलाई ' पर्यटक उम्मेदवार' वा 'काठमाडौँमा टिक्न नसकेर आएको' भन्दै नकारात्मक प्रचारमार्फत मत प्रभावित पार्ने रणनीति । जे-जस्तो रणनीति अपनाइए पनि ओलीले देशी-विदेशी विश्लेषकलाई चकित पार्दै नतिजा आफ्नो पक्षमा ल्याउने प्रयास गर्ने आंकलन गरिएको छ ।

**हार–जितको अर्थ**

यस प्रतिस्पर्धामा बालेन शाहका लागि हार पनि एक प्रकारको नैतिक जित हुन सक्छ, जसले उनको राष्ट्रिय राजनीतिक उचाइ थप विस्तार गर्नेछ ।

तर, केपी ओलीका लागि भने यो निर्वाचन जितेर पनि हारेजस्तो परिस्थितिमा परिणत हुन सक्ने देखिन्छ । यसपटक उनले अपनाएको रणनीतिक कसरत र सक्रियता विगतभन्दा फरक देखिएको छ । निर्वाचनपछि उनी सच्चिन्छन् वा पुरानै शैलीमा अघि बढ्छन् भन्ने प्रश्नको जवाफ भने समयले मात्र दिनेछ ।

## लालकिल्लामा...

शक्ति बनाउने प्रयास गरेको अनुमान गरिएको छ ।

यस प्रतिस्पर्धाले कांग्रेस, माओवादी, राप्रपा, श्रम संस्कृति, उज्यालो नेपाल पार्टी तथा स्वतन्त्र उम्मेदवारहरूलाई ओझेलमा पारेको छ । परिणाम कसको पक्षमा जान्छ भन्ने स्पष्ट अवस्था छैन । बालेनले निर्वाचन जिते 'हस्तिनापुरको राज, हारे चपारीमुनिको वास'को हुने अवस्था रहेकोछ ।

मतदाताहरूले ओलीप्रति गुनासो गर्दै सडक, शिक्षा, स्वास्थ्य, खानेपानी र रोजगारी मुख्य मागका रूपमा अगाडि सारेका छन् । दमक, गौरादह नगरपालिका तथा कमल र गौरीगञ्ज गाउँपालिकामा रहेका करिब ३५ हजार सुकुम्बासीले जग्गाधनी पुर्जा माग गर्दै आएका छन् ।

झापा-५ मा करिब १ लाख ६३ हजार ३७९ मतदाता छन्, जुन जिल्लाकै सबैभन्दा ठूलो क्षेत्र हो । हाल झापा जिल्लामा ५० हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन्, जसमा १८-२९ वर्ष उमेर समूहका युवाको हिस्सा करिब २२ प्रतिशत छ ।

२०७९ को निर्वाचनमा एमाले अध्यक्ष ओलीले ५२ हजार ३१९ मत ल्याएर विजयी भएका थिए । कांग्रेसका खगेन्द्र अधिकारीले २३ हजार ७४३ मत प्राप्त गरेका थिए भने रास्वपाका सुरेशकुमार पोखरेलले ११ हजार ७५९ मत पाएका थिए । समानुपातिकतर्फ एमालेले ३५ हजार ८७२, रास्वपाले १८ हजार २०५ र कांग्रेसले १६ हजार ८५९ मत प्राप्त गरेका थिए ।

इतिहास हेर्दा अध्यक्ष ओली २०४८, २०५१, २०५६, २०७०, २०७४ र २०७९ मा यही क्षेत्रबाट विजयी भएका हुन् । २०६४ को संविधानसभा निर्वाचनमा भने माओवादीका युवा उम्मेदवार विश्वदिप लिङदेनले उनलाई पराजित गरेका थिए ।

यसपटकको निर्वाचनमा एमाले अध्यक्ष ओली मुख्यतः आफ्नै क्षेत्रमा केन्द्रित भएका छन् । २०७९ को आमनिर्वाचनमा झण्डै ६२ जिल्लामा पुगेर प्रचार गरेका ओली यसपटक एमालेले नै झापा पाँचमा मात्रै सीमित देखिएका छन् । वर्तमान अवस्थामा केपी ओलीप्रतिको जनआक्रोश, बदलिंदो राजनीतिक धारका कारण एमाले पार्टी र उसका उम्मेदवारहरूले आफ्ना अध्यक्षलाई अन्य क्षेत्रमा बोलाउन हिच्किचाएको चर्चा छ ।

झापा-५ को यो भिडन्तले परम्परागत शक्ति र वैकल्पिक राजनीति बीचको संघर्षलाई प्रतीकात्मक रूपमा उजागर गरेको छ । अन्ततः परिणामले मतदाताको मूड र राष्ट्रिय राजनीतिमा आउने सम्भावित मोड स्पष्ट पार्नेछ ।

## रौतहट–१ मा...

नेतृत्वबीचको प्रतिस्पर्धाको रूपमा चुनावलाई हेरिँदा मत विभाजनको जोखिम बढेको छ । समान भोट बैंकमा प्रतिस्पर्धा हुँदा नेपालको आधार खुम्चिन सक्ने आकलन गरिएको छ ।

**कांग्रेससँग समीकरण असफल ?**

सर्लाही-४ मा गगन थापालाई समर्थन गरेपछि कांग्रेसले रौतहट-१ मा आफूलाई साथ दिन सक्ने नेपालको अनुमान थियो । तर गगन थापासँग औपचारिक सहमति बन्न सकेको छैन । थापा पुराना नेताहरूसँग परम्परागत शैलीमा सहकार्य गर्ने पक्षमा नरहेको र आफ्नो राजनीतिक सन्देशमा अडिग रहेको चर्चा छ । यस्तो अवस्थामा कांग्रेसबाट स्पष्ट समर्थन नआउँदा नेपाल थप अप्ठ्यारोमा परेका छन् ।

**प्रभु शाहसँग दूरी**

रौतहटमा प्रभावशाली मानिने प्रभु शाहसँग समीकरण बनेको भए चुनावी गणित बदलिन सक्थ्यो भन्ने आकलन पनि गरिएको छ । तर, हाल नेपाल र शाहबीच दूरी बढेको बताइन्छ । त्यसैले सम्भावित समर्थनको ढोका पनि बन्दजस्तै भएको छ ।

**मुद्दा र 'नैतिक' प्रश्न**

नेपालमाथि चलिरहेको मुद्दाले पनि चुनावी वातावरणमा प्रभाव पारेको बताइन्छ । "जिते पनि सांसद हुन नपाउने" भन्ने भाष्य फैलाइँदा मतदातामा अन्योल बढेको विश्लेषण छ । विपक्षीले यसलाई चुनावी मुद्दा बनाउने प्रयास गरिरहेका छन् ।

**अन्तिम समीकरण के ?**

रौतहट-१ मा अबको चुनाव केवल उम्मेदवारबीचको प्रतिस्पर्धा मात्र नभई संगठन, जातीय गणित, कानुनी अवस्था र राष्ट्रिय राजनीतिक सन्देशबीचको जटिल समीकरण बनेको छ । माधव नेपालको लामो राजनीतिक अनुभव र राष्ट्रिय छवि एकातिर छ भने बदलिँदो मतदाता मनोविज्ञान र स्थानीय शक्ति सन्तुलन अर्कोतिर । चुनावी परिणामले केवल एक क्षेत्रको प्रतिनिधित्व निर्धारण गर्ने छैन, यसले नेपालको आगामी राजनीतिक यात्राको दिशा पनि तय गर्न सक्छ ।

## पार्टीभित्र...

गइरहेको प्रतिनिधि सभा निर्वाचनमा उनी रूकुम पूर्वबाट उम्मेदवार बनेका छन् ।

त्यस्तै, नेपाली कम्युनिष्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठ पनि गोरखा १, मकवानपुर २ हुँदै हाल सर्लाही ३ पुगेका छन् । प्रतिनिधि सभाको निर्वाचनमा मकवानपुरबाट पराजित हुँदासमेत राष्ट्रिय सभामा निर्वाचित भए । वर्षमान पुन पनि रोल्पा क्षेत्र नं १, मोरङ ५, ललितपुर क्षेत्र नं १ हुँदै पुन रोल्पाबाट उम्मेदवार बनेका छन् । सोही पार्टीका सहसंयोजक माधवकुमार नेपाल पनि काठमाडौं क्षेत्र नं २ र रौतहट १ बाट बाराम्वार निर्वाचन लड्दै आएका थिए । यसरी निर्वाचनपिच्छे संयोजक प्रचण्ड, वरिष्ठ नेता श्रेष्ठ र पुनले अलग-अलग क्षेत्र रोज्नुले उनीहरूको राजनीतिक क्षेत्र असुरक्षित भएको चर्चा राजनीतिक वृत्तमा चल्ने गरेको छ ।

आफ्नो निर्वाचन क्षेत्रका मतदाता रिझाउन र व्यक्तित्व विकास गर्न नसकेको, सरकारमा रहँदा पनि राम्रो काम नगरेको परिणाम हार्ने डरले क्षेत्र परिवर्तन गर्न बाध्य हुने गरेको आरोप यी नेताहरुमाथि लाग्ने गरेको छ । चुनाव क्षेत्र परिवर्तन राजनीतिक रणनीति, गठबन्धन समीकरण र संगठनात्मक अवस्थासँग जोडिएको विषय मानिन्छ ।

प्रचण्डले सिरहा ५ बाट भने १५ हजार २ सय ४४ मत ल्याएर बल्लतल्ल जितेका थिए । त्यसबखत पटक-पटक मतगणना स्थगित गरेर रहस्यमय ढंगले एमाले उम्मेदवार एमालेका उम्मेदवार लीलानाथ श्रेष्ठलाई हराएर प्रचण्डलाई जबर्जस्ती जिताएको आरोप लागेको थियो ।

## सेनाको...

यान्त्रिक सेवा महानिर्देशनालय, सुन्दरीजलबाट पास भई सम्भाररथी विभागमा पुगेको जनाइएको छ । अब अन्तिम निर्णय प्रधानसेनापति अशोकराज सिग्देलको निर्देशनमा निर्भर रहने बताइएको छ ।

यसअघि पनि नेपाली सेनाभित्र ठूला परिमाणका सप्लाइमा सीमित समूहले सेटिङका आधारमा निरन्तर अवसर पाएको भन्दै आलोचना हुने गरेको थियो । प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रियाको सट्टा सीमित कम्पनीको कोटेशनमार्फत खरिद गरिन लागिएको हो भने त्यसले पारदर्शिता र निष्पक्षतामाथि गम्भीर प्रश्न उठाउने सरोकारवालाहरू बताउँछन् । सम्बन्धित निकायले खुला प्रतिस्पर्धा, स्पष्ट मापदण्ड, पारदर्शिताका आधारमा र सार्वजनिक जानकारीसहित प्रक्रिया अघि नबढाए यो विषय थप विवादमा तानिने देखिएको छ ।

## परराष्ट्रको...

भएपछि भारत सरकार ओलीप्रति असन्तुष्ट रहेको चर्चा सार्वजनिक रूपमा हुँदै आएको थियो । बालेनको ओलीप्रतिको आलोचना र भारतको ओलीप्रतिको असन्तुष्टिबीच कुनै कारण-कार्य सम्बन्ध वा अन्तरसम्बन्ध छ कि छैन भन्ने विषय राजनीतिक विश्लेषकहरूका लागि खोजीको विषय बन्न सक्छ ।

**रास्वपा, 'मुनरो डक्ट्रीन' र विवाद**

बालेन राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्नुभन्दा केही महिना अघि रास्वपाका तत्कालीन नेता मुकुल ढकालले पार्टी अध्यक्षसहित केही नेताले-"भारतले हामीलाई सत्तामा पुग्न सहयोग गर्छ भने नेपालको रक्षा र परराष्ट्र नीतिको जिम्मा भारतलाई दिन तयार हुनुपर्छ"-भनेको आरोप लगाएका थिए। उक्त आरोपकै कारण ढकाललाई पार्टीबाट निष्कासन गरिएको थियो ।

त्यस्तै, रास्वपाका अर्का एक नेताले विघटित संसदमा "मुनरो डक्ट्रीन"को उदाहरण दिँदै नेपालले भारतको चाहना वा स्वार्थअनुसार काम गर्नुपर्छ भन्ने आशय व्यक्त गरेको विषय पनि सार्वजनिक भएको थियो । त्यसबेला राष्ट्रिय स्वार्थभन्दा बाह्य स्वार्थलाई प्राथमिकता दिएको आरोपमा ती नेताको व्यापक आलोचना भएको थियो ।

संयोग नै भनौं, "मुनरो डक्ट्रीन"लाई नेपाल-भारत सम्बन्धको आधार बन्न सक्ने धारणा राख्ने नेता र बालेन अहिले एउटै पार्टीमा रहेका छन् । चुनाव प्रचारका क्रममा बालेन र रवि लामिछाने सँगसँगै विभिन्न स्थानमा पुगेका छन् । तर, छिमेकी मुलुकहरू र अन्य राष्ट्रसँगको सम्बन्धबारे उनीहरूको स्पष्ट र ठोस दृष्टिकोण सार्वजनिक रूपमा देखिएको छैन भन्ने टिप्पणी पनि सुनिन्छ ।

**गगन थापाको 'सन्तुलन' दृष्टिकोण**

अर्कोतर्फ, हालै विशेष महाधिवेशनबाट पार्टी सभापति बनेका गगन थापाले नेपाल दुई ठूला र शक्तिशाली राष्ट्रबीच अवस्थित मुलुक भएकाले दुवै छिमेकीसँगको सम्बन्ध सन्तुलित ढंगले अगाडि बढाउनुपर्ने स्पष्ट धारणा व्यक्त गरेका छन् ।

यस सन्दर्भमा गगनको दृष्टिकोण बालेन र रविको जस्तो अमूर्त नभई सापेक्ष रूपमा बढी स्पष्ट र परिपक्व देखिन्छ भन्ने तर्क गरिएको छ । परराष्ट्र मामिलामा रास्वपाका नेताहरूबाट हालसम्म देखिएको अभिव्यक्तिभन्दा कांग्रेस सभापति गगन थापाको दृष्टिकोण बढी व्यावहारिक र संविधानसम्मत देखिने टिप्पणी पनि गरिएको छ ।

## सचिवको...

सरूवा हुने रुची देखाएर दौडधुपमा लागेको चर्चा चलेको छ । तर, मुख्यसचिव सुमनराज अर्यालले सरकारलाई कन्भिन्स गर्न नसक्दा उनीहरुमध्ये कसैको पनि वाणिज्य सचिवमा सरुवा हुन सकिरहेको छैन ।

०८२ फागुन ९ गतेयता प्रशासन सेवाको दुई सचिव पद रिक्त रहेका छन् । त्यसैले रिक्त पदमा पदमा बढुवाका लागि मधेस प्रदेशमा कार्यरत कामु सचिव कमलप्रसाद भट्टराई र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा कार्यरत वरिष्ठ सहसचिव इन्दु घिमिरे लाइनमा रहेका छन् । तरपनि उनीहरुलाई बढुवा गर्न सरकारले अलमल गरेको देखिन्छ । वरिष्ठ सहसचिव भट्टराई नै कामु सचिव रहेकोले उनलाई नै सचिवमा बढुवा गर्ने अनुमान भइरहेको छ । अन्तरिम सरकारले विशिष्ठ श्रेणी सचिव पदमा वरिष्ठ सहसचिवलाई विगतमा बढुवा गर्दै आएको नजिर रहेको छ ।

उता, लामो समय राजस्व प्रशासनमा कार्यरत रहँदै अर्थ मन्त्रालयको राजस्व सचिव हुँदै अर्थ सचिव भएका रामप्रसाद घिमिरे जस्तै अनुभवीलाई सरुवा गर्ने योजना मुख्यसचिव अर्यालको रहेको बताइन्छ । उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रपति कार्यालयको हुँदै वाणिज्य सचिव समेत भएर उमेरहदका कारण अवकासमा गइसके । त्यसैले पनि मुलुकको गिर्दो आर्थिक अवस्थालाई मध्यनजर गर्दै वाणिज्य सचिवमा अनुभवीलाई खटाउनुपर्ने माग निजामती प्रशासन सेवाबाट हुँदै आएको चर्चा सुनिन्छ ।

## 'चार डीआईजी'को...

***आईजीपीको जोडबल***

*डीआईजीहरूको पदावधि थपका लागि महानिरीक्षक राजु अर्याल सक्रिय रहेको स्रोतको दाबी छ । सशस्त्र प्रहरी अस्पतालका प्रमुख डा. रुपक महर्जन र मद्दति निर्देशनालय प्रमुख सन्दीप थापा बजेट व्यवस्थापनको संवेदनशील पदमा रहेकाले उनीहरूको कार्यकाल निरन्तरताका लागि प्रयास भइरहेको बताइन्छ ।*

*अर्का डीआईजी लक्ष्मणबहादुर सिंह गृहमन्त्रालयमार्फत लबिङमा लागेको चर्चा छ । कैलालीको टीकापुर घटनाकालीन सन्दर्भमा गृहसचिव राजकुमार श्रेष्ठसँगको कार्यसम्बन्धका आधारमा उनले पहल गरिरहेको बताइन्छ । प्रदीप पाल भने पदावधि थपका लागि शक्ति केन्द्र धाउने वा चलखेलमा नलागेको सशस्त्र प्रहरी मुख्यालयमा चर्चा हुने गरेको छ । २०८२ वैशाखमा उनलाई लुम्बिनीबाट सुदूरपश्चिम सरुवा गरिएको थियो ।*

***विगतको नजिर र आन्तरिक राजनीति***

*सशस्त्रमा विगतमा प्रायः डीआईजीको पदावधि एक वर्ष थप हुँदै आएको छ । तर, प्रवीणकुमार श्रेष्ठको हकमा भने पदावधि थप नभई अवकाश भएको थियो । त्यसबेला आन्तरिक शक्ति संघर्ष र बढुवाको समीकरणले प्रभाव पारेको आरोप लागेको थियो । अदालत पुगे पनि श्रेष्ठको पक्षमा आदेश नआएपछि उनी अवकाशमा गएका थिए ।*

*२०८१ पुसमा गणेश ठाडामगर, कमल गिरी, शम्भु सुवेदी र कुलबहादुर नेम्वाङको पदावधि अन्तिम दिन एक वर्ष थप गरिएको थियो । तीमध्ये तीन जना २०८२ पुसमै पाँचवर्षे सेवा पूरा गरी बिदा भएका छन् भने गणेश ठाडामगर एआईजीमा बढुवा भई आईजीपीको लाइन बस्न सफल भएका छन् ।*

*हाल रिक्त भएका डीआईजी पदमा सरकारले बढुवा गरेको छैन । यसले सशस्त्र प्रहरीभित्र नेतृत्व व्यवस्थापन र बढुवा प्रक्रियाबारे प्रश्न उठाएको छ । २०८२ चैत ५ नजिकिँदै जाँदा सरकारको निर्णयले सशस्त्र प्रहरी बलभित्रको शक्ति सन्तुलन र आगामी नेतृत्व समीकरण कता मोडिन्छ भन्ने चासो बढेको छ ।*

## गृहमा...

छ । यसैगरी, सहसचिवहरु कृष्णप्रसाद खनाल, डिजन भट्टराई र खडानन्द अधिकारीलाई भने गृह मन्त्रालयमा सरुवा गरेको छ । उनीहरुलाई उपसचिवहरु प्रजिअ रहेका जिल्लाहरुमा खटाउने तयारी गृह मन्त्रालयले गरेको बुझिएको छ ।

सहसचिव राजन राई, गोकुल बास्तोला र कृष्ण जिसीलाई लोकसेवा आयोगमा खटाइएको छ । प्रेमबहादुर दौल्यालाई सुदूरपश्चिम प्रदेश, सुकदेव प्रसाद बाँस्कोटालाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वृत्त आयोगमा सरुवा गरिएको छ । त्यसैगरी नारायणप्रसाद दाहाललाई मधेस प्रदेशमा र युगराज पौडेललाई भने लुम्बिनी प्रदेशमा खटाइएको छ । विजय रानालाई गण्डकी प्रदेश, मनिष भट्टराईलाई संघीय सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा खटाइएको छ भने रमेश प्रसाद मैनालीलाई भाषा आयोगमा सरुवा गरिएको बताइन्छ ।

सहसचिवद्वय दिनेश घिमिरे र कमानसिंह खत्रीलाई भने सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखिएको छ । यसैबीच, गृह मन्त्रालयमा प्रमुख जिल्ला अधिकारीमा खटाउनका लागि सहसचिवहरु अभाव भएको गुनासो पनि सुनिन्छ । जसका लागि मन्त्रालयमा आधा दर्जन भन्दा बढी सहसचिव आवश्यकता रहेको मन्त्रालय स्रोतले जानकारी दिएको छ । यही कारण हाल सहसचिवको दरबन्दी भएको जुम्ला, जाजरकोट, अछाम, डोटी र बैतडीमा भने मन्त्रालयले उपसचिवस्तका कर्मचारीहरुलाई प्रजिअको जिम्मेवारीमा खटाएको छ ।

ती जिल्लाहरुमा सहसचिवको दरवन्दी रहेकोले कर्मचारी अभावको कारण उपसचिवलाई खटाउनुपर्ने बाध्यता आइलागेको मन्त्रालय स्रोतले दावी गरेको छ । भरखरै मात्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले सहसचिवहरू डिजन भट्टराई, खडानन्द अधिकारी र कृष्णप्रसाद खनाललाई मन्त्रालयमा सरूवा गरी पठाएको छ । हाल मन्त्रालयको बरण्डामा सहसचिव निराजन घिमिरे एकजना मात्र रहेको बताइन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अझै दुईजना सहसचिव अतिरिक्त समूहमा राखिएको छ ।

उनीहरुलाई पनि गृहमा सरुवा गरिदिएको भए सहसचिवको दरबन्दीमा उनीहरुलाई व्यवस्थापन गर्न सहज हुने गृह स्रोतले बताएको छ । सहसचिवको दरबन्दी रहेको जुम्लामा उपसचिव दीपक पौडेल, जाजरकोटमा राजुप्रसाद पौडेल प्रजिअको भूमिकामा रहेका छन् । यसैगरी, उपसचिवस्तरका अछाममा यज्ञबहादुर बुढा, डोटीमा कल्पना घिमिरे नेपाल र बैतडीमा कृष्ण थापा प्रजिअको जिम्मेवारीमा रहेका छन् । उनीहरूलगायतलाई विस्थापित गर्नका आधा दर्जन सहसचिवहरुको आवश्यकता रहेतापनि ३ जना सहसचविलाई मात्रै गृहमा भित्र्याइएको छ ।

## गतिशील...

डुम्जन र तेस्रोमा रेजिना गुरुङ रहेका थिए । त्यस्तै नगमा खरेल, अल्का सापकोटा, दीर्घबहादुर खड्का, शैली चौधरी, अनामिका चौधरी, गीता केसी दर्नाल, रुबी खातुन र निशा राजवंशी पनि सूचीमा समावेश थिए ।

तर, प्रत्यक्षतर्फ शून्य उपस्थिति र संगठनात्मक कमजोरीका कारण समानुपातिक सूचीमा नाम दर्ता गराएका यी एघार जनाको सांसद बन्ने रहर, आकांक्षा पहिलो प्रयासमै अधुरै रह्यो । राजनीतिक वृत्तमा यस अवस्थालाई "चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी" भन्ने उखानसँग तुलना गरिएको छ-ठूलो आशा बोकेर मैदानमा उत्रिएको दल पहिलो पटकमै ' कठैबरा' बनेको टिप्पणी गरिएको छ ।

त्रिभुवन विश्व विद्यालयका विद्यार्थीहरुलाई पढाउनु र जहाज उडाउनु राजनीतिक दलको उडान भरेर यात्रा गर्नु आकास जमिन कै फरक हुन्छ भन्ने कुरा यस दलको नेता बन्न रहर गर्ने अध्यक्ष डा. दिनेश राज प्रसाईं मास्टर सा'ब र साहुजी वीरेन्द्रवहादुर बस्नेतहरुले बल्ल महसुस गरे कि ? देशका सात प्रदेश, ७७ जिल्ला र ७५३ पालिकामा दलको उपस्थिति जनाउनु त्रिभुवन विश्व विद्यालयका विद्यार्थीहरुलाई पढाएर तलब थाप्नु अनि विराटनगर, नेपालगञ्ज, पोखरालगायत गन्तब्यमा जहाज उडाएर आर्जन गरे जस्तो सजिलो नयाँ दलको स्थापना र विस्तार निकै कष्टकर राजनीतिक पेशा रहेछ भन्ने महसुस भयो कि ? विद्यार्थीहरुलाई पढाउँदा तलब पाइन्छ, जहाज उडाउँदा वा अन्य व्यवसाय गर्दा आम्दानी हुन सक्छ । आम्दानी नभए व्यवसाय बन्द हुन सक्छ । तर, नयाँ राजनीतिक दलको देशैभर संगठन विस्तार गर्न करोडौं खर्च लाग्छ । एउटा जिल्ला पार्टी अफिस खडा गर्न मात्रै सामान्य रुपमा रु. ३ लाख खर्च भयो भने पनि ७७ जिल्लामा दलको कार्यालय खोल्न मात्रै दुई करोड दश लाख रकम खर्च हुन्छ । दलको कार्यालय नियमित रुपमा सञ्चालन र संगठन विस्तारको सबै खर्च जोड्दा वार्षिक तिसौं करोड रकम खर्च हुन्छ । मासिक रु. २/४ करोड नियमित रुपमा खर्च गरेर दलीय राजनीति गर्न अध्यक्ष डा. प्रसाईं र बीबी बस्नेतहरुका लागि कति सम्भव होला ?

गतिशील लोकतान्त्रिक (गतिलो)पार्टीले नयाँ शक्ति निर्माणको दाबी गरे पनि जनाधार, संगठन विस्तार र स्पष्ट राजनीतिक एजेन्डा अभावले गतिशील लोकतान्त्रिक पार्टीको यात्रा सुरुवातमै अवरुद्ध भएको चर्चा राजनीतिक क्षेत्रमा हुने गरेको छ ।

## नयाँ मन्त्रीहरूलाई...

ज्यान बचाएको थियो ।

त्यसयता मन्त्री निवासका भवनहरु खण्डहरमा परिणत भएका छन् । राज्यले २०८२ भदौ २७ गते गठित अन्तरिम सरकारले मन्त्रीहरूलाई आवास व्यवस्थापन गर्न सकिरहेको छैन । जसका कारण घर हुनेहरू आफ्नै निवासमा र नहुनेहरू भाडाका घरमा बस्दै आएका छन् । तर, अब निर्वाचनपश्चात बन्ने सरकारका २५ जना मन्त्रीहरूका लागि आवास कसरी व्यवस्थापन गर्ने भन्ने विषय अहिलेदेखि नै टाउको दुखाइ बन्न थालेको बताइन्छ । अन्तरिम सरकारले मन्त्रीहरूको आवास व्यवस्थापन र मर्मतका लागिसमेत खासै चासो दिएको पाइँदैन ।

मन्त्रीहरूको अस्थायी आवासको व्यवस्थापनका लागि प्रधानमन्त्री कार्यालयसँग समन्वय गर्ने कार्य भने संघीय शहरी विकास मन्त्रालयले गरिरहेको बुझिएको छ । हाल भग्नावशेषमा परिणत भएको मन्त्री निवासको पुनर्निर्माण प्रक्रिया औपचारिक रूपमा मन्त्रालयमातहतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले अगाडि बढाउन लागेको मन्त्रालय स्रोतले जानकारी दिएको छ । जसअन्तर्गत पहिलो चरणमा ११ वटा ब्लकको पुनर्निर्माणका लागि टेण्डर आव्हान भइसकेको बताइन्छ ।

## विवादस्पदको...

सिन्हाले सुशासनको दुहाई दिंदै छानीछानी विगतमा राम्रै अवसर प्राप्त गरेर 'तर' मारेका उपसचिवहरुलाई के स्वार्थले निजी सचिव राखेको होलान् भन्दै उद्योग र पर्यटन मन्त्रालयमा चर्चा चल्ने गरेको छ । अझ रोचक विषयत मन्त्री सिन्हाले केही महिना भूमि व्यवस्थापन, सहकारी तथा गरिवी निवारण मन्त्रालयको कार्यभार संहाल्दासमेत उद्योग मन्त्रालयमा कार्यरत उपसचिव रमिला भण्डारीलाई निजी सचिवमा भित्र्याएका थिए ।

उनै भण्डारीलाई वर्तमान भूमि व्यवस्था मन्त्री प्रा. डा. कुमार इङनामलेसमेत निरन्तरता दिंदै आएका छन् । उनीहरु उद्योग मन्त्रालयमातहतका निकायमा रहँदा कानून व्यवसायीहरुसँग निकट रहेर काम गर्दा बिचौलियाहरुसँग निकट भएर स्वार्थको काम गरेको आरोप लाग्ने गरेको थियो । बिचौलियाहरुकै योजना र रोजाईमा परेर तीनजान उपसचिवहरु मन्त्री सिन्हाको निजी सचिव बन्न सफल भएको चर्चा पनि कर्मचारीहरुले गर्ने गरेका छन् । मन्त्री सिन्हाले उद्योग विभाग हुँदै मन्त्रालयमा भित्रिएका अर्जुनसेन ओलीलाई हाल पर्यटन मन्त्रालयमा सरुवा गरेर निजी सचिवको जिम्मेवारी दिएका छन् ।

उपसचिव सरोज पोखरेललाई भने उद्योग मन्त्रालयको निजी सचिवको जिम्मेवारी दिएका छन् । यी दुवै उपसचिवद्वय पोखरेल र सेन लामो समय उद्योग विभागअन्तरगतको आकर्षक शाखाको जिम्मेवारीमा रहँदा विवादमा तानिएको कर्मचारी स्रोत बताउँछ । यही कारण उद्योग र कम्पनीहरूको कानूनी सल्लाहकार, कम्पनी सचिव भएर काम गरेका कानून व्यवसायीहरूको सेटिङ र प्रभावमा उनीहरूलाई पूर्व न्यायाधीश मन्त्री सिन्हाले आफ्नो निजी सचिव बनाएको दावी कर्मचारी स्रोतले गरेको छ ।

जसकाकारण यी कर्मचारीहरुले घेराबन्दी गरेर सेवाग्राहीहरुलाई मन्त्री सिन्हासँग हतपत्त भेट गर्न नदिने गुनासोहरुसमेत सुनिन्छ । स्वार्थ गाँसिएका साना-ठुला फाइलहरू केही मन्त्री निकट कानून व्यवसायीहरूको सेटिङ र प्रभावमा परेर निजी सचिवहरुले छिटोछिटो प्रस्तुत गर्ने गरेको स्रोत बताउछ । मन्त्रीस्तरीय निर्णय हुने कतिपय फाइलको निर्णय चाहिं स्वार्थ मिलेपछि मन्त्रीलाई भेट गराएर स्वीकृत गर्ने गरेको आरोप लाग्ने गरेको छ । उता, भूमि व्यवस्था मन्त्रालयअन्तर्गतका मालपोत र नापी कार्यालयहरूका कर्मचारीहरूको सरूवा र पदस्थापनमासमेत निजी सचिव भण्डारी हावी हुने गरेको कर्मचारी स्रोत बताउछ ।

सरुवा र पदस्थापन बद्नाम भूमि व्यवस्था मन्त्रालयमा केही सुधार र सुशासनको सुरुवात गरौं भन्ने हुटहुटी भएका मन्त्री इङनामलाई निजी सचिव भण्डारीलगायतका कतिपय रैथाने कर्मचारीहरू फनफनी घुमाउने गरेको चर्चा सुनिन्छ । निजामती प्रशासनमा रहेका यस्ता वैतिथि र कुशासनको अन्त्य गर्न मन्त्री इङनामले हिम्मत गरेको भएपनि कर्मचारीहरू नै अवरोध र बाधक बन्ने गरेको स्रोतले उल्लेख गरेको छ ।


**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीबार हुँदैछ ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार